
# भिक्षु विमलानन्द महास्थविरको जीवनी



धर्मरत्न शाक्य "त्रिशुली"
द्वारा
सम्पादित

Downloaded from http://dhamma.digital/

# भिक्षु विमलानन्द महास्थविरको जीवनी

धर्मरत्न शाक्य "त्रिशुली"
द्वारा
सम्पादित

बुद्ध सम्बत् : २५४९
नेपाल सम्बत् : ११२६
विक्रम सम्बत् : २०६२
इस्वी सम्बत् : २००६

Downloaded from http://dhamma.digital/

प्रकाशक : **लुम्बिनी धर्मोदय समिति**
राजकीय बुद्ध विहार
लुम्बिनी
फोन ५८०१७२

आवरण चित्र : **भिक्षु विमलानन्द महास्थविर**

प्रथम संस्करण : वि.सं. २०६२


प्रकाशित प्रति : १००० प्रति

कम्प्यूटर सेटिङ्ग : अनिलराज जोशी

मुद्रक : **बागमती छापाखाना**
गाबहाल, वनबहाल, ललितपुर
फोन ५५३३८४७

Dhamma.Digital

Downloaded from http://dhamma.digital/



# दुई शब्द

मेरो सपना, कल्पना, बिपना तथा जीवनमा घटेका सत्य घटनाबारे दुइ शब्द पाठक वर्गको अगाडि प्रस्तुत गर्न पाएकोमा खुसी हुनु स्वाभाविक नै हो ।

जीवनमा घटेका घटना लेखिराखेको धेरै समय भइसक्यो । तर मेरो नेपाली भाषा त्यति शुद्ध नभएको हुनाले त्यसमा सम्पादन वा संशोधन गरिदिने विद्वान महानुभाव पाउन धेरै समय लाग्यो । संयोगले एकदिन आफ्नै भाइ तानसेनका सहप्राध्यापक छत्रराज शाक्य भेट हुँदा उनले "भन्ते ! आफ्नो जीवन कथा केही लेख्नुभएको छ कि ?" भनी सोधेको थियो । मैले भनें, "खोइ ! जीवनमा घटेका घटनाबारे लेखेको त छु । तर भाषा शुद्ध गरिदिने फेला परेको छैन । त्यसकारण लेखिराखेको जीवन कथा प्रकाशनमा ल्याउन सकेको छैन ।" "म छँदैछु नि तपाईको भाषा मिलाइ दिने । किन धन्दा मान्नु हुन्छ ? दिनुहोस्, मैले नै शुद्ध गरिदिउँला । तपाईको जीवनमा घटेका घटना हेरेर पाठकवर्ग खुसी हुनेछन् र यो एउटा आदर्शको पनि काम हुनेछ" भन्यो ।

डेढ दुई महिना पछि संशोधन भएको जीवन कथा पाएपछि कम्प्यूटरमा टाइप गर्न केही महिना लाग्यो । यसमा पनि केही शुद्धिकरण गर्न ढिलो भइरहेको बेलामा त्रिशुलीका धर्मरत्न शाक्य भिक्षु मैत्रीज्यूको अध्यक्षतामा स्थापित "अन्तर्राष्ट्रिय बौद्ध समाज केन्द्र" मा आएर बस्नु भएको अवस्थामा भेट भयो । उहाँले पनि "भन्ते ! तपाईको जीवनी लेख्ने समय भयो । ७७ वर्षमा अभिनन्दन गर्ने समय पनि भैसक्यो होला ।" भन्ने कुरा उठाउनु भयो । त्यतिबेला "कम्प्यूटरमा पनि केही टुटफुट छ । त्यसलाई राम्रोसँग हेरिदिने व्यक्ति नपाएकोले लेखेको जीवनी त्यसै थन्काइ राखेको छु" भने । उहाँले "हुन्छ त त्यसोभए मैले सकेसम्म प्रयास गरेर माष्टरकपि जस्तै तुल्याई तपाईको हातमा सुम्पिदिनेछु ।" भनी मलाई आश्वासन दिई सो जीवन कथा लैजानुभयो । एक महिना पछि म काठमाडौं जाँदा उहाँले पुनः टाइप गरी माष्टरकपि बनाई डिस्केट् समेत बुझाई दिनुभयो । अब यो प्रकाशनमा ल्याउन के कसो गर्ने भन्ने सोच्दै थिएँ । किताब प्रकाशनमा ल्याउन कुनै दातासँग सहयोग माग्न मनमा हिच्किचाहट भैरहेको थियो । अनागारिका दुइजना र आफु समेत तीनजना मिली धर्मकार्य अथवा धर्म प्रचारको लागि भनी सानो अक्षयकोष राखेको झसक्क सम्झना आयो । अनि त्यसैबाट केही रकम निकाली यो जीवनी प्रकाशनमा ल्याउन सल्लाह गरें । यसरी यो जीवनी प्रकाशनमा ल्याउन पाएकोमा अनागारिका धम्मावती र अनागारिका सुजातालाई हार्दिक धन्यवाद छ । साथै सहप्राध्यापक छत्रराज शाक्य र धर्मरत्न शाक्य 'त्रिशुली' दुवैलाई यो आकारमा पुस्तक निकाल्न आफ्नो अमूल्य समय दिनुभएकोमा म दुवैप्रति हार्दिक रूपले आभारी छु । साथै यसलाई



Downloaded from http://dhamma.digital/

प्रेसमा दिन, पेजिङ्ग र फोटो स्क्यानिङ्ग गरी प्रेसको सम्पूर्ण अभिभारा लिई पुस्तकलाई स्तरीय तुल्याई प्रकाशन व्यवस्था गरिदिनु भएकोमा समेत आयुष्मान भिक्षु मैत्रीलाई पनि धन्यवाद नदिई रहन सक्दिन ।

अन्तिम समयमा आइ मेरो जीवन सम्बन्धित यो कथाका भाषा अझ परिमार्जन गर्ने काममा भरमग्दुर कोशिस गरेका मेरा भाइ ज्ञानकाजी शाक्यलाई पनि साधुवाद छ । भान्जा कविन्द्र बहादुर वज्राचार्यले पनि यस पुस्तक प्रकाशन हेतु धेरै कष्ट सहनु परेको छ, उनलाई पनि हृदयदेखि धन्यवाद छ ।

आमाको कोखबाट जन्मी दुइहप्ता पछि आमाले सदाको निम्ति त्यागेका अनाथ बालक म ८ वर्षसम्म लाटो र सन् १९४३ मा भिक्षु बन्नको निम्ति घरबाट बुटवल, अनि त्यहाँदेखि नौतनवासम्म पैदल भागेर गएको प्रयास बिफल भएपनि केही वर्ष पछि फेरि सन् १९४५ मा भागेर गई भिक्षु अमृतानन्दज्यूलाई कलकत्तामा भेट्टाई उहाँसँग श्रीलंकामा गई सन् १९४६ को जनवरीमा श्रीलंकाको वजिराराममा मेरो मनको आशा अनुरूप श्रामणेर भई अभिनिष्क्रमण सफल भएको र अरू भोगेका घटनाहरू पाठकवर्गले अभिरूचीपूर्वक अध्ययन गरेमा केही मात्रामा भए पनि मेरो जीवनको सफलता असफलताहरूसँग परिचित हुनेछन् । मेरो कमी कमजोरीहरूबाट समेत उहाँहरूले केही सिकोस् भन्ने चाहना राख्दछु । अस्तु ।

भवतु सब्ब मंगलम् ।

बुद्ध संवत् २५४९
इ. संवत् २००६

**भिक्षु विमलानन्द महास्थविर**
राजकीय बुद्ध विहार
लुम्बिनी



Downloaded from http://dhamma.digital/

# प्रकाशकको तर्फबाट दुई शब्द

सन् १९७२ सालमा यस लुम्बिनी धर्मोदय समितिका पदाधिकारी अध्यक्ष कवि श्री चित्तधर हृदय, सचिव श्री दयावीर सिंह कंसाकार, कोषाध्यक्ष श्री मणिहर्ष ज्योति कंसाकार तथा श्री आशाराम शाक्यज्यूहरूको सत्प्रयास एवम् आग्रहले गर्दा पूज्य भिक्षु विमलानन्द महास्थविरज्यूलाई मित्रराष्ट्र श्रीलंकाबाट नेपालमा लुम्बिनी धर्मोदय समितिद्वारा संचालित राजकीय बुद्ध विहार लुम्बिनीमा बस्नको लागि अनुरोध भएको थियो । श्रीलंकास्थित वजिराराम बौद्ध विहारमा उहाँले बिसौं वर्षदेखि धार्मिक सेवागर्दै आइरहनु भएको थियो । त्यस बखत श्रीलंकामा सम्पन्न भएको अन्तर्राष्ट्रिय बौद्ध शिखर सम्मेलनमा भाग लिन नेपालको तर्फबाट श्री दयावीर सिंह कंसाकार, श्री मणिहर्ष ज्योति कंसाकार तथा श्री आशाराम शाक्यज्यूहरू जानु भएको थियो । सोही समयमा पनि छलफल हुँदा लुम्बिनीमा पनि स्वदेशी तथा अन्तर्राष्ट्रिय विदेशी पर्यटकहरूको आउने सम्भावना तथा भिक्षुहरूको आवश्यकता महशुस गरी उहाँहरूले अनुरोध गरी पूज्य भिक्षु विमलानन्द महास्थविरज्यू धार्मिक सेवाबाट अभिप्रेरित भई सन् १९७२ देखि नै लुम्बिनी राजकीय बुद्ध विहारमा स्थायी रूपमा बसी आउनु भएको हो । साथै सो समयमा भिक्षु अनिरुद्ध महास्थविरज्यू पनि लुम्बिनी बुद्ध विहारमा नै बस्नु हुन्थ्यो ।

तत्कालीन समयमा लुम्बिनी भैरहवाबाट करीब २४ कि.मी. को बाटोमा पिच सडक (पक्कि बाटो) नभएको हुँदा यात्रुहरू पैदलयात्रा गरी आउने जाने गर्नु पर्दथ्यो र यातायातको सुविधा नभएकोले यात्रा कठिन थियो । साथै बिजुली, टेलिफोन सेवा र खानेपानीको समेत अभाव थियो भनी उहाँ भिक्षुज्यूले हामीलाई भन्नुहुन्थ्यो । समयको क्रमसँगै लुम्बिनीको विकासका लागि अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग हुँदै आएको र लुम्बिनी विकास समितिको उपाध्यक्ष श्री लोकदर्शन बज्राचार्यज्यूको कार्यकालको समयदेखि क्रमश: विकासको गतिविधि अगाडि बढ्दै आएको थियो ।

भिक्षु विमलानन्द महास्थविरज्यूले विभिन्न बौद्ध धर्मको ग्रन्थहरू साथै आफ्नो जीवनी पनि लेखिराख्नु भएको थियो । विविध कारणले सो ग्रन्थ तथा जीवनका कथाहरू प्रकाशित हुन नसकेकोमा उहाँको जीवनमा भएको अनुभवको सँगालो पुस्तकको रूपमा प्रकाशित गर्न हामीले प्रयास गरेका छौं । यथार्थमा भिक्षु जीवनको लागि उहाँको त्याग, आफ्नो जीवनको लक्ष हासिल

गर्न गर्नुभएको कठोर प्रयासबारे पुस्तक अध्ययन गर्दा पाठकहरू लाभान्वित हुनेछन् । साथै उहाँको लुम्बिनी प्रतिको श्रद्धा बितेका तीतामीठा अनुभवहरू, विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वहरूसँग घुलमिल हुन सक्ने गुण र लुम्बिनीको विकासप्रति पुऱ्याउनु भएको सेवालाई हामीले अनुकरणीय शिक्षाका रूपमा लिएका छौं । प्रस्तुत पुस्तक हामीले पूज्य भिक्षु विमलानन्द महास्थविरको स्वीकृतिले लुम्बिनी धर्मोदय समितिको तर्फबाट प्रकाशित गर्न पाएकोमा उहाँप्रति हार्दिक कृतज्ञता जाहेर गर्दछौं ।

**श्री रत्नमान शाक्य**
उपाध्यक्ष
**लुम्बिनी धर्मोदय समिति**
राजकीय बुद्ध विहार



Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# गणमहाबिहार

## Ganamahavihar (Buddhist Monastery)

गणबहाल, काठमाडौं, Ganabahal, Kathmandu

स्थापना २०२०, Estd. 1963

श्रद्धेय भिक्षु विमलानन्द महास्थविर
राजकीय बुद्ध विहार, लुम्बीनी

मिति Date : २०१२-२-८

विषय (Sub.) : **शुभ-कामना**

आयुष्मान भिक्षु विमलानन्द महास्थविरलाई म धेरै वर्ष देखि चिन्छु। म बुद्ध धर्म अध्ययनार्थ श्रीलंकाको राजधानी कोलम्बो शहरमा अवस्थित प्रसिद्ध विहार वजिरारामया हुँदा हामी दुवै सँगै अध्ययन गरेका थियौं। दिवंगत भिक्षु अमृतानन्द महास्थविर पनि त्यहिं अध्ययन गर्नुभएको थियो। हामी तिनै जना दिवंगत अग्गमहापण्डित पी. वजीरञाण महानायकका शिष्यहरु भई बुद्ध धर्म र भिक्षु उपसम्पदा समेत प्राप्त गरेका थियौं। छ दशक भन्दा बढि समय बुद्ध धर्ममा समर्पित हुनु भएका विमलानन्द महास्थविर ज्यूको आज आफ्नो जीवनको ७७ वर्ष पूरा भएकोमा मलाई धेरै खुसी लागेको छ। वहाँको सु-स्वास्थ्य, दिर्घायुको मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

भिक्षु सुबोधानन्द महास्थविर
संघनायक
अखिल नेपाल भिक्षु महासंघ
गण महाविहार

पो. ब. नं. : १५१४२, केपिसि नं ९२०, गणबहाल, काठमाडौं, नेपाल। फोन नं. : ४-२५३४५४, फ्याक्स नं. : ००९७७-१-४२३१४०२
G. P. O. Box 15142, KPC No. 920 Ganabahal, Kathmandu, Nepal. Tel No. 4-253454, Fax No. : 00977-1-4231402



Downloaded from http://dhamma.digital/

रा. जि. प्र. का. का. स. द. नं. ४८३/०५७ फोन नं. : ४८२९८४

"सुखा सङ्घस्स सामग्गी"

# अखिल नेपाल भिक्षु महासंघ

## (ALL NEPAL BHIKKHU ASSOCIATION)

Vishwa Shanti Vihara, Kathmandu

(स्थापित: सम्वत् २००७)



मिति ____________

## हार्दिक शुभकामना

भिक्षु विमलानन्द महास्थविरको ७७ औं वर्षको सुखद जन्म दिवसको उपलक्ष्यमा उहाँको जीवन चित्र सम्बन्धित विविध सामग्री समावेश गरी पुस्तक प्रकाशन हुन लागेको कुरा सुन्दा हर्ष लागेको छ ।

श्री मतिना काजी शाक्य आफ्नो जन्मथलो तानसेनबाट महानायक आचार्य स्व. भिक्षु अमृतानन्द महास्थविरको प्रेरणा र व्यवस्थामा श्रीलंकामा जानु भई वजिरराम विहारमा वि. सं. २००२ मा श्रामणेर हुनु भयो, साथै वि. सं. २००८ मा आनन्दकुटी विहार, काठमाडौंमा उपसम्पदा ग्रहण गर्नु भई भिक्षु विमलानन्द बन्नु भएको थियो। श्रीलंकामा ३० वर्ष बस्नु भई वि. सं. २०३५ मा नेपाल फर्कनु भई लुम्बिनी राजकीय बुद्ध विहारमा आवासिय भिक्षुको रूपमा आज सम्म बस्दै आउनु भएको छ । ३ दशक भन्दा बढी समय देखि लुम्बिनीमा बस्नु भई निःशुल्क स्वास्थ्य सेवा संचालन र शाक्यमुनि विहार को स्थापना, लुम्बिनीको संरक्षण एवं विकासमा महत्वपूर्ण सहयोग, सेवा गर्दै आउनु भएको छ, लुम्बिनी विकास कोषको उपाध्यक्ष भएर पनि वि. सं. २०५२-५४ मा लुम्बिनीको सेवा गर्नु भयो।

आफ्नो जन्मनगरी तानसेनमा श्री महाबोधि विहारको स्थापना एवं बुद्ध धर्म प्रचार-प्रसार गर्नु भई र नेपालमा नै बुद्ध शासनिक क्षेत्रमा ठूलो अति महत्वपूर्ण योगदान दिनु भएको छ ।

प्रकाशित पुस्तकले उहाँको गृहस्थी एवं भिक्षु जीवनको गहकिलो अनुभवलाई प्रकाशमा ल्याउने छ र पाठकहरू लाभान्वित हुने छ भन्ने आशा लिएको छु।

भिक्षु विमलानन्द महास्थविरको ७७ औं जन्म दिवसको सुखद उप-लक्ष्यमा प्रकाशित हुने पुस्तक र लुम्बिनीमा आयोजना हुने धार्मिक कार्यक्रमको पूर्ण सफलताको कामना सहित, उहाँको जीवनमा सुख-शान्ति प्राप्त होस् भनी सुस्वास्थ्य र दीर्घायुको मंगलमय शुभकामना व्यक्त गर्दछु।

भवतु सब्ब मंगलं

अध्यक्ष

(हस्ताक्षर)

आचार्य भिक्षु कुमार काश्यप महास्थविर

प्रधान कार्यालय : विश्व शान्ति विहार, मीनभवन, नयाँ बानेश्वर, P.O. Box 8973 NPC 327, काठमाडौं, नेपाल ।
फोन : ४८२९८४, फ्याक्स : ४८२२५०
E-mail : vishwa@mtc.net.np



Downloaded from http://dhamma.digital/

नमो तस्स लोकहितस्स तथागतस्स
NAMO TASSA LOKAHITASSA TATHAGATASSA

फोन नं. ४८२९८४

# विश्व शान्ति विहार
# VISHWA SHANTI VIHARA

मीनभवन, काठमाडौं, नेपाल
(स्थापना ...)

मिति:
Date: २०६२ वैशाख २८

## मंगल-कामना

श्रद्धेय भिक्षु विमलानन्द महास्थविरज्यूको ७७-औं जन्म दिवसको अवसरमा २०६२ ~~जेष्ठ~~-पूर्णिमाका दिन प्रकाशन हुने गरी वहाँको आत्मकथा सम्बन्धी जीवनी पुस्तक लुम्बिनी धर्मोदय उपसमितिले प्रकाशनमा ल्याउनु सुखद् कुरो हो । यो देखेर खुशी पनि लागेको छ । कदर योग्य व्यक्तिहरूको कदर यथासमयमै हुनु सुहाउँदो कुरो हो ।

"एक संस्मरण" मतिनाकाजी शाक्य : वर्तमान भिक्षु विमलानन्द महास्थविरज्यू । को जीवनी सम्बन्धी आत्मकथाको रोचक ढंगको पुस्तक सरसरति हेर्ने मौका पाएँ ।

बाल्यकालदेखि नै वैराग्य भावना बोकेर मरणलाई समेत परास्त गरी बुद्ध-शासनमा प्रव्रजित भई बुद्ध-शासनिक क्रियाकलापमा समर्पित हुन चाहने वहाँको श्रद्धा र मनोकांक्षा निकै नै छटपटाउँदो किसिमको छ । त्यसका लागि वहाँले गर्नुभएको पटक पटकको संघर्ष मननीय छ । इच्छा भए पछि जुन सुकै काम पनि पुरागर्न सकिँदो नै रहेछ । त्यो बेलामा मानिसले जस्तोसुकै दुःख कष्ट पीडा र बाधा अड्चनहरूको पनि सामना गर्न पछि नहट्ने प्रण गर्दो रहेछ । यस्तो किसिमको दृढ चरित्र मतिनाकाजीमा पनि पलेको रहेछ । आखिरमा वहाँ सफल पनि हुनु भयो ।

श्रामणेर विमलानन्द; भिक्षु विमलानन्द र महास्थविर विमलानन्दको रूपमा रही बुद्ध-शासनलाई वहाँले आफूले सक्दो रूपमा योगदान दिँदै आइरहनु भएको छ । श्रीलंकामा तीन दशक जति समय बिताई जुन किसिमको काम वहाँले गरेर देखाउनु भयो त्यसपछि ई.स १९७२ देखि आजसम्म यात्री अरुहरु सम्यक्सम्बुद्ध तथागत बुद्धको पवित्र पावन जन्मस्थल पुण्यभूमि लुम्बिनीमा खाना पानी बास दिई जनसेवा लागि हरपा आएर जस्तो किसिमको सेवा, सहयोग र योगदान वहाँले पुऱ्याएर आउँदै रहनु भएको छ त्यसको प्रशंसा एवं सराहना जति गरे पनि नपुग नै रहन जान्छ । कम श्रद्धा, कम धैर्य, कम सहनशीलता, कम लगनशीलता, कम साहस, कम उत्साहले त्यो काममा हात हाल्न असम्भव प्राय नै छ । अति दुष्कर त अवश्य पनि मान्नुपर्दछ ।

यसरी आफ्नो सारा जीवन नै बुद्ध-शासनिक क्रियाकलाप र सामाजिक सेवा तथा विभिन्न क्षेत्रमा विविध योगदान पुऱ्याउँदै त्यस सन्दर्भमा पनि विशेषतः लुम्बिनीको चौतर्फी विकासको निमित्त अथक समर्पित एवं दत्तचित्त भइ लागिरहनु भएको वहाँको जीवन अति प्रशंसनीय, सराहनीय एवं अविस्मरणीय रहेको छ । वहाँ अझ पनि निरोगी, स्वस्थ, दीर्घायु जीवन प्राप्तगरी अगाडी बढ्दै जानसक्नु भन्ने शुभकामना तथा मंगलकामना व्यक्त गर्दछु ।

चिरं जीवतु सो विमलो ; सुखी होतु दीघायुको ।
जयतु सासनं च ; रक्खतु सुभूमि लुम्बिनी ॥

विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर
गोल

- भिक्षु ज्ञानपूर्णिक महास्थविर

Vishwa Shanti Vihara, 465 Ekadanta Marga, Meenbhawan Ward No. 34, New Baneshwar, P. O. Box: 8973 NPC 327, Kathmandu, Nepal
Phone: 977-1-482984, Fax. 977-1-482250, E mail: vishwa@ntc.net.np



Downloaded from http://dhamma.digital/

# जिं म्हस्यूम्ह विमलानन्द भन्ते



विमलानन्द भन्ते धाय्‌वं अपालं मनूतय्‌सै म्हस्यू वस्पोल श्रीलंकाय्‌ नं त:सकं नामिज्यू । वस्पोल श्रीलंकाया नागरिक जुया श्रीलंका व नेपालं तीर्थ यात्रा वोपिन्त यक्व सेवा याना बिज्यागु दु । वस्पोल श्रीलंकाय्‌ वनागु वस्पोलं जिमित आपालं गुहाली याना चाहिका बिज्यात । वस्पोल छम्ह अन भि मनू दुगुलिं वस्पोलं याना जिपिं अन याउँक चाहिलय्‌ खन । थ्व २०२८ साल पाखे अनं वस्पोल नेपायागु व लुम्बिनी यागु मायां साला का:गुलि अनया नागरिक तोता बिज्याना नेपा:या नागरिक जुया बिज्यात । वस्पोल छगू जन्मे हे स्वको नागरिक कया बिज्याम्ह ख: । न्हापा नेपालय्‌ जन्म जुल नेपा:या नागरिक काल । अनं श्रीलंकाय्‌ नागरिक कया अन बुद्ध शासन व नेपालं वोपिनि सेवा याना बिज्यात । अनं हानं श्रीलंकाया नागरिक तोता नेपा:या नागरिक कया नेपा: व लुम्बिनीया सेवा याना बिज्यात । वस्पोल छम्ह थ:त दान प्राप्त जूगु बी न्ह्याम्ह भन्ते ख: । वस्पोल आ ७८ दँ पूवनीगु जुल । वस्पोल छम्ह बुद्ध शासनया सेवक व परउपकारी ख: । वस्पोलया आयू आरोग्य ज्वीमा धयागु कामना याना ।

**धम्मावती साशनध्वज धम्माचारिया**
**अग्ग महाग्रन्थ वाचक पण्डित**
धर्मकीर्ति विहार, श्रीघ: नघ:
काठमाडौं, नेपाल ।



Downloaded from http://dhamma.digital/

रजिष्टर्ड नं. ६५४/०४१/४२

बुद्धं शरणं गच्छामि

**बौद्ध महिला संघ, नेपाल**

**BUDDHIST WOMEN'S ASSOCIATION, NEPAL**

पत्र संख्या

मिति ..............................

२०६३।१०।०५

## हार्दिक शुभ कामना !

भगवान गौतम बुद्धको जन्म–भूमि लुम्बिनीमा श्रद्धेय भिक्षु विमलानन्द महास्थविरज्यू २० वर्ष भन्दा बढी बस्नु भई निरन्तर त्यस पवित्र स्थलको सेवामा लाग्नु भयो । उहाँ "लुम्बिनी धर्मोदय समिति" का धर्मानुशासक तथा "लुम्बिनी विकास कोष" को पूर्व उपाध्यक्ष हुनु हुन्छ ।

श्रद्धेय भिक्षु विमलानन्द महास्थविरज्यूको ७० औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा उहाँको सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दछु ।

(हस्ताक्षर)

– सुश्री गानीमैंया मानन्धर
अध्यक्ष
बौद्ध महिला संघ, नेपाल

Dhamma.Digital

बुद्ध विहार भृकुटी मण्डप, काठमाडौं, नेपाल, फोन [illegible]
सम्पर्क कार्यालय: ज्योति भवन कान्तिपथ, पो.ब.नं. १३६, काठमाडौं, नेपाल, फोन [illegible] इमेल: [illegible]



Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# श्रद्धेय भन्ते विमलानन्द महास्थविरया ७७ दँ पुला ७८ दँ क्योंगु शुभ उपलक्ष वसपोलया सुस्वास्थ्य व दीर्घ जीवनया शुभकामना तथा अभिनन्दन

श्रद्धेय भन्ते,

छलपोल बाल्य जीवनं निसें बुद्ध शासने च्वना काषाय वस्त्र पुना भगवान बुद्धं कना बिज्यागु सद्धर्म थ:मनं पालन याना उपासकपिन्त नं उपदेश बिया श्रीलंकाय् वजिराराम महाविहारे अध्ययन प्रव्रज्या संवर ग्रहण याना श्रीलंकाया राजधानी कोलम्बो नगरया मर्दावाय् च्वंगु महाबोधि सोसाइटीया विहारे विराधिपति जुया सेवायाना बिज्याना च्वंगु नं जिमि थौंथे लुमनि ।

सन् १९७२ स श्रीलंकाय् जूगु बौद्ध विद्वानपिनिगु अन्तर्राष्ट्रिय सम्मेलनय् बुद्धभूमि नेपालया पाखें स्व. श्री मणिहर्षज्योति साहुजु व जि वयागु बले छ:पिं नापलाना छ:पिन्त लुम्बिनीस्थित बुद्ध विहारया अधिपति जुया लुम्बिनी बिज्याय् माल धका जिमिसं अनुरोध यानागु यात सहर्ष स्वीकारयाना लुम्बिनी बुद्ध विहारय् बिज्याना लुम्बिनी बुद्धया जन्मभूमि दर्शन यायेत वइपिं संसारयापिं समस्त बौद्ध मित्रपिन्त लुम्बिनी धर्मोदय समितिया पाखें मा:गु स्वागत व अतिथ्य प्रदान याना बिज्यानाच्वंगु नं नेपालया बौद्ध मात्र यात गौरवया खँ ख: ।

भगवान बुद्धं उजंदयेका बिज्याथें थ्व संसार पलपल हिलावना च्वनीगु व छु न उत्पाद जूगु नित्य मजूगुथें छ:पिनं ७७ दँ फुना ७८ दँया प्रवेश जुया बिज्यागु नेपायापिं समस्त बौद्धपिन्त तस्सकं कृतज्ञता व लय्ताया खँ ख: ।

छ:पि थथे यक्वो बुदिं न्यायेके दयेमा धका छ:पिनिगु सुस्वास्थ्य व मंगल कामना याना थ्व अभिनन्दन देछायागु जुल ।

चिरं टिठ्ठतु सद्धमो लोकोहोतु सुखी सदा
भवतु सब्ब मंगलम् ।

छ:पिनिम्ह विनीत उपासक
**प्रा. आशाराम शाक्य**

**वैशाख ७ गते २०६२**



Downloaded from http://dhamma.digital/

# शुभ कामना

मान्छे जन्मिएपछि पृथ्वीमा पाइला टेक्न थाल्दछ र हुर्कंदै जान्छ । अनि उसले आफ्नो जिन्दगीको बारेमा सोच्न थाल्दछ । जब ऊ आफ्नो भविष्यको बारेमा चिन्ता गर्न खोज्दछ तब उसले आफ्नो जीवन यात्राको गोरेटो पहिल्याउँदै एउटा लक्षमा पुग्नको लागि कर्तव्यले पनि समाउन थाल्दछ । हो, त्यही कर्तव्य भनेको मान्छेको यौटा संघर्ष हो जहाँ मान्छेहरू पसिना बगाएर परिश्रम गर्ने गर्दछन् र सुन्दर भविष्यको एउटा परिकल्पना भित्र चुर्लुम्म डुब्दछन् ।

विमलानन्द महास्थविरको ७७ वर्ष पुगेको उपलक्ष्यमा सुख समृद्धिको बृद्धि होस् भनि मंगल कामना गर्दछु, साथसाथै उहाँको सम्पर्कमा आएको इ. सन् १९४२ (साठी वर्ष अगाडि) हो; त्यो बेला भिक्षु अमृतानन्दले नेपालमा यौटा बौद्ध स्कूल स्थापना गर्ने इच्छा गर्नुभएको थियो; त्यही सिलसिलामा मलाई श्रीलंकामा लगेर तालिम दिलाउने विचारले मलाई काठमाडौंबाट लुम्बिनी र लुम्बिनीबाट हिंडेरै बुटवल पुगेका थियौं । त्यही बेला विमलानन्द र उहाँका अन्य परिवार सदस्यहरूसँग पहिलो सम्पर्क भयो । त्यसबेला हामी श्रीलंका जाने कुरा जानेर तत्कालिन मतिनाकाजी (हाल विमलानन्द)ले पनि हामीसँगै श्रीलंका गएर अध्ययन गर्ने विचार गर्नुभएथ्यो तर भिक्षु अमृतानन्दले उहाँलाई सँगै लान परिस्थितिवश सक्नु भएन र हामी मात्र श्रीलंका जाने सिलसिलामा कलकत्ता पुग्यौं । कलकत्तामा महाबोधि सोसाइटीमा हामीहरू बसी राखेका थियौं, त्यहीबेला मतिनाकाजी तानसेनबाट अनेक जुक्ति गरेर कलकत्ता आइपुग्नु भो । यसरी मतिनाकाजीको दृढ संकल्प देखेर भिक्षु अमृतानन्दले उहाँलाई पनि श्रीलंका सँगै लाने व्यवस्था गरिदिनुभो । हुनत त्यसबेला श्रीलंका जान आजको जस्तो पासपोर्ट, भीसा लिनुपर्ने झन्झट थिएन, कारण श्रीलंका पनि अंग्रेज सरकारकै अधिनमा थियो । यसरी हामी सबै मतिनाकाजी सहित कोलम्बो प्रस्थान गऱ्यौं र वजिराराम विहार बमबलपिटिय कोलम्बो पुग्यौं । वजिराराम विहारबाट भन्ते विमलानन्दले वजिराराम महानायक थेरोबाट श्रामणेर प्रव्रज्या प्राप्त गर्नुभाथ्यो । त्यसबेला द्वितीय विश्वयुद्ध चलेको हुँदा सामान किनमेल गर्न रासन कार्डको अति जरूरी थियो, पैसा भएर मात्र पुग्दैनथ्यो । श्रीलंकाको नागरिक नभएकोले हामी वजिराराममा नै बस्यौं । तर खानापिनाको लागि रासन कार्ड नभएकोले दु:ख सहनु पऱ्यो तापनि भिक्षुहरूलाई प्राप्त दानबाट हामीले गुजारा गऱ्यौं । यस्तो भए तापनि हामी भीसा हासिल गर्ने दृढ संकल्पका साथ गएको हुनाले वजिराराम महानायक भन्तेले हामी दुवैलाई भिक्षु भएर शिक्षा हासिल गर्ने

सल्लाह दिनुभो । भिक्षु भो भने अरू दैनिक जीवनको कठिनाई हटी सुविधा हुने थियो तर भिक्षु अमृतानन्दले मलाई भिक्षु बनाउने ईच्छा गर्नु भएन, कारण त्यसबेला नेपालमा थेरवाद भिक्षुहरू थोरै थिए र उहाँहरूको जीवन पनि पूर्ण अनुशासनमा बस्नु पर्ने हुन्थ्यो र अन्य बाह्य्य कार्यक्रममा भाग लिन पाईदैनथ्यो । त्यही कारणले यदि म पनि भिक्षु भयो भने नेपालमा उहाँको योजना अनुसार शिक्षक बनाउन नसकिने भएकोले मलाई भिक्षु बन्न दिनुभएन र मलाई अर्कै सार्वजनिक स्कूल रावल कलेज माथरमा भर्ना गरिदिनुभो । त्यसबेला भिक्षु अश्वघोष पनि त्यहीं महामतिन्द पिरिवेन बौद्ध पाठशालामा पढ्दै हुनुहुन्थ्यो; त्यसबेला मतिनाकाजी श्रामणेर विमलानन्द भै वजिराराम विहारमै बस्नु भएथ्यो र कोलम्बोमा हाम्रो सम्पर्क छुटेथ्यो । धेरै वर्ष पछि काठमाडौंमा पुनः सम्पर्क भो ।

भवतु सब्ब मंगलं ।

**न्हुछे बहादुर वज्राचार्य**
सहसंस्थापक; आनन्दकुटी विद्यापिठ
स्वयम्भु, काठमाडौं ।



Downloaded from http://dhamma.digital/



# कामना

बुद्ध जन्मभूमि लुम्बिनी अञ्चल पाल्पा तानसेनमा जन्मनु भई बुद्ध शासनको उन्नतिका निम्ति आफ्नो सम्पूर्ण जीवनलाई बुद्ध शासनमा समर्पित गर्नु हुने प्रव्रजित जीवन मात्र ६० औं वर्ष पार गरि सक्नु भएको जन्मले ७७ वर्ष ७ महिना ७ दिनको उमेरमा पदार्पण गर्नुभएका अग्ग महासद्धम्म जोतिक धज नेपालका महानायक र प्रवल गोरखा दक्षिण बाहुबाट विभूषित श्रद्धेय विमलानन्द महास्थविरको सुस्वास्थ्य, दीर्घायु र समृद्धिको साथै बुद्ध शासनिक योगदान अभिवृद्धिको मंगल कामना गर्दछु ।

**शील बहादुर वज्राचार्य**
वरिष्ठ सहायक आचार्य विपश्यना
सचिव : लुम्बिनी धर्मोदय समिति

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# तानसेनको बौद्ध गतिविधिमा भिक्षु विमलानन्दलाई सम्झदा



छत्रराज शाक्य
तानसेन

**१. विषय प्रवेश –**

तानसेन भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनीबाट ८५ कि. मि. उत्तरमा श्रीनगर डाँडाको काखमा अवस्थित मनोरम, ऐतिहासिक एवं जन्मजात बौद्ध शाक्य र वज्राचार्यहरूको बाहुल्य भएको नगरी हो । तानसेन पाल्पामा सेन वंशका राजाहरूका पालादेखि बौद्ध गतिविधिहरू भए गरेका थिए भन्नु पर्दछ । हाल तानसेन नगरमा मात्र ५ वटा बौद्ध विहारहरू छन् । नेपालको नै एउटा प्रमुख बौद्ध केन्द्रको रूपमा तानसेनलाई लिइन्छ । नेपालमा थेरवादी बुद्ध धर्मको विकासमा तानसेन पाल्पाको ठूलो योगदान रहेको छ । नेपालका प्रमुख बौद्ध भिक्षुहरूमध्ये धेरै जसोको जन्म यही तानसेनमा भएको थियो । अन्तर्राष्ट्रिय ख्याती प्राप्त महानायक आचार्य स्व. भिक्षु अमृतानन्द, नेपालको एक मात्र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप, नेपाल भिक्षु महासंघका उपाध्यक्ष धम्माचरिय भिक्षु ज्ञानपूर्णिक, स्व. भिक्षु चुन्द लुम्बिनी विकास कोषका पूर्व उपाध्यक्ष भिक्षु विमलानन्द आदि सबै बौद्ध भिक्षुहरू पाल्पाली नै हुन् ।

**२. मतिनाकाजी शाक्यको बाल्यकाल र गृहत्याग –**

काठमाडौं राजधानीबाट राणाहरू तैनाथवाला, गभर्नर भएर खटिएर तानसेन पाल्पा आउँदा, तिनीहरूकै साथमा धेरै शाक्य, वज्राचार्य बौद्धहरू तानसेन आएर बसोबास गरेका हुन् । उही क्रममा करीब सवा सय वर्ष अगाडि पाटन हःखा टोल निवासी बुद्धिमान शाक्य र पद्ममान शाक्य (लेखकको बाजे) २ जना दाजुभाई तानसेन आएर भिमसेन टोल (हाल अमृतानन्द मार्ग) बसोबास गरे । यिनीहरूको पुर्खौली व्यवसाय सुनचाँदीको गहना बनाउने र व्यापार गर्ने थियो । जेठा बुद्धिमान शाक्यको छोरा मोतिकाजी शाक्य र चन्द्रमाया शाक्यको जेष्ठ सुपुत्रको रूपमा मतिनाकाजी शाक्यको जन्म वि.सं. १९८५ (जुन ५, १९२८)मा भएको थियो । मतिनाकाजी सानो हुँदा नै माता चन्द्रमायाको निधन भएको हुँदा बालक मतिना अनाथ भएको थियो । ७/८ वर्षको उमेर पुग्दासम्म बोलि राम्रोसित फुटेको थिएन, केहि शब्दहरू मात्र अस्पष्ट रूपमा बोल्ने गर्दथ्यो । अभिभावकहरूले बालक मतिनालाई पाल्पाको सत्यवती देवीमा लगेको थियो ।



Downloaded from http://dhamma.digital/

मतिनाको बालककाल धेरैजसो मामा पद्ममान शाक्यको घरमा बितेको, त्यहीं हुर्केको थियो। उहाँको सामान्य शिक्षा तानसेनमा नै भयो। १० वर्षको उमेरमा चूडाकर्म भएको थियो। सन् १९४१ मा बाबुकाजी शाक्य र मतिनाकाजी शाक्यलाई भारतको कुशीनगरमा प्राइमरी स्कूलमा भर्ना गरेका थिए।

सन् १९४४ को एक दिन, केही सुनका टुक्राहरू, हीरा औंठी, नोटको बिटो लिएर घरबाट भागेको र तिनाउनदी किनार भएर पैदल गएर राती नौतनवा पुगेको आफ्नो संस्मरण विमलानन्द भन्तेले अहिले पनि सुनाउनु हुन्छ। तर भोलि बिहानै २ जना मानिसहरू आइपुगी फर्काएर बुटवल ल्याई पुऱ्याएको रहेछ।

सन् १९४५ मा एक वर्षपछि गृहत्याग गर्ने निधो गर्नुभई अलि व्यवस्थित ढंगबाट सोचेर पुनः घरबाट भाग्नु भई कुशीनगर (भारत) पुग्नुभयो। त्यहाँबाट सारनाथ पुग्नुभयो, भिक्षु अमृतानन्द त्यहाँबाट पनि हिंडिसक्नु भएको रहेछ। भिक्षु सुबोधानन्दबाट रू. ५ सापट लिई कलकत्ता पुग्नु हुँदा दाजु भिक्षु अमृतानन्द भेट भएको रहेछ। अमृतानन्द भन्तेले सम्पूर्ण व्यवस्था मिलाई श्रीलंकामा पुऱ्याउनु भयो।

सन् १९४६ फरवरी १६ तारिखमा श्रीलंकाको वजिराराम विहारमा उपाध्यायाचार्य पेलेन श्री वजिरञाण महानायकबाट श्रामणेर हुनुभयो। अब मतिनाकाजी श्रामणेर विमलानन्द हुनुभयो।

### ३. भिक्षु विमलानन्दको २० वर्ष श्रीलंकामा

श्रीलंकामा श्रामणेर हुनुभई केही समयपछि उहाँ नेपालमा फर्कनु भयो। सन् १९५१ नवेम्बर १३ मा आनन्दकुटी विहार स्वयम्भूमा भिक्षु कोविद महास्थविरको उपाध्यायत्वमा उपसम्पदा ग्रहण गर्नुभई भिक्षु बन्नुभयो। त्यही वर्ष वि. सं. २००८ मा पुनः श्रीलंकामा जानुभयो। कोलम्बोको वजिराराम विहारमा ६ वर्ष बस्नुभयो। बुद्धधर्मको अध्ययन गर्नुभयो। कसीण भावनाको अभ्यास गर्नुभयो। अध्ययन समाप्त गर्नु भएपछि उहाँले समय समयमा अनुराधापुरमा आइतवारमा चल्ने विद्यालयमा (Sunday School) विद्यार्थीहरूलाई बुद्धधर्म विषयमा पढाउनु भयो। अनुराधापुरमा वजिराराम विहार अन्तर्गत भण्डरनायक मावटस्थलमा सबैको सहयोग लिनुभई ३५ फुट अग्लो सिमेन्टको भगवान बुद्धको मूर्ति निर्माण गर्न लगाउनु भयो। धेरै लामो समयसम्म उहाँले अस्पतालमा भर्ना भएका रोगीहरूलाई आवश्यक वस्तुहरू दिएर साथै अस्पतालबाट बिदा हुँदा (Discharged) गरीब असहायलाई आर्थिक सहयोग पनि गर्नुहुन्थ्यो। बिरामीहरूलाई भगवान बुद्धका उपदेश सुनाएर मंगल कामना गर्नुहुन्थ्यो। यसको साथै श्रीलंकाको विभिन्न शहर र गाउँहरूमा गएर बुद्धधर्मको प्रचार प्रसार कार्यमा प्रशस्त समय दिनुहुन्थ्यो। यस प्रकारको सेवाले उहाँ सिंहली जनता बीच निकै लोकप्रिय नेपाली भिक्षु बन्नुभयो। यसरी उहाँ सामाजिक सेवामा पनि निस्वार्थ भावले लाग्नु भएको थियो।



Downloaded from http://dhamma.digital/

## ४. भिक्षु विमलानन्द – लुम्बिनीको विकासमा

श्रीलंकामा करीब २० वर्ष बस्नु भई वि. सं. २०२९ मा भिक्षु विमलानन्द नेपाल फर्कनु भयो । धर्मोदय सभा र अन्य बौद्ध संस्थाहरूको आग्रहमा उहाँ लुम्बिनी राजकीय विहारमा आवासीय भिक्षुको रूपमा बस्न थाल्नु भयो । त्यसबेलासम्म पूर्व संघनायक स्व. भिक्षु अनिरुद्ध महास्थविर लुम्बिनी विहारमा लामो समयसम्म बस्नु भई लुम्बिनीको विकासमा महत्त्वपूर्ण सेवा गर्दै आउनु भएको थियो । अब उहाँले गर्दै आउनु भएका कार्यहरू भिक्षु विमलानन्दले गर्न थाल्नुभयो । देश विदेशबाट लुम्बिनीमा आउनु हुने बौद्ध भिक्षु, विद्वान, उपासक, उपासिकाहरूलाई धर्मशालामा आवास व्यवस्था साथै भोजनको व्यवस्था समेत गरि दिनु हुन्थ्यो । काठमाडौं, तानसेन, बुटवलबाट आउनु हुने उपासक उपासिका, ञातिवन्धुहरूलाई हेर्नुहुन्थ्यो । आफूले दान प्राप्त गरेका वस्तुहरू पुनः अरूलाई दान, वितरण गर्नुहुन्थ्यो ।

श्रीलंका, बर्मा, थाइलैण्ड र अन्य देशहरूबाट भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी दर्शन गर्न आउने तीर्थयात्रीहरूलाई राजकीय बुद्ध विहारमा शील प्रदान गर्नुहुन्थ्यो, सिंहली र अन्य भाषामा बुद्धका उपदेशहरू सुनाई बुद्धधर्म प्रचार गर्ने कार्य विगत ३३ वर्षदेखि गर्दै आउनु भएको छ । वि. सं. २०५५ देखि २०५८ सम्म लुम्बिनी विकास कोषको कोषाध्यक्षको रूपमा सेवारत हुँदा बराबर राजकीय बुद्ध विहारमा गइराख्दथें । श्रीलंका, थाइलैण्डका तीर्थयात्री टोली धर्महलमा जम्मा हुँदा बुद्धधर्म र लुम्बिनी विषयमा मलाई जानकारी दिन भन्नुहुन्थ्यो, पटक पटक जानकारी दिने, बोल्ने गर्दथे ।

विमलानन्द भन्तेले विहार नजिकै धर्मशाला कक्षहरूमा निःशुल्क स्वास्थ्य सेवा चलाउनु भएको थियो । सो स्वास्थ्य सेवा हाल एम्बुलेन्स सेवा सहित व्यवस्थित ढंगबाट नवनिर्मित शाक्यमुनि विहारमा संचालन गर्नुभएको छ ।

सिंगापुरका दाता सोनम सदीको आर्थिक सहयोगमा, आफूले जग्गा दान दिई विहार बनाउनु भयो । सो विहारको नाम के राख्ने भनि लुम्बिनीदेखि फोन गर्नुभई सुझाव माग्नु हुँदा मैले "शाक्यमुनि विहार" नाम राख्न सुझाव दिए अनुसार सोही नामाकरण भएको हो । आज सो विहार अतिथि गृह समेतको सुविधा सम्पन्न विहार भएको छ ।

श्रद्धेय विमलानन्द भन्तेले लुम्बिनीमा लामो समयदेखि सेवा गर्दै आउनु भएकोले श्री ५ को सरकारले उहाँलाई वि. सं. २०५३ मा लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा मनोनित गरेको थियो । झण्डै सवा वर्ष जति उहाँले पावनस्थल लुम्बिनीको संरक्षण एवं विकास कार्यमा निस्वार्थ भावले सेवा गर्नुभयो । लुम्बिनीमा जब जब राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, सेमिनार, सम्मेलन हुन्छ, लुम्बिनीमा देखापरेका त्रुटी, कमजोरी र विसंगतिहरूलाई जनसमक्ष राखी सुधार र विकासका लागि राय सुझाव प्रस्तुत गर्नुहुन्थ्यो ।

एक दशक अगाडिसम्म लुम्बिनी आउने देशी विदेशी तीर्थयात्रीहरूको जन्मस्थल मायादेवी मन्दिर र लुम्बिनी राजकीय बुद्ध विहार नै मुख्य दर्शनस्थल थियो । अब लुम्बिनी



Downloaded from http://dhamma.digital/

गुरुयोजना अन्तर्गत विहार क्षेत्र (Monastic Zone) मा बर्मा, थाइलैण्ड, भारत, जापान, कोरिया, चीन, भियतनाम, जर्मनी, श्रीलंका र नेपालका आ-आफ्नो शैलीमा धेरै बौद्ध विहारहरू, गुम्बाहरू, चैत्यहरू निर्माण भएको हुँदा धेरै दर्शनीयस्थलहरू भएका छन् । आजकाल विभिन्न देशहरूबाट आउने तीर्थयात्रीहरू आ-आफ्नो देशको विहारहरूमा बस्ने गर्दछन् ।

## ५. तानसेनको बौद्ध गतिविधिमा भिक्षु विमलानन्द

आफ्नो जन्मस्थलको कृतज्ञताभाव स्वरूप पनि माया लाग्नु, केही गरूँ भन्ने भावना हुनु स्वभाविकै हो । श्रीलंका बस्नु हुँदा पनि उहाँ तानसेनमा पटक पटक आउनु भएको थियो । भगवान बुद्धको पवित्र अस्थिधातु श्रीलंकाबाट तानसेन ल्याउनु भई आनन्द विहार ज्ञानमाला संघलाई टुँडिखेल खुलामंचमा वि. सं. २०३० आश्विन २६ मा आयोजित समारोहलाई हस्तान्तरण गरिएको थियो । त्यसबेला, श्रद्धेय शाक्यानन्द भन्तेज्यूको अध्यक्षतामा अस्थिधातु संरक्षण समिति गठन गरिएको थियो । श्रीलंकाबाट फर्किसकेपछि उहाँ काठमाडौं, लुम्बिनी जहाँ भएपनि तानसेनमा बौद्ध कार्यक्रम हुँदा बराबर आउने गर्नुहुन्छ । तानसेनका विभिन्न विहारहरूमा आयोजना हुने धार्मिक कार्यक्रमहरूमा सरल भाषामा धर्मदेशना प्रवचन गर्नुहुन्छ । विभिन्न धार्मिक संस्थाहरूलाई सहयोग गर्नुहुन्छ ।

(क) **श्री महाबोधि विहारको स्थापना** – शायद २०४० सालतिर होला विमलानन्द भन्तेले मसित तानसेनमा एउटा आगन्तुक भिक्षुहरू र अन्यलाई आवास सुविधा भएको बुद्ध विहार बनाउन पाए हुन्थ्यो भन्ने कुरा राख्नु भएको थियो । मैले होलाङ्गदीको बुद्ध विहार निर्माण अधुरो भएको छ सोही विहारको निर्माण कार्य पूरा गरी बनाए राम्रो होला भने । तर भन्तेज्यूले सो ठाउँ नगरबाट टाढा रहेको र अन्य कारणले बजार नजिक बनाउन पाए राम्रो हुने कुरा गर्नु भएको थियो । त्यसपछि लहरेपिपलको जग्गा एउटा च्यूरामील घर समेत भएको खरिद गर्नुभयो र सो ठाउँलाई बुद्ध विहारको रूपमा परिणत गर्ने काम थालनी भयो । लहरेपिपल टोलमा वीर शम्शेरले रोपेको लहरै पिपल बोट भएकोले हामीहरूको आपसी सल्लाह अनुसार श्री महाबोधि विहार नाम राख्ने निधो गर्‍यौं । भन्तेज्यूले लुम्बिनीबाट बराबर फोन गरी ल्याउनु हुन्थ्यो र सोध्नु हुन्थ्यो, विहार निर्माण बारेमा सल्लाह हुन्थ्यो । पहिले कम्पाउण्ड वाल र बीचमा फलामको द्वार निर्माण भएपछि संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविरज्यूबाट मूलद्वार उद्घाटन कार्य वि.सं. २०४१ पौष २४ गते सुसम्पन्न भएको थियो ।

वि.सं. २०४२ श्रावण देखि २०५४ सम्म, भवन निर्माण गर्दा २ वर्ष छाडेर १२ वर्षसम्म वार्षिक ३ महिनाको रूपमा र २०५७ देखि प्रत्येक शुक्रवार बिहान सामुहिक ध्यान अभ्यास विपश्यना हालसम्म अटूट रूपमा वर्ष भरिनै संचालन हुँदै आएको छ । विमलानन्द भन्तेज्यूले प्रारम्भदेखि हालसम्म ध्यान अभ्यासको लागि ध्यान हल उपलब्ध गराउनु भएकोमा विपश्यना ध्यान समूहको तर्फबाट म साधुवाद चढाउन चाहन्छु ।

विमलानन्द भन्तेले लुम्बिनीमा प्राप्त गर्नुभएको दानले महाबोधि विहार भवन निर्माण गर्दै



Downloaded from http://dhamma.digital/

हुनुहुन्छ । जापानको शोटोकु टाइशी काई संस्थाको निर्देशक श्री शुजिमोरी (Rev. Shuji Mori) र अरू १३ जना सहित वि. सं. २०४७ फागुन २९ गते यस विहारमा आउनु भएको थियो । आयोजित कार्यक्रममा विहारको तर्फबाट स्वागत भाषण र गतिविधि प्रतिवेदन मैले प्रस्तुत गरिसकेपछि अंग्रेजीको जापानी भाषामा एकजना जापानीले नै उल्था गर्नु भएको थियो । कार्यक्रम पछि महाबोधि विहार भवन निर्माणको लागि श्री शुजिमोरीले उल्लेखनीय रूपमा आर्थिक सहयोग प्रदान गर्नुभएको थियो ।

विमलानन्द भन्तेज्यूले लुम्बिनीबाट खबर गरे अनुसार महाबोधि विहारमा विदेशी टोली आउँदा धेरै पटक स्वागत एवं प्रवचन कार्यक्रमको आयोजना एवं व्यवस्थापन पक्ष हेरि दिने गर्दथें ।

विहारको रेखदेख र धार्मिक कार्यक्रम संचालन गर्न श्रीमती पूर्ण माया महर्जनको अध्यक्षतामा "बौद्ध महिला समिति" २०४१ मा गठन गरिएको थियो । विमलानन्द भन्तेज्यूलाई संरक्षक र मलाई सल्लाहकारको रूपमा सो समितिमा राखेको छ ।

संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविरको अध्यक्षतामा "विपश्यना ध्यान समूह" यसै विहारमा वि. सं. २०४४ माघ १५ गते गठन गरिएको थियो । त्यसपछि वि.सं. २०४५ मा बौद्ध युवा संघ गठन गरिएको छ ।

विमलानन्द भन्तेबाट स्थापित यो विहारमा विभिन्न धार्मिक कार्यक्रम बराबर संचालन हुँदै आएको छ । गत २०६२ जेष्ठ पूर्णिमा दिन वार्षिकोत्सवमा विमलानन्द भन्तेज्यूको ७७ औं जन्म दिवसको अपलक्ष्यमा बौद्ध महिला समिति र बौद्ध युवा संघले उहाँलाई अभिनन्दन गरेको थियो ।

श्रद्धेय विमलानन्द महास्थविर भन्तेज्यूको तानसेन पाल्पामा बुद्ध धर्म विकास गर्न पुऱ्याउनु भएको योगदानको कदर गर्दै करूणा बौद्ध संघले गत २०६२ भाद्र ५ गते भिक्षु अमृतानन्दको १५ औं स्मृति दिवस र करूणा बौद्ध संघको नवौं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित समारोहमा हार्दिक अभिनन्दन गरेको थियो ।

## ६. भिक्षु विमलानन्द सहृदयी दाजुको रूपमा

विमलानन्द भन्ते श्रामणेर हुनु भएको वर्ष र मेरो जन्म वर्ष एउटै हुन आएको छ, अर्थात् वि.सं. २००३ । श्रीलंकाबाट फर्केर उहाँ ४-५ वर्ष नेपालमा रहनु भयो । तर त्यसबेला म ४-५ वर्षको बालक भएकोले तिनताकको कुरा ख्याल रहेन । वि.सं. २००८ मा श्रीलंका जानु भई बीच बीचमा नेपाल आउनु हुँदा उहाँलाई चिन्ने अवसर पाएँ । त्यसैले उहाँलाई म बालककालदेखि चिन्दछु । उहाँको बाजे स्व. बुद्धिमान शाक्य र मेरो बाजे पद्मराज शाक्य (चिरी ह:खा) दाजुभाई थिए । अत: उहाँ मेरो दाजु हुनुहुन्छ । श्रीलंकाबाट उहाँ २०२९ सालमा नेपालमा फर्कनु हुँदा मैले त्रिभुवन बहुमुखी क्याम्पसमा पढाउन सुरू गरिसकेको थिए । २०२९ देखि नै उहाँसित दाजु भाईको सम्बन्ध, सहृदयी दाजुको स्नेह र नजिकको सम्बन्ध कायम हुँदै गरेको आज ३३ वर्ष भइसक्यो । यो ३३ वर्षको अवधिमा मैले उहाँबाट बुद्धधर्मका उपदेशहरू, उहाँ बाल्यकालदेखि श्रीलंकामा बिताएका जीवन, लुम्बिनीमा बित्दै गएका दिनहरू, सुख दु:खका कुराहरू तानसेन र लुम्बिनीमा राती १०-११ बजेसम्म बसेर सुन्दै गरेको छु, विचार विमर्श



Downloaded from http://dhamma.digital/

गरेको छु । साथै भविष्यमा उठाउनु पर्ने, गर्नुपर्ने विषयहरूमा पनि छलफल हुने गरेको छ । महाबोधि विहार भविष्यमा राम्रो दिगो रूपमा संचालन होस् भन्नाको लागि एउटा गुठी स्थापना गर्न पाए बेस हुने कुरा गर्नुहुन्छ ।

आदरणीय दाजु विमलानन्द भन्तेसँगको लामो उठबसले उहाँलाई धेरै नजिकबाट चिन्ने अवसर पाएको छु । श्रद्धेय विमलानन्द भन्ते निराभिमानी, स्वच्छ एवं सरल हृदयको हुनुहुन्छ । लुम्बिनी विहारमा आफूलाई भेट्न आउने जो कोहीलाई पनि केही न केही वस्तु श्रीलंका बाम, साबुन, पेष्ट आदि दिएर पठाउने उहाँको आदत नै भइसकेको छ । केही न केही ख्वाउनु हुन्छ । आवश्यक परेकालाई आर्थिक सहयोग पनि गर्नु हुन्छ । लुम्बिनीमा उहाँलाई भेट्न जाँदा जहिले पनि हतार हतारमा श्रीलंका, थाइलैण्ड, बर्माबाट आएका बौद्ध भिक्षु उपासक उपासिकाहरूलाई स्वागत, मार्गदर्शन गर्न आतुर देखिनु हुन्छ । तानसेन बुटवलका आफ्ना नाता कुटुम्बहरूलाई अस्वस्थ्य आदि भएको कुरा सुन्ने बित्तिकै घरै पुगेर हेर्ने गर्नुहुन्छ ।

जब जब म लुम्बिनी पुग्दछु, उहाँलाई भेट्न जानै पर्दछ, अन्यथा मन दुखाउनु हुन्छ । स्नेह गरेर केही दिन बस भन्नु हुन्छ । मेरो खानपानको (मधुमेह रोगी भएकोले) निकै ख्याल राख्नु हुन्छ । उहाँको आग्रहलाई टार्न सक्दिन र बस्ने पनि गर्दछु । ३ दशक भन्दा लामो अवधिमा मैले उहाँको सरलबाट धेरै कुराहरू सिक्ने अवसर पाएको छु । एउटा सहृदयी दाजुको स्नेह पाएको छु । म आफूलाई भाग्यशाली ठान्दछु ।

## ७. अग्ग महासद्धम्म जोतिक धज भिक्षु विमलानन्द

भिक्षु विमलानन्द महास्थविरले "त्रिरत्न वन्दना" र विमल ज्ञानमाला बौद्ध पुस्तक लेख्नु भएको छ । बुद्धधर्म विषयक अरू विभिन्न पुस्तकहरू लेख्नु भएको छ, भविष्यमा प्रकाशित हुने आशा गरौं । उहाँको जीवनी अहिले प्रकाशित हुदैछ । पाण्डुलिपि पुस्तक ३ वटा जति मलाई देखाउनु भएको थियो, हेर्ने अवसर पाएको छु । बौद्ध कार्यक्रमहरूमा सहभागी हुन, विभिन्न संस्थाहरूको निमन्त्रणामा उहाँले श्रीलंका, थाइलैण्ड, बर्मा, सिंगापुर, जापान र भारत आदि देशहरूको भ्रमण गर्नुभएको छ ।

बुद्ध धर्म प्रचार प्रसार गर्ने सन्दर्भमा उहाँले लुम्बिनीमा विगत ३३ वर्षदेखि बस्दै लुम्बिनीलाई कर्म थलो बनाएर, नेपालमा मात्र होइन, विभिन्न बौद्ध देशहरूमा पनि धर्म प्रचार र सेवा पुऱ्याउनु भएको छ । उहाँको योगदानको कदर गर्दै बर्मा सरकारबाट उहाँ वि.सं. २०६१ मा "अग्ग महासद्धम्म जोतिक धज" र २०६२ मा श्रीलंकाको अमरपुर निकाय, वजिराराम विहारबाट "महानायक" पदबाट विभूषित हुनु भएको छ ।

अन्तमा श्रद्धेय विमलानन्द भन्तेज्यूको ७७ वर्ष ७ महिना ७ दिन पुगेको सुखद् जन्म दिवसको उपलक्ष्यमा करूणा बौद्ध संघ परिवार र मेरो तर्फबाट उहाँको सुख, शान्ति, दीर्घायु एवं सुस्वास्थ्यको लागि मंगलमय हार्दिक शुभकामना एवं साधुवाद चढाउँदछु ।

"भवतु सब्ब मंगलम्"



Downloaded from http://dhamma.digital/

# धन्य भन्ते विमलानन्द महास्थविर



**सब्बे सङ्खरा अनिच्चाति यदा पञ्ञाय पस्सति**
**अथ निब्बिन्दति. दुखे यस मग्गो बिसुदिया ।**

जब सबै संस्कार अनित्य हो भनि प्रज्ञा युक्त हुन्छ, त्यस्ता पुरुषलाई संसारको उपर वैराग उठ्दछ, यही बिशुद्धि मार्ग हो ।

बुद्ध वचनलाई सत्य मानि तन मन गर्नु भई पूज्य विमलानन्द महास्थविरज्यूले धर्ममध्ये वैराग धर्मलाई अपनाई आफ्नो ज्ञानले जानि १८ वर्षको कलिलो उमेरमा गृहत्याग गर्नुभयो । भिक्षु विमलानन्द महास्थविरको जीवनीलाई हेर्दा पूर्वजन्मको संस्कार कै कारणले नै मानिसलाई बनाउँछ भन्ने भगवान बुद्धको शिक्षा पालन गर्नु नै महान हो । पाल्पा तानसेन भिमसेन टोलमा माता चन्द्रमायाको कोखमा जन्मनु भयो । माताको केही शिक्षा दीक्षा नपाउँदाले उहाँलाई बुद्धि वैराग भएर आयो संजोगवस महानायक भिक्षु अमृतानन्द महास्थविरको प्रेरणाले श्रीलंकामा श्रामणेर प्रव्रज्या १९४६ फेब्रुअरी १६ तारिखमा वजिराराम विहारमा हुनुभएको थियो । उपसम्पदा सन् १९५१-११-१३ मा आनन्दकुटी विहार स्वयम्भूमा भएको थियो भने उपाधि अग्ग महासद्धम्म जोतिक धज म्यानमार बर्मा सन् २००४, ५ मार्चमा प्राप्त भएको थियो । योगदान बौद्ध सम्मेलन बौद्ध शिखर सम्मेलन लुम्बिनी विकास कोषमा उपाध्यक्ष १९९६ मा हुनुभएको थियो भने अरू थुप्रै लुम्बिनीमा काम गरी आउनु भएको छ । धम्मानुशासक भएर लुम्बिनी धर्मोदय समितिलाई सुरूदेखि टेवा दिँदै आउनु भएको छ । विमलानन्द भन्तेज्यू अतिनै दयालु हुनुहुन्छ । गरिब माथि दया गरी नि:शुल्क स्वास्थ्य उपचार केन्द्र स्थापना गर्नुभई बहुजन हिताय स्वास्थ्य लाभको हेतुले आफ्नो खर्चबाट संचालन गर्दै आइरहनु भएको छ । आफ्नो जन्मभूमि तानसेन पाल्पामा पनि बुद्ध विहार बनाउनु भई हामी सबै बौद्ध महिला समितिलाई भक्ति भावको थलो बनाई दिनुभएको छ । आज विश्व प्रख्यात बुद्ध जन्मभूमि तपोभूमिमा दर्शन गर्न आउनेहरूलाई भावपूर्ण ठाउँको परिचय गर्ने महान कार्यमा लाग्नु भएको छ । बुद्ध धर्म संघमा आस्था राखी आफ्नो जन्मभूमि तानसेन लहरे पिपल टोलमा महाबोधि विहार सेवा गर्न केही मात्रमा आर्थिकको आवश्यकतालाई मध्यनजर राखी पूज्य भन्तेज्यूको सहयोगबाट श्रद्धालु दाताहरूज्यूको आजीवन सदस्यको स्वरूप १०५ रुपिञा लिएर त्यो रकमलाई बैंकमा राखी मूल धनलाई नचलाई त्यसमा आएको ब्याजले विहारमा विविध काममा सेवा गर्दै आएको छ । यस्तो महान कार्य गर्नमा आर्थिक सहयोग दिनुहुने श्रदालु महानुभावज्यूहरूमा हामी बौद्ध महिला समिति परिवारबाट आभारव्यक्त गर्न चाहन्छु । साथै आजको शुभ मंगल दिनमा ७७ वर्ष ७ महिना ७ दिनको लामो समयसम्म आयु-आरोग्य मंगलमय कामना गर्दै बुद्ध भगवानसँग प्रार्थना गर्दछु ।

भवतु सब्ब मंगलम् ।

सुश्री चिनीदेवी वज्राचार्य
तानसेन



Downloaded from http://dhamma.digital/

# पूज्यनीय भन्ते विमलानन्द महास्थविरज्यूमा सादर अभिवादन

**अभिवादन सीलिस्स-निच्चवद्धा पचायिनो ।**
**चत्तारी धम्मा बडढन्ति - आयु वण्णे सुखं वलं ।**

आफूभन्दा जेष्ठ-श्रेष्ठलाई आदर गौरव-मानादी
सत्कार गर्नाले आयु वर्ण सुखबल फल पाईन्छ ।
यो बुद्ध बचन धम्म पदमा उल्लेख भएको छ ।

पूज्य विमलानन्द महास्थविर भन्ते पाल्पा तानसेन भिमसेन टोलमा जन्म भई आफ्नो किशोर अवस्थामा उहाँले मनुष्य जन्मलाई सार्थक पार्न गृह बन्धनलाई त्यागेर अमूल्य प्रव्रज्या मार्गमा पदार्पण गर्नुभयो । बुद्धको सत्य मार्गमा बहुजन हिताय बहुजन सुखायको कामना गरी आफूभन्दा जेष्ठ व्यक्तिलाई सम्मान र सानोलाई माया अनुकम्पा राखी आउनु भएको पूज्य भन्तेको आज ७७ वर्ष ७ महिना ७ दिन प्रणको सुखद् उपलक्ष्यमा पूज्य भन्तेज्यूको सुस्वास्थ्य र दीर्घायुको प्रार्थना गर्दछु ।

**पूज्य आदरणीय भन्ते विमलानन्द महास्थविरज्यू**

कुशीनगरमा भिक्षु चन्द्रमीणज्यूबाट प्रव्रज्या पछि आफ्नो लामो समयसम्म श्रीलंकामा बौद्ध धर्म अध्ययन गरी नेपालमा फर्कनु भएर आज उहाँ राजकीय बुद्ध विहार लुम्बिनीमा बस्नु भएर अन्तर्राष्ट्रिय बौद्ध जगतको यात्रुहरूलाई सेवा गर्दै यस भगवान बुद्धको जन्मस्थलको सुरक्षा रेखदेख एवं शोभा अभिवृद्धि गर्न ठूलो योगदान पुऱ्याउँदै आउनु भएको छ ।

**पूज्य लगनशील भन्तेज्यू**

पवित्र बुद्ध भूमिमा विगत पच्चिसौं वर्ष बस्नु भई गर्मीको भीषण ताप र जाडोको शितलाई पनि झेल्दै सहँदै अन्तर्राष्ट्रिय व्यक्तित्वहरूलाई लुम्बिनी सम्बन्धी जानकारी गराई दिनुमा अत्यन्त लगनशील हुनु भएको छ र आजपनि उत्तिकै सक्रिय हुनुहुन्छ । बुद्ध, धर्म र संघको साथै यस पवित्र लुम्बिनी उपवनको निस्वार्थ र भावभक्तिपूर्वक हार्दिक सेवा पुऱ्याउनु भएकोमा उहाँलाई ठूलो पुण्य र यश प्राप्त हुनेछ भन्ने हामीलाई विश्वास छ । साथै यस पावन भूमिमा कष्ठसाथ रही असंख्य दर्शनार्थीलाई धर्मबोधको साथै सक्दो मद्दत गर्नु हुँदैछ ।

**पूज्य विद्वान धर्मप्रचारक भन्ते !**

भन्ते लुम्बिनी बस्नुभन्दा अगाडि श्रीलंकाबाट फर्कनु भएर तानसेन टक्सार महाचैत्य



Downloaded from http://dhamma.digital/

विहारमा हेर्न आउनु हुँदा भन्तेलाई बौद्ध महिला र ज्ञानमाला सभाहरूबाट विहारमा वर्षाबास बस्नको लागि प्रार्थना गरेको थियौ । भन्तेबाट सहर्ष स्वीकार गर्नुभई गुँला १ महिनासम्म आफ्नो अध्ययनको विषयमा उपदेश दिनु भएको हामीलाई आजसम्म ताजा नौलो अनुभव भएको छ । यस धर्मदानका लागि पूज्य भन्तेलाई साधुवाद दिन चाहान्छु ।

**पूज्य त्यागचित्त भन्ते** !

आफूलाई प्राप्त भएको दान वस्तु अरूलाई दिनमा अत्यन्त खुसी मान्नु हुन्छ । यो भन्तेको संस्कार हो । भन्तेज्यूको एउटा ईच्छा थियो आफ्नो जन्मभूमि तानसेनमा विहार बनाउने भन्तेबाट उपयुक्त जग्गा रोज्नुभयो । सबैलाई आउन जान सजिलो पर्ने ठाउँ त्यो लहरेपिपलको हावापानी शीतल, शुद्ध र राम्रो हुनुको साथै शान्तमय पनि छ । हाल यस विहारमा देश विदेशका आदरणीय भिक्षुहरूको समेत आवास हुने गरेको सबैलाई बिदितै छ । आफूलाई प्राप्त दान दक्षिणा संकलन गरेर यसलाई भव्य विहार निर्माण गर्नुभयो । भन्तेबाट आफुलाई प्राप्त भएको दान दक्षिणाबाट विहार बनाउनमा खर्च गर्नुभयो । २०४१ सालमा टक्सार महाचैत्य विहारमा सप्ताव्यापी महापरित्राणको शुभ कार्यमा काठमाडौंबाट भिक्षु संघरत्न भन्तेज्यूहरूको सुआगमनको अवसरमा त्यस ठाउँलाई स्वयं विमलानन्द भन्तेज्यूको श्रीमुखार बिन्दुबाट "श्री महाबोधि विहार" नामाकरण गर्नुभएको थियो । बोधिवृक्ष (पिपल) को रूख लहरै भएको हुनाले नै श्री महाबोधि विहार नाउँ राखेको हो भनेर भन्तेले भन्नु भएको थियो । त्यसैबेला भिक्षु संघहरूको भेलामा विहारमा बुद्ध, धर्म, संघको विधिवत परित्राण पाठबाट सानो बुद्ध मूर्ति स्थापना गरिएको थियो । त्यसपछि भन्तेज्यूले विहार मात्र भएर पनि संरक्षण गर्ने व्यक्ति नपाए विहार लठालिङ्ग हुन्छ भन्ने विचारले भन्तेज्यूबाट हामीहरूलाई बौद्ध महिला समिति गठन गर्नु भएको थियो । यस्तो पूण्य कार्यमा हामीलाई सेवा गर्ने प्रेरणा दिनु भएकोमा श्री महाबोधि बौद्ध महिला समिति गौरवान्वित छौं । पूज्य भन्तेलाई आधुवाद दिन चाहान्छौं ।

विहार प्रति चिन्तनमनन गर्नुहुने भन्तेबाट स्थापित शुरूमा यस सानो विहारलाई आज नमूनाको रूपमा भव्य विहार बनिसकेको हामी देख्दछौं । यसमा केही मात्रामा श्रद्धालुहरूको सहयोग पनि रहन गएको छ । अनि भन्तेबाट विहारलाई सुहाउँदो मूर्तिको आवश्यकता व्यक्त भए अनुसार हाल पर्यटन संस्कृतिक मन्त्री बुद्धिराज वज्राचार्यज्यूलाई भन्नुभयो । त्यसबेला वज्राचार्य मेयर हुनुहुन्थ्यो । उहाँको सक्रियतामा भन्तेको अभिलाषालाई पूरागर्न थाइलैण्डबाट भव्य ठूलो बुद्ध मूर्ति ल्याउनु भई अक्षयेश्वर महाविहारमा राख्नु भएर धेरैपल्ट लिन आउनु भन्नु भएपनि लिन जान सकेको थिएनौं । पछि बल्ल २०५० साल पुसको १५, १६ गते म र भतिजा लोकेश्वर दुईजना ट्रक लिएर नाइटमा गई बिहानको ८ बजे अक्षयेश्वर महाविहारमा पुगें र श्री बुद्धिराज वज्राचार्यज्यूलाई फोन गरें र उहाँ मालाख्वदिशीको पूजा भ्याएर आउनुभयो । असाध्यै सुरक्षितको साथमा ट्रकमा मूर्ति आफ्नो स्टाफहरू ल्याएर आफ्नै प्रयासबाट मूर्ति राखिदिनु भयो । यस्तो महान कार्य गरिदिनु भएकोमा उहाँलाई मंगलमय कामना गर्दछु । त्यसपछि मूर्ति त्यही



Downloaded from http://dhamma.digital/

दिनमा ल्याएर मुश्किल साथ विहारमा भित्र्याउँ । यस मूर्तिलाई सुहाउँदो आसन बनाउनको लागि विहारको नक्सा बनाउने ई. इन्द्रमान शाक्यज्यूबाट आसनको नक्सा बनाई दिनुभयो । र श्रद्धालु दाताहरूबाट आसन बनाउनको लागि श्रद्धा राख्नु भएकोमा श्रद्धालु दाताहरूलाई साधुवाद दिन चाहान्छु । विहार मात्र भएर परिपूर्ण कहाँ होला । विहारको सिंढी चढनमा आउन जान सजिलो थिएन । त्यसको लागि पनि श्रद्धालु उपासक महारत्न वज्राचार्य, हेटौडाबाट रेलिङ्ग बनाई दिनु भयो । जान आउन सजिलो गर्नु भएकोमा उहाँलाई पनि कृतज्ञता ज्ञापन गर्दछौं । त्यस्तैगरी विहारमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा तन, मन, धन दिएर सहयोग दिने उपासक, उपासिकाहरूलाई धन्यवाद दिन चाहान्छु । अन्तमा यस पुण्य घडिको महान उपलक्ष्यमा आज पूज्य विमलानन्द महास्थविरज्यूको ७७ वर्षको सुअवसरमा भन्तेज्यूलाई आयुवर्ण सुखबलको लागि भगवान बुद्धको प्रार्थना गर्दछु ।

भवतु सब्ब मंगलम् ।

**उपासिका सुश्री सुमना शाक्य**
टक्सार, तानसेन ।
२०६२।२।१५

# शुभकामना

*श्रद्धेय पूज्य विमलानन्द महास्थविर भन्तेज्यूको ७७ वर्ष ७ महिना ७ दिन पुगेको पुण्यमय उपलक्ष्यमा उहाँको दीर्घायु र आरोग्यताको साथै कामना सभक्तिका साथ प्रार्थना गर्दछौं ।*

अध्यक्ष
**सुश्री सुमना शाक्य**
तथा
**बौद्ध महिला आजीवन दायक समिति परिवार**
महाचैत्य विहार टक्सार



Downloaded from http://dhamma.digital/



# लुम्बिनीया भुवा: : भिक्षु विमलानन्द

**-सुवर्ण शाक्य**
उ॑ंबहा:, यैं

नां स्यू म्हमस्यू धा:थें न्यनेनं, वने मनंगु थाय् जुयाच्वंगु लुम्बिनी ख: । स्वनिगलय् च्वना: थानकोत (थक्वा:) पुलामवंनिपिं मनूत लुम्बिनिइ वनेननीगु गबलय् ? लुम्बिनी बुद्ध बूगु थाय् धाइ, ह्याउँला, वाउँला ! स्वनिग:यापिंगु लागि लुम्बिनी धैगु ल्हासा वनथें ला, कलकत्ता वनथें ला गुलि तापा:, गुखेला: छुं वास्ता मदु । राणा शासनया इलय् हे जक नं पिनेयापिं स्वनिगलय् वयेत नेपालय् वनेगु धाइगु । स्वनिग:यापिं बनय्ज्या:वनेगु, जागिर नया: वनेगु याना: थक्वा: पुलावनीगु ख: । आथें मोतरय् वनेगु धैगु गनं दुगु मखु । थ:गु देय्या भूभागय् वनेत नं भारतया रेलय् च्वना: वनेमा: । पूर्वय् वंसां पूर्व १ नं., २ नं., ३ नं., ४ नं. धाइगु अले पश्चिमरिखे. वंसां पश्चिम १ नं., २ नं., ३ नं., ४ नं. वनेगु धाइगु । भञ्ज्याङ पुला: वने मालकि तापालय् वनेगु, मर्सय् वनेगु धाइगु । आथें जिल्ला धायेगु चलन मदु । अझ भारतपाखे वनेगु जुलकि ला झन् देसय् वनेगु धाइगु । नेपा:यात ला देस हे मखुथें ताइगु । भारतयापिं सुं स्वनिगलय् वलकि देसित वल धाइगु । भारतं ह:गु सामानयात देसि सामान धाइगु ।

उज्व:बलय्या लुम्बिनीया थौं कल्पना याये हे थाकु । स्वनिग:यापिं पिने वनीबलय् न्ह्याथासं वंसां पहारं पहारं वनेमा: । अनया हे बासिन्दा जुया: च्वंवंसां पहार पहारय् हे बास्ती दयेका: च्वनीगु । गथे थौंतकं स्वनिग:यापिं त्रिशूली, गोर्खा, पोखरा, पाल्पा, दाप्चा, दुम्जा, धरान, धनकुटा, भोजपुर, चैनपुरय् च्वनाच्वंगु दनि । पहारक्वय् तराइ ज्वीगु । तराइलय् च्वंपिंत मर्स्या धाइगु । न्ह्याथाय् वंसां बाय् च्वनाच्वना: वनेमा: । लँय् वनेत नसा बजि ज्वना: वनेमा: । द्यनेत गुन्ता चिना: भल्या तया: यंकेमा: । खुसिका: खुसि छिनावनेमा: । पहार ला अथें पहार थथें पहार गोरेटो लँ । तराइपाखे वनेबलय् तसकं तांन्व: । चाजकया लँ । वाव:सा बुद्रबुद्र ध्याच:, निभा: त्व:सा लँ ज्यला: धुफ्व:जक दना: ख्वा: हे सीमदयेक म्हछम्हं धूया धू । लँय् लँय् न ल:या व्यवस्था न ध:या व्यवस्था । ल: त्वने मखना: प्याक् प्याक् ।

तराइलय् च्वनेबलय् तांन्वैगु उतिकं निभालय् च्वना: ज्या यायेमा:गु उतिकं, ख्वाउँगु फय् छक्का: गनं वैगु मखु । चिकुलां सुथय् ख्वाउँया: म्हहे काग्राक्क च्वनीगु । बर्खा चछिं बँ क्वाना: द्यनेहे मफैगु । तांन्वया: ताहा:त उखें थुखें ब्वांज्वीगु । हारां हारांपिं गोमनथें या:पिं ताहा:तसें मनूयात नं न्याइगु । अझ न्यायेय:पिं बिच्छित उखें थुखें छ्यापछ्याप्ति । बिच्छिं न्याना: उतिकं हे दु:ख ज्वीगु । ख्युंलकि मत गनं दुगु मखु । ख्युंथाय् दनीबलय् सिमा छमा नं राक्षसथें ग्यानापुक खनीगु । छैंय् मचिकनं मत च्याकेमा: । मचिकं न्ह्य:नेसं दैगु मखु ।



Downloaded from http://dhamma.digital/

दहेद:सां ध्यबा मदैगु । लुम्बिनी शुद्ध तराइ । थन ला भ्रन घाँय् (खर) या छेँ । नेवा:तलिसे अनयापिंगु स्वभाव व्यवहार आनकातान पा: । वाफय् वया: उतिकं हे दु:ख बीगु । जाथुयाच्वंसा फसं मिहे छ्यालब्याल जुया: छेँनापं छ्वैगु । जग्गा जमिनय् थ: य:थे गनं बांलाक क:घाना: दयेका: च्वनेज्यूगु मखु, सरकारया बडाहाकिमत वया: जग्गा छाय् दुकया धका: ख्या:वैगु । ध्वं हा:वगु उतिकं । धूँ हे नं वैगु ।

लुम्बिनीया वर्णन यानात:गु धर्मशास्त्र आदि सफू स्वयेबलय् लुम्बिनी तसकं न्ह्याइपु, छगू उपवन (त:धंक्वब) ख: । निद्व:दँ पुलावने धुंकूगु लुम्बिनीया थाय् न्हापाथें मखु, स्यना: दुना:, ल्हाना: रूपहे हिलावने धुंकल । तै बुद्ध जन्मय् जूगु थाय् लुम्बिनी थ्वहे ख: धैगु सीदयेक पुलांगु पुखु खनेदैवल अशोक महाराजं स्वनाथकूगु बुद्ध बूगु थाय् थ्वहे ख: धका: कियात:गु ल्वहँया थां लुयाव:गुलिं याना: लुम्बिनी बुद्ध बूगु थाय् थ्वहे ख: धका: धायेगु दसि लुयाबिल धन्य ।

स्वनिगलय् दकलय् बांला:गु नगर (देय्) यल बाय् ललितपुर धाइ । थुज्व:गु बांला:गु थासं पौप्वीक वनेथें जुया: मेगु हाकनं बांला:गु तापा:गु पाल्पाया दांदाय् जूवंम्ह यलबासि पाल्पामि जूवंम्हसिया सन्तान जुया: थौंया लुम्बिनीबासि भिक्षु विमलानन्द पाल्पायाम्ह जूवन । छम्ह शाक्यया मचा अय्ला:ध्वँय् ब्वलनीगु देवा:या संस्कार । स्वनिगलं तापा:गुलिं विमलानन्द उतिक उकी दुबय् ज्वी मलात । पाल्पा दांदाया क्वसं धैथेंला:गु लुम्बिनीया सासलं थियाब्यूबलय् बुद्धया सिष्य जुयाच्वंपिं भिक्षुपिं लुमंका: थ:त नं उखेपाखे हे क्वछुकाबिल उम्ह विमलानन्दया नुगलं । भारतय् वना: प्रवजित जुया: विमलानन्द जुयाबिल । आनन्दजक हे मखु विमलगु (स्वच्छगु) आनन्दया प्रतीककथं म्हासुगु वसतं पुना: भिक्षु जूम्ह विमलानन्दया थ:गु न्हापाया नां, व्यवहार दक्वं हिलाब्यूगु छगू जीवनया ह्यूपा: जुल ।

नेपा:गा:यापिसं बुद्धया रूप हे हिलाब्यूगु वया भ्रस भ्रस लुमन मखाज्वी, पाल्पाय् तकं मच्वँसे लुम्बिनिइ च्वंवन । दु:खया खँ ल्हानां साध्य मजू, यसें दु:ख स्यूवन अन । अनकंतार थाय् । थौं सीदत, मिखा तिमस्युसे, मुलपतिंध्याना: छ्थासं मच्वँसे इन्हूथिन्हू जुया: मिखा चायेका चायेका हे तपस्या च्वंगु जुयाच्वन । बुद्धं तपस्या याना: बोधिज्ञान लुइकल । विमलानन्दं लुम्बिनीया मू थ्वीका: ज्ञान लाकल । बुद्धं मानव मात्रयात लुमंकल, विमलानन्दं मानवमात्रयात लुमंकूम्ह बुद्धयात लुमंकल । बुद्ध विश्वय् शान्तिया नायक जुल । विमलानन्द लुम्बिनीया परिचायक जुल । थौं शान्तिया नां कालकि हे बुद्ध न्ह्य:ने वैगु जुल धा:सा लुम्बिनी नां कालकि हे विमलानन्द न्ह्:ने वैगु जुल ।

थ:त बौद्ध धका: धाइपिं, बुद्धया वंश धका: धाइपिं, बुद्धया सिष्य धाइपिं मनूत थ:पिं न्ह्या:न्ह्या:बलय् जक आकाभ्राकाय् लुम्बिनिइ वनीगु जुल धा:सा विमलानन्दं थ:गु जवानी नं अनहे ल:ल्हात अले दु:ख सुख नं अनहे मुंकल । बुद्धयात मार व:बलय् बुद्धं वास्ता मयासे इमित क्वत्यलाछ्येथें थ:त वाद, प्रतिवाद व अपवादं क:व:सां विमलानन्दं उकीयात छतिहै वास्ता मतसे न्ह्या:गु खुसिथें व न्ह्यानाच्वंगु सीदत । बुद्धं छु यात छु मयात वैत लुमंकूपिसं सी धैथें विमलानन्दं लुम्बिनिइ च्वना: छु यात छु मयात क्वथीक वैगु जीवनी थूपिसं सी, नमुना खनी ।



Downloaded from http://dhamma.digital/

थौं लुम्बिनीया रूप ह्युह्युं वैच्वंगु दु । विमलानन्दया रूप अथेया अथेंतुं, छम्ह भिक्षुया रूप, प्रतिबद्धताया पुञ्ज । नेपा:गा:यापिसं बुद्धया रूप हे हीका: चीवरया द्य:ने गां न्ययेका: वसतं पुंका:, कुलिकुलि सँय् मुकुतं प्वीका:, कल्पनाया काय्मचा दयेका: मिसाघय्प्वीका: दाकिनी आदि धका: इमित बुद्धमाता क्व:छिना: निर्वाणत्व प्राप्तिया विधि हीका: क्यनाबिल धा:सा विमलानन्दं गुज्व:म्ह मायादेवी उज्व:म्ह हे याना:, गुज्व:म्ह बुद्ध ख उज्व:म्ह हे कथंया रूपय् तया: थ:गु न्हय् न्हयदँया उमेर फप्वीका: थ:त नं एक रूपम्ह भिक्षु साबित याना: निर्वाणत्व पियाच्वंम्ह कथं लुम्बिनीया भुवा: जुया: दनाच्वन । विमलानन्दं बुराम्ह लुम्बिनीयात ल्याय्म्ह याना: ल्याय्म्हम्ह थ:त बुरायात । बुरा ज्वीगु उमेर वंगु ख:, उमेर पूवंगु मखु । चिरं जीवतु विमलानन्द ! चिरं तिट्ठतु सद्धम्मो ।

✠

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# भिक्षु विमलानन्दको जीवनी

Downloaded from http://dhamma.digital/

# भिक्षु विमलानन्दको जीवनी

## कुल तथा जन्म

मतिनाकाजी अर्थात विमलानन्द महास्थविरको जन्म विक्रम सम्वत १९८५ साल जेष्ठ महिनाको पञ्चमी तिथिका दिन नेपालको लुम्बिनी अञ्चल पाल्पा जिल्ला तानसेन नगरको भिमसेन टोलमा भएको हो। उनको पुर्ख्यौली कुलघर काठमाडौं उपत्यका भित्र ललितपुर नगरको प्रसिद्ध हिरण्यवर्ण महाविहार (गोल्डेन टेम्पल) यंबाहासंघ अर्थात क्वाबाहा:संघको ह:खा टोलमा थियो। उनका पुर्खा बुद्धिमान तथा पद्ममान शाक्य पहिले तानसेनमा आउनु हुँदा ह:खाबाट आउनु भएको हुनाले उनीहरूलाई ठूलो ह:खा र सानो ह:खा भन्ने गरिन्थ्यो। साथै उनका सन्तानहरू अद्यापि तानसेनमा ह:खा भनि चिनिन्छन्। यही ह:खा कुलका सन्तति मध्ये उनी श्री बुद्धिमान शाक्यका माहिला छोरा मोतिकाजी शाक्य एवं चन्द्रमाया शाक्यका पुत्र हुन।

## बाल्यकाल

उनको बाल्यकाल अत्यन्त दु:खमय थियो। उनी जन्मेको एक महिना नबित्दै आमा चन्द्रमाया दिवंगत हुनुभयो। आमाको परलोक हुनुको कारण र त्यतिबेला पौष्टिक खाना उचित समयमा नपाउनाले उनी ज्यादै कमजोर भए। घरमा उनी जन्मनु भन्दा केही वर्ष पहिलेदेखि नै मासु नखाने ब्रत लिइएको हुनाले त्यतिबेला घरमा मासु बनाई खानु त के कुरा घरभित्र ल्याउन समेत मनाही थियो। त्यसकारण उनकी आमा सुत्केरी हुँदा पनि निरामिष आहार गरि बिताउनु परेकोले ज्यादै कमजोर भई परलोक भएको भन्ने कुरा उनको मावलीका बाजे बज्यैले भन्नुहुन्थ्यो रे। त्यसबेला घरको ठूलो बा तथा जेठा बाहरू साधु सन्तहरूका उपदेश मान्थे तथा पालन पनि गर्थे। अहिंसा परमोधर्म भनी पसलमा बेचिराखेको माछा मासु प्रति समेत करुणा देखाउने गर्थे।

आमा परलोक भएपछि फुफूले उनलाई दूध खुवाई पालिन्। अनि मतिनाकाजी भनी नामकरण गरियो। उनको फुफूको विवाह श्री गृहमान शाक्यका जेठा छोरा श्री पद्ममान शाक्यसँग भएको थियो। आमा बितेपछि उनको बुबाले तानसेन टक्सारबाट कान्छीआमा ल्याउनु भयो जसको नाम दिलमाया थियो। उनको आफ्नै दिदी एउटी पनि थिइन्। फुफू कहाँ पालिएको मतिनाकाजीलाई उनकी दिदी मोतिमायाले अत्यन्त स्नेह गरी हेर विचार गर्ने गर्दथिइन्। आफ्नी एकमात्र ती दिदी मोतिमाया लाई पनि १२ वर्षको कलिलो उमेरमै मृत्युमारले चुंडालेर लगे। दिदीको मृत्यु हुनु केही दिन अघि आफू बिरामी भएको अवस्थामा भाइको मुख एकचोटी हेर्ने इच्छा भयो। त्यसबेला बज्यैसँग गएको उनलाई देख्नासाथ आँखाबाट बर्बर आँसु निकाली हात समाती म्वाई खाई सिरान मुनिबाट केही पैसा निकाली दिदीले दिनुभएको थियो। परन्तु पाँचदिन पछि फेरि मरणासन्न अवस्थामा हेर्न जाँदा उनको हातबाट दुई चम्चा पानी खाई उनलाई हेर्दै हात समाउँदै सदाको लागि दिदीले छाडी जानु भयो रे।



Downloaded from http://dhamma.digital/

मतिनाकाजीलाई फुफूले पाल्न लैजाँदा उनको आफ्नो माहिलो छोरा बबरमान जन्मेको थियो । बबरमानलाई पनि आफ्नै दूध खुवाउनुपर्ने हुनाले नियमित रूपले आमाको दूधले जति पोषिलो र पर्याप्त हुनुपर्ने हो सो हुन नपाएको हुनाले होला मतिनाकाजी जन्मैदेखि शारीरिक रूपमा कमजोर थियो । फुफूको दूधले लालन पालन भएर हुर्केका बबरमान र मतिनाकाजीलाई दूध छुटाई आ-आफै खाना खान सक्ने भएपछिको केही वर्ष मै दुवै बालकलाई सधैंको लागि छाडी फुफू पनि परलोक हुनुभयो । फुफू परलोक हुनु भएपछि बज्यैले लिटो खुवाई दुवैलाई बाज्ये र बज्यैले हुर्काए ।

खेलकुद गर्न सक्ने भएपछि एक दिन भाई बबरमानसँगै बारूदखानाको पोखरीतिर खेलेर साँझ फर्केर आउँदा दुवैलाई ज्वरो आएर जिउभरी खटिरा आयो । हुनत बबरमानलाई भन्दा मतिनाकाजीलाई कालबाट बाँच्नै नसकिने खटिरा आएको थियो तैपनि बाँच्छ भनेको बबरमानलाई मृत्युले गाँजेर लग्यो । माया मारेको मतिनाकाजी बाँच्यो । भाई बबरमानको मृत्यु पछि दाह संस्कार गर्नको लागि उनलाई रानीघाट लैजानु भन्दा अगाडि मतिनाकाजी पनि बिरामी भएको हुनाले उनी जन्मेको घरमा पठाउन राति सात बजेतिर बज्यैले फकाई फुल्याई उनको बुबाको हातमा सुम्पेकी थिइन् । तर मतिनाकाजी ज्यान गएपनि आफ्ना घरमा बस्न मानेनन् । रुँदै छटपटाउँदै एकरात मात्र घरमा बिताई सूर्य उदाउने बित्तिकै घरबाट भागेर बाज्ये बज्यैकै घरमा आइपुगे । परन्तु भाइको मृत्यु संस्कार, किरियाकाण्ड गर्नु परेको हुनाले केही दिनको लागि खेलौना आदि दिएर फकाई माहिली फुफू कहाँ पठाइयो । फुफू उनको बुबाको माहिली बहिनी थिइन् । केही दिन पछि मतिनाकाजी त्यहाँबाट पनि भागेर बाज्ये बज्यैकहाँ आइहाले । त्यतिबेलासम्म खटिरा पनि अलि अलि सुक्दै निको हुँदै आएको थियो । अचम्म त के थियो भने उनी जन्मैदेखि सात आठ वर्षसम्म लाटो जस्तै थियो । राम्रोसँग बोली फुट्दैनथ्यो । सोही कारण उनलाई लाटो भनिन्थ्यो । त्यो लाटोपन हटाउनको निम्ति बुबा, बाज्ये बज्यै अनि मामाहरूले सत्यवती थान्मा गई भाकल पनि गरेका थिए । सो भाकल पूजा गरेर आएपछि बोली फुटेर कुरा गर्न सकेको हो भन्ने उनको विश्वास छ ।

आठ नौ वर्ष भएपछि उनीलाई घरमा लैजान बुबा मोतिकाजीले हर प्रकारले प्रयास गरे पनि घरमा जाने मन गरेन । दिदी बित्नु भन्दा अगाडि घरमा कुनै पर्वमा भोज भतेर हुँदा पनि दिदी बाहेक घरका अरू कुनै मानिसले उनलाई लान सक्दैनथ्यो । दिदी आए मात्र घरमा जान्थे र केहीबेर पछि नै भागेर बाज्ये बज्यैकहाँ आइपुग्थे । कुनै आफन्त बन्धु मावली आदिमा भोजमा जान पनि कि त दिदी आई बोलाउन आउनुपर्ने कि त बाज्ये बज्यैसँग मात्र जाने गर्दथे ।

## किशोर अवस्था र चूडाकर्म

१० वर्षको उमेर पुगेपछि शाक्यहरूको परम्परा, चलन अनुसार चूडाकर्म गर्नुपर्ने समय आयो । घरको चाल चलन र समाजको हाउभाउ पनि अलि अलि थाहा पाउने भयो । त्यसबेला चूडाकर्म गर्नको निम्ति काठमाडौं उपत्यकाको ललितपुर हिरण्यवर्ण महाविहारमा



Downloaded from http://dhamma.digital/

जानु पर्थ्यो । त्यसकारण बुबाले काठमाडौं जाने कुरा गरे । उनलाई भने घरमा जान बस्न र बाज्ये बज्यै छोड्ने अनि बुबा तथा कान्छीआमासँग काठमाडौं जाने जटिल समस्या नै थियो । त्यसकारण बाज्ये बज्यैले पनि उनलाई काठमाडौंको खूब बयान गरेर फकाए । चूडाकर्म सिद्धिएपछि फेरि आफूकहाँ आई बस्नू पनि भनेका थिए । तैपनि काठमाडौं जाने अघिल्लो दिनसम्म पनि नजाने भनी रुन्थे । परन्तु बाज्ये बज्यैले समेत आँखाबाट आँसु खसाल्दै बिदा दिएपछि साइत अनुसार बिदा लिएर आफूले पनि आँसु झार्दै बुबा, कान्छीआमा र कान्छीआमा पट्टिका लक्ष्मीकाजी र पुण्यकाजी नामका दुई भाइ अनि कान्छी फुफूको साथ लागी काठमाडौंको निम्ति प्रस्थान गरे ।

त्यस जमानामा काठमाडौं जान सजिलो थिएन । पाल्पा तानसेनबाट बुटवल, भैरहवा, गोरखपुर, रक्सौल, बीरगञ्ज आदि स्थानहरू रेल मोटर चढेर हेटौंडा भै पैदल काठमाडौं जानुपर्थ्यो । टाढा टाढाका गाउँले भरियाहरूलाई ठूलो धनराशी खर्च गरेर जानुपर्थ्यो । गरीब शाक्य परिवारले चूडाकर्म गर्न काठमाडौं जान घरबार समेत नासो राखी जानुपर्ने स्थिति हुन्थ्यो ।

काठमाडौं उपत्यकाको ललितपुरको कुलघरमा पुगी केही दिन पछि हिरण्यवर्ण महाविहारमा विधिपूर्वक चूडाकर्म सम्पन्न भयो । चूडाकर्म गर्दा चारदिन अघि 'ग्वेदाँ तय्‌गु' भनीकन विहारमा स्वयम्भु शाक्यमुनि दश स्थविर (आजुहरू) लाई निमन्त्रणा स्वरूप चूडाकर्म गर्ने केटालाई विहारका चक्रेश्वर र बेताजु (सहायक आचार्य) द्वारा गुरुमण्डल पूजा गराई (माटाका पालामा चामल, सिंगो सुपारी र दक्षिणा राखेको) किसली चढाउन लगाइन्छ । चूडाकर्म गर्नु अघिल्लो दिन बेलुका विहारको आगम (योगाम्बरको स्थानमा) वज्रयान विधि अनुसार गुरुमण्डल सहित पूजा गराई पूजाको अन्तमा 'नुचियेगु' भनीकन सम्हय्‌ (नैवद्य) अलिकति दिएर पठाउने गरिन्छ । चूडाकर्म गर्ने केटाले बेलुका त्यो सम्हय्‌ खाएपछि भोलिपल्ट चूडाकर्म नसिद्धिएसम्म केही खान हुँदैन । चूडाकर्म गर्दा केटालाई कपाल खौरेर फुफाज्यूबाट टुप्पी काट्न लगाई फुफूले कपाल थापी स्नान गराई पञ्चस्थविर (पाँच जना स्थविर आजु) हरूबाट कलशाभिषेक दिइन्छ । त्यसपछि चीवर वस्त्र धारण गरी आगम स्थलमा लगी पूजा गरी चीवर धारण गरून्जेल पालन गर्नुपर्ने नियमहरू सुनाई पूजा सिद्धिएपछि पहिले लावा भोजन गराई त्यसपछि निरामिष भोजन गराइन्छ । चूडाकर्म भैसकेपछि चार दिनसम्म बिहान स्नान गरी विहारमा स्थापना गरिराखेको शाक्यमुनिको मूलढोका भित्र प्रवेश गरी शाक्यमुनि, प्रज्ञापारमिता आदिलाई ढोग्न दिइन्छ । यो चार दिनसम्म चूडाकर्म गरेका केटाले नून खान हुँदैन । पूर्ण शाकाहारी बन्नु पर्दछ । छाला, कुकुर, सुँगुर आदि छुन हुँदैन, यदि बेहोसी भई छोइयो भने स्नान गर्नुपर्ने हुन्छ ।

चूडाकर्म सिद्धिएपछि 'चीवर क्वकाय्‌गु' भनी श्रावक चर्या जीवनभर गर्न सकिदैन तसर्थ गृहस्थ भई जीवन यापन गर्दछु भनी प्रार्थना गराई पूजा गरी चीवर छोडन लगाई गृहस्थ भेष धारण गराउने गरिन्छ । त्यसपछि सबै आफन्तहरू भेला गरी सगुन दिई प्रीतिभोज



Downloaded from http://dhamma.digital/

आयोजना गराइन्छ । मतिनाकाजीलाई पनि नियम अनुसार चीवर छोडन लगाउँदा जीवनभर भिक्षु भई बस्न चाहन्छौ कि घरमा गृहस्थ हुन्छौ भनी सोधिएको थियो । मतिनाकाजीले त भिक्षु भई बस्छु भनेको थियो तैपनि प्रचलित नियम अनुसार गृहस्थ गराई पठाइदियो ।

## विद्या अध्ययन

चूडाकर्म क्रिया सिद्धिएपछि मतिनाकाजी घर फर्केर सिधा बाज्ये बज्यैकहाँ गई बसे । घरमा नगईकन बाज्ये बज्यैकहाँ नै बसेको हुनाले मोतिकाजीले आफ्नो छोरालाई भारतमा लगि शिक्षा दिलाउन भतिजा बाबुकाजी र मतिनाकाजीलाई कुशीनगरमा लगी त्यहाँका विहाराधिपति ऊ. चन्द्रमणि महास्थविरको हातमा सुम्पिदिए । दुवै भाई विहारमा बसी नजिकको प्राइमरी स्कूलमा सन् १९४० मा भर्ना भए । उनीहरू कुशीनगरमा विद्याध्ययन गर्न जानु भन्दा अगाडि नै सन् १९३६ तिर हिराकाजीका जेठा छोरा लालकाजी (स्व. भिक्षु अमृतानन्द महास्थविर) आफ्नी श्रीमती छाडी गृहत्याग गरि विदेशमा नै भिक्षु जीवन बिताउँदै हुनुहुन्थ्यो । मतिनाकाजी कुशीनगरमा हुँदा पहिलो पटक भिक्षु जगदीश काश्यप र भदन्त आनन्दकौशल्यायनज्यूसँग उनको भेट भयो । उहाँहरू कुशीनगरमा छँदा प्राइमरी स्कूलको वार्षिकोत्सव मनाइयो । यो उत्सवमा मतिनाकाजीले "यो वद तं पवरो मनुजेसु" भन्ने कविता पाठ गरि सुनाएको हुनाले उहाँहरू खुसी भई धम्मपद र अरू बौद्ध किताबहरू उनलाई पुरस्कार दिएका थिए । जसो तसो एकवर्ष कुशीनगरमा बस्दा अलिकति स्वास्थ्य पनि ठीक नभएको र घरको सम्झनाले पनि सताएको हुनाले बुबा मोतिकाजी आई घर फर्काई लगे । केही दिन बुटवल घरमा बसी तानसेन लगियो । त्यतिबेला मतिनाकाजीलाई आफू जन्मेको घर भन्ने बोध भैसकेको थियो । तसर्थ उनी कहिले आफ्नो घरमा र कहिले बाज्ये बज्यैकहाँ बस्ने भयो ।

भिक्षु अमृतानन्द केही वर्ष श्रीलंकामा धर्म अध्ययन गरि सन् १९४१ को फेब्रुअरिमा तानसेनमा आउनु भयो । त्यतिबेला मतिनाकाजी बुटवलमा नै थियो । भिक्षु अमृतानन्द आफ्नो भाई बाबुकाजीलाई श्रीलंकामा लैजान आउनु भएको थियो । तर बाबुकाजीलाई नपठाई नीरकाजी र मतिनाकाजी पठाइयो । सन् १९४१ मा नै कोलम्बो वजिराराम विहारमा यिनीहरू पुगे । कोलम्बोको हावापानी निकै गरम भएको कारण वजिरारामकै शाखा नुवरएलिय भन्ने ठाउँमा लगियो । यो ठाउँ नेपाल जस्तै हावापानी भएको चिसो पहाड भएको ठाउँ हो । नुवरएलिय अशोकाराम विहारमा राखी दुवैलाई त्यहाँको हाइस्कूल गामिनी विद्यालयमा भर्ना गरियो ।

वजिराराम महानायक आदि नारद महास्थविर तथा सबै शिष्यहरू प्राय: नुवरएलिय आई बसेका थिए । केही महिना पछि श्रीलंका सरकारले विश्वयुद्धको कारण त्यहाँ बसेका विदेशीहरूलाई आफ्नो आफ्नो देशमा फर्केर जाने आदेश दिएको हुनाले भिक्षु अमृतानन्द दुवैलाई लिएर गाउँतिर फर्कनुभयो । बाटोमा यदाकदा उनीहरूलाई चिनिया सम्झी पुलिसहरूले समाती केलफेल गर्दथे । पछि नेपाली भनी थाहा पाएपछि छाडी दिन्थे ।



Downloaded from http://dhamma.digital/

## पण्डित नेहरूबाट स्याबासी

सन् १९४३ को फेब्रुअरी महिनामा छोराहरू कुशीनगर आईपुगेको समाचार सुनी मोतिकाजी त्यहाँ आइपुगे । त्यस दिन कुशीनगरमा एउटा ठूलो उत्सव मनाउने कार्यक्रम थियो त्यस उत्सवमा भारतका पण्डित जवाहरलाल नेहरू, श्री गान्धीज्यू, सरोजिनी नायडूहरू पनि उपस्थित हुने कार्यक्रम थियो । त्यस कार्यक्रममा उहाँहरूलाई फूलमाला चढाई स्वागत गर्न र सभामा कुशीनगरका ऐतिहासिक गीत गाउने अभिभारा स्वागत समितिले मतिनाकाजीलाई दिएको थियो । यो गीत गाउन दुई तीन दिनदेखि नै भिक्षु अमृतानन्दज्यूले तालिम दिनुभएको थियो । कार्यक्रम अनुसार उत्सवमा माला चढाई स्वागत गरिसकेपछि सभाको कार्यक्रम शुरू भयो । मतिनाकाजीले फूर्तिसाथ कविता सुनाए । कविता पाठबाट पण्डित नेहरू अति खुसी हुनुभई आसनबाट उठी काँधमा हात राखी धन्यवाद दिए र ठूला ठूला केही ऐतिहासिक पुस्तकहरू पुरस्कार दिए । सोही दिन आइपुग्नुभएको मोतिकाजीले आफ्नो छोराको यो खूबी देखी अति खुसी भई घर फर्किने क्रममा गोरखपुरमा पुगेपछि खिलौना, राम्रा राम्रा जुत्ता र लुगाहरू किनी दिए ।

श्रीलंकाबाट घर फर्केपछि प्राय: दिनको एकचोटी बाज्येको घर नपुगेको र बज्यैले दिएको कुनै खानेकुरो नखाएको दिनै होवोइन होला । त्यस्तै कुनै दिन बाज्येको घर पुगेन भने उहाँबाट के भयो कसो भयो भनी खोजीनिति हुन्थ्यो । कुनै पर्वमा जान सकिएन भने उनको लागि प्रसाद वा भोजको भाग छुट्याई राख्ने गरिन्थ्यो । उनी भन्छन्– "आजसम्म पनि तानसेन जाँदा बाज्येको घरमा नपसी घरमा जान मन मान्दैन, पहिले बाज्येको घर पसेर मात्र आफ्नो घर जाने गर्दछु । बाज्ये र बज्यै बित्नु भएको धेरै समय भईसक्यो तैपनि मामा र प्रेममान दाईहरूबाट आदर सत्कारमा कुनै कमी भएको छैन ।"

## युवावस्था

मतिनाकाजी अब घरमा बसेर युवा अवस्था बिताउँदै कमाउने तर्फ लागे । घरमा पूर्ण युवा अवस्थामा पुगेका काका सानुकाजी र दाई बाबुकाजी नै कामगरी कमाउने दुई प्रमुख व्यक्तिहरू हुनाले मतिनाकाजीहरूलाई कुनै सीपमा लगाउन कपडा बुन्ने तान राखी काममा लगाई दिए । श्रीलंकामा ठूला ठूला भिक्षुहरूको आश्रयमा बसेर आएको हुनाले आफू पनि भिक्षु बन्ने मन दिनपर दिन बढेको र तानसेनमा त्यसताका भिक्षुहरूको आगमन हुँदै गर्ने गरेको तथा घरमा परिवारहरूले पनि भिक्षुहरूलाई गौरवपूर्वक सत्कार सम्मान गरी स्वागत गर्ने भएको हुनाले विशेष गरि मतिनाकाजी पनि भिक्षुहरूसँगै सत्संग गर्ने गर्नुहुन्थ्यो ।

सन् १९४३ अक्टोवरमा मतिनाकाजी बुबाहरूसँग बुटवलको घरमा बस्नआए । बुटवलमा हिउँदभरि ब्यापार हुन्थ्यो । सन् १९४४ मा उनका अति आत्मीय भएका कृष्णमान शाक्य अर्थात् सुब्बा भन्ने साथी गृहत्याग गरि कुशीनगरमा कुमार काश्यप नामले श्रामणेर



Downloaded from http://dhamma.digital/

भइसकेका थिए । साथीको प्रवज्याले गर्दा मतिनाकाजीको भिक्षु हुने आकांक्षा अन्तिम सीमामा पुगे । बुटवलमा वैशाख पूर्णिमासम्म ब्यापारको सिलसिलामा बस्नु पर्ने हुन्थ्यो । त्यस बखत भरखरका युवा अवस्थामा प्रवजित हुनु भएका भिक्षु अश्वघोष वैशाख पूर्णिमा मनाउन बुटवल आइपुग्नु भयो । बुटवलको पद्मचैत्य विहारमा बुद्ध जयन्ती उत्सव मनाइयो । कार्यक्रम सकेपछि भिक्षु अश्वघोष त काठमाडौं फर्कनु भयो तर युवक मतिनाकाजीको मन अशान्त रह्यो।

## त्यागको प्रयासमा घरबाट पलायन र वापसी

वैशाख पूर्णिमाको केही दिनपछि मतिनाकाजीले गृहत्याग गर्ने निश्चय गरे। एक दिन बिहानको ९।१० बजेतिर आफ्ना बुबा तिनाऊ खोलामा नुहाउन जानु भएको बेला घरबाट भागेर जाने यही उत्तम मौका हो भन्ने सम्झी सेपबाट केही सुनको गहना, हिराको औंठी, सुनका टुक्राहरू र नोटको गाँठ खल्तिमा हाली चुल्होमा भात पकाइ रहेकी फुफूलाई दोकानको सेपको साँचो दिई म कतै घुम्न जान्छु भनी यिनी हिंडे । तिनाऊ खोला पार गरी चारकोस जंगल भित्र पसी झाडीको बाटो हुँदै बसको बाटोको छेउ पुगेर पनि बसको बाटो पैदल हिँडेरै भैरहवा पुगे। बुटवलदेखि भैरहवा सुनौली र नौतनवा जान त्यतिबेला बस सर्भिस भए तापनि कुनै चिनजानका मानिस बसमा फेला पर्ला भन्ने डरले बसबाट नगई पैदल हिँडेर नै नौतनवा पुगे । वैशाख महिनाको तातो घाममा बाटोमा पसलबाट भुजा र भेली किनेर गोजिमा हाली हिँड्दै खाँदै जाँदा ७ बजेतिर नौतनवाको श्रीलंकारामा पुगे । मन्दिरमा श्रीलंकाका बाबा श्रीनिवास महास्थविर रहनु हुन्थ्यो । उहाँ मोतिकाजीसँग परिचित भिक्षु हुनुहुन्थ्यो। बेलुका ७ बजे मतिनाकाजी त्यहाँ पुग्दा उनलाई धेरै नै पैदल हिँड्नु परेको हुँदा थकाइले सताएको थियो । भोलिपल्ट ६ बजेको गाडीबाट गोरखपुर जान्छु भनी आफूसँग भएको नोटको गाँठ भन्तेलाई जिम्मा लगाई आराम गर्न कोठामा गए । थकाइले चाँडै नै निद्राले छोप्यो। बिहान ५ बजे नै उठछु भनी सुतेको मान्छे ९ बजे मात्र जागे ।

मुख धोई नुहाइरहेको बेलामा मन्दिरका एक ठिटा आई "तिमीलाई बाहिर दुईजना नेपालीहरूले सोध्दै थिए" भनी समाचार दियो। यो खबर सुन्ने बित्तिकै मतिनाकाजी मन्दिरको कुनातिरको कोठाभित्र गई अब मलाई समात्न कसैलाई पठाएको होला, कसरी यिनीहरूबाट बच्ने हो भन्ने चिन्ता गरी खाटमुनि लुक्न पुगे । सांच्चै नै बाहिर उनलाई समात्न आउने दुईजनामा एउटा आफ्नै मामाका छोरा र अर्को एक छिमेकी थिए । यिनीहरूले श्रीलंका बाबासँग भेटी मतिनाकाजीको बारेमा सोधपुछ गर्दै थिए । श्रीलंकाबाबालाई मतिनाकाजी घरबाट भागेर आएको के थाहा ? उनले "मतिनाकाजी आएको छ। कोठामा सुतेको होला।" भनेपछि तिनीहरूले प्रत्येक कोठा खोल्दै मतिनाकाजी लुकिरहेको कोठामा आइपुगे । भित्र चुकुल लगाइ राखेको हुनाले बाहिरबाट ढोका खोल्न नसकेपछि मतिनाकाजी भित्रै छ भन्ने बुझी जबरजस्ति ढोका फोर्न



Downloaded from http://dhamma.digital/

प्रयास गरेपछि मतिनाकाजीले चुकुल झिकेर ढोका खोली दिए । मामाका छोरा केही कडा स्वभावका थिए । यसरी पक्राउमा परेपछि उनलाई गाली गर्न र पिट्न खोजे । परन्तु उनीसँग आएको छिमेकी नरम स्वभावको हुनाले उनले पिट्न नलगाई "हामीलाई जुन काम अऱ्हाई पठाएको हो त्यो भैहाल्यो" भनी उनलाई बुबाकहाँ फर्काएर लैजाने कुरा गरे । मतिनाकाजीले नफर्किन धेरै आग्रह गरे। तर तिनीहरूले "अहिले हामीसँग हिंड। घरमा बुबा रोइरहनु भएको छ। घरमा पुगेपछि जे गर्नुपर्छ गर। हामी तिमीलाई जसरी भएपनि नलगी छोड्दैनौं। बुबाले तिमीलाई एउटा चिठी पनि पठाउनु भएको छ हेर" भनी चिठी दिए । मतिनाकाजीले चिठी खोलेर पढे, त्यसमा यसपाली जसरी भएपनि घर आउनू, तिमीलाई विदेशमा गएर पढ्ने इच्छा भए पछि मिलाईदिन्छु, फर्केर नआए तिमीले बुबाको मुख हेर्न पाउने छैनौ भनी अन्तमा लेखेको थियो । त्यति भएपछि श्रीलंकाबाबाले पनि "अहिले एकचोटी बुबाको बचन मान। घरमा जाऊ! पछि सबैकुरा मिलाईदिन्छु भनि पठाएपछि जानुपर्छ जाऊ!" भनी मतिनाकाजीलाई सम्झाए । बुबाको आग्रह र भन्तेको बचन हार्न नसकी मतिनाकाजी मामाको छोरासँगै घर फर्केरआए । यसरी पहिलो अभिनिष्क्रमणको प्रयास बिफल भयो ।

मोतिकाजी बुटवल खस्यौलिको बस स्टेशनमा आई छोरालाई पर्खिरहेका थिए । छोरा भेटेपछि कुनै कठोर बचन बोलेनन् । घर पुगेपछि "तिमीले लगेको सुनका गहनाहरू सुनका टुक्रा र नोट साथै ल्यायौ कि ल्याएनौं?" भनी सोधे । मतिनाकाजीले पनि पाँचसय बाहेक अरू सबै ल्याएकोछु भनी सुम्पीदिए । पाँचसय के गरिस् त भनी सोध्दा लंका बाबाको जिम्मामा दिएको हुनाले ल्याउन भुलें भनेपछि "बाबासँग भएको कहीं जाँदैन। पछि लिन गए पनि दिइहाल्नुहुन्छ।" बुबाले भने । यसरी लगेको गहना र नोटका बिट्टा लिइसकेपछि बुबा मोतिकाजीले अलि कडा शब्दले गाली गर्दै सम्झाए पनि कुनै अपशब्द भने प्रयोग गरेनन् । बरू छोरा भागेर गएकोमा उहाँको मन दुखेको आभास पाइन्थ्यो ।

## बिहेको योजना र गृहत्याग

मतिनाकाजीलाई विवाह वन्धनमा बाँधेमा घर गृहस्थी राम्रो चल्ने विश्वासमा पिता मोतिकाजीले उनको विवाहको लागि कन्याको व्यवस्था गरिसकेको थियो । तर वृहत् परिवारको कारण घरमा शान्तिको सट्टा बराबर कलह भैरहने हुँदा पारिवारिक वन्धनमा पर्नुको सट्टा उनले गृह त्याग गर्नु नै श्रेयष्कर ठाने ।

मोतिकाजीले पहिलो पटक आफ्नो छोरा भागेर गएको समाचार भिक्षु अमृतानन्दज्यूलाई पठाउनु भएको थियो । उहाँ श्रीलंकामा जाने कार्यक्रम भए मतिनाकाजीलाई पनि लिन आउनू, साथै उनीलाई विद्या अध्ययन मात्र गराउनू तर भिक्षु नबनाउनु भनी खबर पठाइएको थियो । सन् १९४५ मा भिक्षु अमृतानन्दज्यू फेरि श्रीलंका जाने निश्चय भएपछि मतिनाकाजीलाई पनि साथै लान बुटवल आउनु भयो । यो वर्ष मतिनाकाजी र बाबुकाजीलाई बुटवल नलगेको हुनाले यिनीहरू तानसेनमै बसेका थिए । मोतिकाजी र सानुकाजीहरू मात्र बुटवल गएका थिए ।



Downloaded from http://dhamma.digital/

अमृतानन्द भन्ते मतिनाकाजीलाई श्रीलंका लैजान आइरहनु भएको छ । जाने हो भने तुरुन्त बुटवलमा आइपुग्नू भनी मोतिकाजीले लेखी पठाएको पत्र बाबुकाजीले भुलेर केही दिन पछि मात्र दियो । भोलिपल्ट बिहानै मतिनाकाजीले कान्छीआमालाई आफूलाई श्रीलंकामा लैजान अमृतानन्द भन्ते बुटवलमा पर्खिरहनु भएको छ बाटोका लागि खाजा बनाई दिनुहोस् भन्दा कान्छीआमाले आँखाबाट आँसु खसाल्दै "मतिना ! तिमी जेठो छोरा हौ बुबा बुढो भैसक्नु भो । भाई बहिनीहरू सानै छन् । काकाहरू पनि बुटवलबाट फर्केपछि छुट्टिने कुरा छ । बुबालाई तिमीमाथि भरोसा छ ।" भनी सम्झाइन् । कान्छीआमाको यस्तो शोकले भरिएको कुरा सुनेर एक पटक उनी अन्यमनस्क स्थितिमा परे तर पनि श्रीलंकामा गएर विद्या अध्ययन गर्ने र भिक्षु हुने उनको इच्छा नै प्रवल थियो । तसर्थ कान्छीआमालाई ढोगेर बाटोको लागि बनाइ दिनुभएको खाजा लिई बिदा लिएर बाज्ये बज्यैकहाँ पनि गई श्रीलंका जान बिदा माग्न गए । बाज्ये बज्यैसँग भएको स्नेहले गर्दा बिदा हुँदा आँखाबाट आँसु बगाउँदै, आँखा पुछ्दै बाटो लागे ।

पहिले पहिले तानसेनबाट बुटवल जाँदा साँझतिर मात्र पुग्दथे तर त्यस दिन मनमा उत्पन्न भएको हर्षले गर्दा १ बजे नै पुगे । यस्तो छिटो हिँडाइ भएकोमा उनी आफू नै अचम्मित भए । त्यतिखेर त्यहाँ बुबा भरखर भान्सा सिध्याइ पसलमा बसिरहेका थिए । छोराले ढोगी सकेपछि "किन ढिलो गरिस् ? अस्तिनै चाँडै आऊ, भन्ते तिमीलाई श्रीलंका लैजान पर्खिराखेको छ भनी पत्र पठाएको होइन ? तिमी नआएको हुनाले ५।६ दिन भैसक्यो उहाँ फर्कनु भएको । अब गयो श्रीलंका ! भनी हप्काए । बुबाको कुरा सुनेर रूखबाट खसेको बाँदर जस्तै भएको मतिनाकाजीले भने "हिजो बेलुका मात्र दाईले पत्र देखाउनु भयो, आज म यहाँ आइपुगेको छु । मबाट केही ढिला भएको होइन ।" यति कुरा भएपछि बुबाले अब घरमै बस" भने । त्यत्रो ठूलो आश गरी आएकोमा काम भंग भएको र बुबाले उल्टो आफूलाई घरमै बस भनेको हुनाले उनी दिक्क भए । खान पिउन पनि मन गरेन र अशान्त चित्तले दिन बिताउन लागे । करीब एक हप्तासम्म यसरी छोरा बेचैन भएको देखेर मोतिकाजीले आफ्नो भाई सानुकाजीलाई "मतिनाकाजीलाई गोरखपुरमा लगी सिनेमा आदि देखाई ल्याउनु" भनी अह्राए ।

सन् १९४५ को जनवरी महिनामा काका सानुकाजी र मतिनाकाजी बेलुकातिर गोरखपुर पुगेर एउटा नेपाली होटलमा बास बसे । त्यतिबेला मतिनाकाजीले गोरखपुरबाटै भाग्ने निश्चय गरे । भोलिपल्ट बिहानै भतिजालाई होटलमै पर्खाई काका चाहिं आफू बजारमा दोकानको लागि चाहिने माल सामान किन्न गए । काका जानासाथ "जीवनमा जे होला होला !" भनीकन बुबाले गोरखपुरमा सामान्य खर्च गर्न भनी दिएको १०।१२ रूपैयाँको भरमा कुशीनगर जाने बसमा चढे । यसरी भागेर जाँदा मनमनै काका होटलमा आएपछि मलाई देख्नासाथ मेरो मनको कुरा बुझेको हुनाले मलाई खोज्दै कुशीनगर आउनु हुनेछ भन्ने डर पसेको थियो । त्यो दिन बिहान १० बजेतिर कुशीनगरको बर्मा मन्दिरमा उनी पुगे ।

कुशीनगरका विहाराधिपति ऊ. चन्द्रमणि महास्थविरलाई भेटी वन्दना गरी केही सुख दु:खका कुरा गरिसकेपछि उहाँले "किन आएको ?" भनी सोध्नु भयो । मतिनाकाजीले



Downloaded from http://dhamma.digital/

"भन्ते ! अमृतानन्द भन्ते मेरा दाज्यू हुनुहुन्छ, उहाँसँग श्रीलंकामा गई भिक्षु हुने इच्छाले आएको हुँ । भन्ते यहाँ हुनुहुन्छ होला र यहीँ भेटी साथै जान्छु भन्ने विचारले आएको हुँ" भन्दा बाबाले "अमृतानन्द त यहाँ हुनुहुन्न । अस्ति नै श्रीलंकाको तीर्थयात्रीहरू भेटी तिनीहरूसँग जान्छु भनी गइसके । अब तिमीले भेट्टाउन गाऱ्हो छ । नेपालका सबै मकहाँ आई भिक्षु र अनागारिका हुन्छन्, तिमी मात्रै किन श्रीलंकामा गई भिक्षु हुने ? के मकहाँ भिक्षु हुन चाहँदैनौ ?" भनेर सोध्नु भयो। बाबाको बचन सुनेर मतिनाकाजीले भने, "म श्रीलंकामा गएर पनि चाँडै भिक्षु हुने विचार छैन । पहिले म विद्या हासिल गर्न चाहान्छु त्यसपछि मात्र भिक्षु हुनेछु । पहिले जुनबखत श्रीलंका गई शिक्षा अध्ययन गर्दै थिएँ त्यसबखत वजिरारामका महानायक भन्तेले भिक्षु हुन चाहन्छौ भने मकहाँ आउनू भन्नु भएको थियो । उहाँको सोही बचन सम्झेर श्रीलंकामा भिक्षु हुन चाहेको हुँ।" बाबाले "वजिराराम विहार त श्रीलंकाको राम्रो विहार हो। त्यहाँका भिक्षुहरू पनि शीलवान हुन्छन् भन्ने सुनेको छु। त्यस्तो ठाउँमा भिक्षु हुनु राम्रै हो। तर तिमी कोसँग जान्छौ त ? अमृतानन्दलाई भेट्न त गाऱ्है हुन्छ।" भन्नुभयो । तैपनि सारनाथमा गए भन्ते अमृतानन्दज्यूलाई भेट्न सकिन्छ कि भन्ने विचारले सारनाथ जान यिनी तयार भए । त्यतिबेला गृहस्थमा छँदा अमृतानन्द भन्तेकी श्रीमती संघमित्ता पनि कुशीनगरमै हुनुहुन्थ्यो । संघमित्तालाई भेटी आफू आएको कारण सबै बताएपछि उहाँले पनि "भन्तेलाई भेट्न मुस्किलै हुन्छ। सारनाथ छोडी श्रीलंकाका यात्रीहरूसँग गइसके होलान् ।" भन्नुभयो । त्यतिबेला मतिनाकाजीले "भाउज्यू ! अब मेरो यो कदम पछाडि फर्किने छैन । म सारनाथ जान्छु । त्यहाँ भन्तेलाई भेटाउन सके मेरो भाग्य खुलिहाल्नेछ। बरू कुन बाटो गए बेस होला ?" भनेपछि उहाँले "बनारस जाने बस त देवरिया भईकन पनि जान्छ । गोरखपुर फर्केर रेलबाट गएपनि हुन्छ।" भन्नुभयो ।

गोरखपुरमा जाँदा फेरि काकाले भेटेमा छोड्नु हुन्न। त्यसकारण बसबाट देवरिया गई त्यहाँबाट बनारस सारनाथ जाने विचार गरी गुरुसँग बिदा मागी देवरिया गए। देवरियामा एकरात बस डिपोमा बिताए। त्यसपछि बनारस जाने बसमा चढी सारनाथ जाने बाटोमा बिहान ९ बजेतिर झरेर महाबोधि धर्मशालामा गए । त्यहाँ त्यतिबेला भन्ते सुबोधानन्दज्यूलाई भेटी वन्दना गरी आफू आएको कारण वहाँलाई बताए । वहाँले पनि "अमृतानन्द भन्ते यहाँबाट जानुभएको ४।५ दिन भयो। विमलादेवी र न्हुच्छेबहादुरलाई पनि श्रीलंकामा लैजान भनी साथै लिएर गएको छ।" भनेपछि झन् मन छटपटाई "एकछिन बुद्ध मन्दिर र धम्मिक स्तूपमा गई वन्दना गरि आउँछु" भनी मन्दिरमा गए ।

## अचल अधिष्ठान र प्रतीज्ञा

मन्दिरमा गएर उनले त्रिरत्न वन्दना पाठ गरे। फेरि धम्मिक स्तूपमा गएर सोही पाठ गरि स्तूपलाई सात पटक परिक्रमा गरी प्रार्थना गरे। "मेरो इच्छा पूर्ण होस्, अब म यो कदमलाई ज्यान गए पनि फर्काउने छैन।" भनी प्रतीज्ञा गरी धर्मशालामा फर्के । भन्तेले चिया पाउरोटी



Downloaded from http://dhamma.digital/

खुवाए । खाइसकेपछि सुबोधानन्द भन्तेसँग कुराकानी गर्दै अमृतानन्द भन्तेलाई भेट्न आफूले गरेका सबै प्रयत्नहरू बारे जानकारी दिए। "अब अमृतानन्द भन्तेसँग भेट हुन्छ कि हुँदैन ?" भनी सुबोधानन्द भन्तेसँग सोधे । भन्तेले भन्नुभो, "भन्ते श्रीलंकाका तीर्थयात्रीहरूसँग अरू तीर्थहरू पनि दर्शन गर्दै जाने हो । बीचमा विस्तार भए कलकत्ता पुग्न पनि केही समय लाग्न सक्छ।" "ज्यान गएपनि फर्किन्न भनी प्रतीज्ञा गरिसकेपछि ज्यानको के माया ? कलकत्तामा नै जान्छु चाहे त्यहाँ भेट होस् या नहोस्। भेट नभए महाबोधि सोसाइटीमा भएपनि केही काम गरी बसुंला।" भन्ने आँट गरी उहाँलाई भने– "भन्ते, म अब फर्कने छैन। कलकत्ता जान्छु। बरू मसँग भएको ४।५ रूपैयाँले खर्च नपुग्ने हुनाले ५ रूपैयाँ सापटी दिनुहोस्।" भनी सापटी मागी बनारसको रेल स्टेशनमा गई कलकत्ता जाने स्टेशनको इन्क्वाय्रीमा सम्पर्क राखे ।

## नेपाली क्याप्टेनको अनुपम उपकार

इन्क्वाय्रीमा गई सोध्न जाँदा कलकत्ता जाने रेल आधा घण्टा पहिले नै गइसकेको र अर्को रेल भोलिपल्ट मात्रै जानेछ भनेपछि मनमा दु:ख मान्दै यताउति हेर्दै जाँदा स्टेशनबाट केही पर नेपाली लाहुरेहरूको एक फौज देखे । साहसपूर्वक विस्तारै ती फौजी कहाँ गएर "कहाँ जाने हो ?" भनी सोधे । लाहुरेले "हामी लडाईमा जान आएका हौं।" भने पछि "तपाई कुन ठाउँमा कुन बाटोबाट जाने ?" भनी सोधे। तिनले "त्यो हामीलाई थाहा छैन। उता क्याप्टेन बसेको छ। उनीसँग सोध्न जाऊ" भने। यदि रेल कलकत्ता भई जाने भए यसैमा जान पाउँछु भन्ने मनमा सोची विस्तारै क्याप्टेन भएको कम्पार्टमा पुगे ।

क्याप्टेन साहेब मिलिटरी पोशाकमा क्याप लगाई जमेर बसेका थिएँ । मतिनाकाजीले नेपाली दौरा सुरूवाल, कोट र नेपाली ढाकाटोपी लगाएको थियो । त्यहाँ पुग्ने बित्तिकै क्याप्टेनलाई सलाम ठोके । उनले सलामी स्वीकार गरेर सोधे, "के हो ? किन आएको ?" मतिनाकाजीले "साहेब ! म कलकत्ता जान आएको गाडी छुट्यो। यदि तपाईहरूको यो गाडी कलकत्ता भई जाने हो भने, कृपया ! मलाई उभिएर भए पनि जानलाई ठाउँ दिनुहोस्।" भन्दा क्याप्टेनले "गाडी त कलकत्ता भएर नै जाने हो। तर हामी लडाईमा जान लागेका हुनाले तिमी पनि लडाईमा जाने हो भने हुन्छ।" भने । मतिनाकाजीले त्यतिबेला विनम्र भई "साहेब ! म अत्यन्त जरूरी काममा आएको हुँ। कलकत्तामा एउटा बौद्ध भिक्षु साधुले मलाई पर्खिरहेका छन् । उनीसँग म श्रीलंका गई भिक्षु हुन आएको हुँ । भोलि कलकत्ता नपुगी नहुने भएकोले तपाईको सहारा मागेको हुँ। कृपया ! मलाई कलकत्तासम्म पुऱ्याइ दिनुहोस्। तपाईलाई ठूलो धर्म लाग्ने छ।" भने पछि क्याप्टेनको मनमा दया जाग्यो। त्यसकारण उनले भने, "ए ठिटा ! तिमी यति स्यानो उमेरको भएर पनि तिम्रो विचार र हाम्रो विचारमा धेरै अन्तर छ । हामी अरूलाई मार्ने सायद आफू पनि मर्ने । तिम्रो र हाम्रो विचार आकाश र पाताल जतिकै फरक छ । हामी लडाईमा गएर मर्ने हो कि के हुने हो ? हाम्रो जीवनको कुनै ठेगान छैन । तिम्रो विचार महान छ, आफूलाई पनि शान्ति हुने अर्कालाई पनि शान्ति दिलाउने । त्यसकारण तिमी जस्ता विचार



Downloaded from http://dhamma.digital/

भएका, साधु बन्न आएकालाई उपकार गरे मलाई पनि ठूलो उपकार र धर्म हुनेछ । हामी मरेरै गए पनि तिमीलाई गरेको उपकार र धर्मले परलोकमा हाम्रो हित हुनेछ । त्यसकारण आऊ बस । यही रेलबाट तिमीलाई कलकत्ता पुऱ्याई दिनेछु।" भनी आफ्नो सीटसँगै मिलाइ दिए । भाग्यमानीलाई भूतै कमारो भने जस्तै अथवा नेवारीमा अगचा: मालां देग:चा लुइगु वा ढुंगा खोज्दा देवता मिलेको भने झैं भयो ।

क्याप्टेनको सल्लाह मुताबिक मतिनाकाजी दगुर्दै गएर कलकत्तासम्मको टिकट लिन गए । टिकट लिएर नआउन्जेल प्रतीक्षा गरेर आउनासाथ ढोका खोली खुसीसाथ सँगै बसाले । केही छिनमानै रेलको सिट्टी बज्यो। बिस्तारै रेल गुड्दै बनारस स्टेशनबाट बिदा भयो । केही समय पछि अनेक स्टेशन आए। रेलको प्लेटफर्ममा चिया गरम भन्ने आवाजहरू आउँथे । क्याप्टेनले ठाउँ ठाउँमा चिया फलफूलहरू किन्दै खुवाउँथे । बराबर के खान चाहन्छयौ भनी अति नै दया राखी सोध्थे ।

यस्तै जाँदा जाँदै दिन बित्यो, रात बित्यो। बिहान भएपछि हावडा जक्सन पुग्न लागेको बेला क्याप्टेनले सोधे, "ठिटा ! स्टेशन पुग्न अब धेरै समय छैन। तिमी कहाँ जाने ?" उनले "साहेब ! म कलकत्ता महाबोधि सोसाइटीमा जाने हो। त्यो हरिश्चन्द्ररोड कलेज स्क्वायरमा पर्छ। स्टेशन पुगेपछि विस्तारै जाउँला। त्यहाँ चिने जानेका मानिसहरू छन् । भिक्षुज्यू पनि त्यहीँ पर्खिराख्नु भएको होला" भने । यति कुरा गर्दा गर्दै स्टेशन नजिक आयो । रेल पनि अलि विस्तारै चल्न थाल्यो र स्टेशनमा पुगी रेल रोकियो । क्याप्टेनले "अब चाँडै ओर्ल। म तिमीलाई छोड्न स्टेशन बाहिरसम्म आइदिउँला र तिमीलाई बिदा दिएर फर्कुला। हामी आएको रेल धेरै बेरसम्म यहाँ रोक्दैन।" भनी रेल रोक्नासाथ दुवैजना फटाफट हिँड्दै स्टेशन बाहिर निस्क्यों । बाहिर ट्रलिबसहरू आउँदै जाँदै गर्दथे । दुइवटासम्म ट्रलिबस अर्कै दिशाको पऱ्यो । तेश्रो ट्रलिबस हरिश्चन्द्र रोडको नजिक भई जाने हो भनी कण्डक्टरले भनेपछि क्याप्टेनले, "यो ठिटालाई हरिश्चन्द्र रोडमा ओराली दिनू। कलेज स्क्वायर जाने ठाउँ बताई दिनू।" भनी मतिनाकाजीलाई "लौ अब बिदा तिम्रो इच्छा पूर्ण होओस् है।" भनी फर्केर गए ।

## महाबोधि मन्दिरमा

यसरी बनारसबाट कलकत्ता नपुगुन्जेल आशा निराशाको समुद्रमा पौडि खेल्दै, मनको लड्डु घिउसित खाँदै, झ्यालबाट यताउताको दृश्य हेर्दै अनि आफू आएको उद्देश्य सोच्दै कल्पनाको सागरमा डुबुल्की लगाउँदै जाँदा समय गएको चालै पाएन। महाबोधि सोसाइटी पुगेपछि अवश्य भाग्य खुल्ने छ। दाज्यू भन्ते (अमृतानन्द) नभेटे पनि महाबोधिका जनरल सेक्रेटरी देवप्रिय बलिसिंहज्यूले सहारा दिनेछ अथवा त्यहाँ बस्ने भन्तेहरूले सहारा दिनेछन् भन्ने कुरा मनमा खेलाउँदै गए । हरिश्चन्द्र रोडमा ट्रलिबस रोकेपछि कण्डक्टरले "यताबाट घुमेर कलेज स्क्वायरतिर जानू, पोखरी भेटिन्छ र महाबोधि मन्दिर देखिन्छ।" भनी बताइ दिए । सोही अनुसार महाबोधि खोज्दै गए । सन् १९४१ तिर श्रीलंका गएको बेलामा महाबोधि सोसाइटीमा



Downloaded from http://dhamma.digital/

केही दिन बसेर गएको हुनाले वरिपरिका दृश्य मतिनाकाजीलाई याद थियो । त्यसकारण ट्रलिबसबाट ओर्लेर आएपछि पोखरी देख्ने बित्तिकै उनको आँखा महाबोधि सोसाइटीतिर पुगे । महाबोधि मन्दिरको बाहिर गेटनिर अघि भन्दा केही परिवर्तन भएको देखे पनि माथिल्लो तल्लाको दृश्यले महाबोधि यही हो भन्ने ठम्याइ मन्दिरतिर चाँडै नै पुगे । मन्दिरको गेटनिर पुरानै चौकिदार थियो । उनीसँग भित्र भन्तेहरू "छन् कि छैनन् भनी सोध्दा हुनुहुन्छ।" भनेपछि पहिलो पटक श्रीलंका आउँदा सोही मन्दिरमा भेटेका श्रीमान देवप्रियज्यूलाई फेरि भेटे । तत्पश्चात् भन्तेहरूलाई वन्दना र नमस्कार गर्न उत्सुक हुँदै उहाँहरूको निवास स्थलतर्फ लागे।

पहिले जिनरत्न बाबालाई भेट्न पुगे। उहाँलाई वन्दना गरी उठेपछि बाबाले उनलाई चिन्न नसकेको जस्तो लागेर "भन्तेले चिन्नु भएन कि मलाई ?" भनेर सोधे। उहाँले नियालेर हेरी अलि भ्रम भएको कुरा सुनाउँदा उनले "म मतिनाकाजी हुँ।" भन्नासाथ "अरे ! तिमी त अलि ठूलो भइसकेको हुनाले झट्ट चिन्न गाऱ्हो भयो । खोइ त अमृतानन्द ? तिमी एक्लै आएको हौ कि। उनकै साथमा आएको ?" भनी सोधे ।

मतिनाकाजीले अमृतानन्द भन्तेलाई खोज्दै कलकत्तासम्म आइ पुगेको कुरा भनी सकेपछि बाबासँग प्रश्न गरे, "अमृतानन्द भन्ते श्रीलंका जानु अगाडि यहाँ आउनु पर्ने होइन ?" भन्तेले पनि "हुन त हो। श्रीलंका जानु अगाडि यहाँ आएर जानुपर्ने हो । तैपनि अर्कै कुनै बाटो लागेर श्रीलंका जान पनि सक्छ" भने। यो शब्दले मतिनाकाजीलाई फेरि एकपटक छटपटि लाग्यो। उनले सोधे, "के त यहाँ नआइकनै अमृतानन्द भन्ते श्रीलंका जानुहुन्छ त ? त्यसोभए त साऱ्है आपत पर्ने भयो। मेरो यो यात्रा त त्यसै विफल हुने जस्तो भयो नि"। "किन यसो भनेको" भनी सोधेपछि मतिनाकाजीले विस्तारै आफ्नो मनको कुरा र आएको कारण अनि अमृतानन्द भन्तेज्यूले लिन आउनु भएको समयदेखि कुन कुन तरीकाले यहाँसम्म पुगियो सबै बेलिविस्तार गरे। उनको यी सबै कुरा सुनिसकेपछि भन्तेको मनमा उनीप्रति दयाको भावना जागेर भन्नुभयो, "अब जे भयो, भयो। यदि अमृतानन्द यहाँ आइपुग्यो भने तिम्रो इच्छा त पूर्ण हुन्छ नै। उनी नआए पनि धन्दा मान्नु पर्दैन। यहीं बस। कुनै उपयुक्त समयमा तिमीलाई श्रीलंका पठाउने कोशिस गरूँला। तिमी जुन विचारले त्यत्तिको कठोर परिश्रम गरेर आयौ त्यो नै महान र श्रेष्ठ विचार हो । तिम्रो इच्छा पूरा गर्न हामी प्रयास गरौंला, धन्दा नमान। खान पिउनको निम्ति पनि केही चिन्ता नलेऊ। यहीं हामीसँग खाऊ, पिऊ र आफूलाई केही चीजको आवश्यकता छ भने भन, हामी सहयोग गरौंला।" ठ्याक्कै यहीबेला अर्को एकजना श्रीलंकाको भन्ते आइपुगे । उनले मतिनाकाजीको विषयमा सोध्दा जिनरत्न भन्तेले उनको कुरा बृतान्त सुनाउनुभयो । उनको कुरा सुनेर दुवैले मतिनाकाजीको बारेमा आश्चर्य प्रकट गरी "धन्दा नमान। अमृतानन्द आए पनि नआए पनि हामीले चाहिने मद्दत गरौंला" भने ।

यी कुरा सुनेर मतिनाकाजी धेरै आश्वस्त भयो । तैपनि बीचैबाट भागेर आएको हुनाले "सानुकाजी काका घर पुग्यो होला। छोरालाई नदेखी साथै किन नल्याएको भनी बुबा र काका दुईजनाको बीच झगडा पऱ्यो होला। दुवै खोज तलास गर्दै यहाँ आएर फेरि समातेर लैजाला।



Downloaded from http://dhamma.digital/

वा काकाले खोज्दै कुशीनगर गए होलान्। त्यहाँबाट सारनाथ अनि त्यहाँ गई कलकत्ता गएको थाहा पाई यहाँ पनि आइपुग्नु भयो भने त फसादै पर्ला" भन्ने डर भई मनमा कुरा खेल्दै जान्थ्यो ।

केही छिन पछि भन्तेहरूले मतिनाकाजीको अरू सामान केही नदेखी बेलुकी साँझतिर बजार घुम्न जाउँ भनी लगे । जिनरत्न भन्तेले एउटा रूमाल, कट्टु, गञ्जी र साबुन किनी दिए । अर्को भन्तेले मिठाई चिया आदि किनेर खुवाए । केही समय यतिकै बित्दै गयो । अमृतानन्द भन्तेको प्रतीक्षा तीव्र हुँदै गयो । प्रत्येक दिन भन्ते आज आउला कि भनी मन्दिरको झ्यालमा बसी प्रतीक्षारत रहे । बिहान बेलुका मन्दिरमा ताजा फूलहरू चढाई बुद्ध वन्दना गरी मेरो इच्छा पूर्ण होस् भनी प्रार्थना गर्दथे । भन्तेहरूलाई वन्दना गरी उहाँहरूको सेवा गरी सानैदेखि गीत गाउने अभ्यास भएको हुनाले श्रीलंकाली तथा नेपाली गीत कविताहरू सुनाइ खुसी पार्थे ।

## कलकत्तामा अमृतानन्द भन्तेसँग भेट

चार पाँच दिन बित्दा पनि अमृतानन्द भन्तेको कुनै अत्तोपत्तो भएन। छैठौं दिन मन्दिर भित्रको खुल्ला धारामा लुगा धुँदै नुहाई रहेका थिएँ। कुनै भन्ते माथि बैठकतिर चढ्दै गएको देखें। झलक्क अमृतानन्द भन्ते नै होला जस्तो लाग्यो। श्रीलंकाका तीर्थयात्रीहरू पनि एक एक गरी भित्र पसेको देखे। पक्कै पनि आफ्नै भन्ते नै हो भनी मनमा चिताई चाँड चाँडै स्नान गरी लुगा लगाइ माथि बैठकमा पुगेर हेर्दा अमृतानन्द भन्ते त साँच्चै नै कुर्सिमा बसिरहनु भएको पाए। प्रसन्न भइ भन्तेलाई वन्दना गरे । भन्ते चाहिं मतिनाकाजीलाई देखेर अकमक्क परी "ए तिमी कहिले आयौ ? कसरी आयौ ? तिमीलाई लिन भनी म बुटवल गई केही दिन पर्खे। तिमी नआएको हुनाले म यतातिर आएँ । के म बुटवलमा आएको कुरा तिमीलाई थाहा भएन र ?" भनी दुई चार प्रश्न गरे । मतिनाकाजीले भएभरको घटना सुनाए। जुन तरीकाले कलकत्ता आए त्यो सबै सुनेपछि अमृतानन्द भन्ते पनि अचम्म माने । केही छिनपछि विमलादेवी र न्हुच्छेबहादुर आफ्ना झिटीमिटी लिई कुरा गरिरहेको ठाउँमा आइपुगे । विमलालाई सानै उमेरमा सारनाथमा पढाई राखेकोले काका मतिनाकाजीलाई तिनले चिनीहालिन् । न्हुच्छेबहादुरले नचिनेको हुनाले भन्तेले परिचय गराइ दिनुभयो । "यिनीलाई नै साथै ल्याउन भनि बुटवलमा गएको। अब हामी भन्दा पहिले यहाँ आइपुगेछ ।" केही छिन पछि भन्तेले श्रीलंका जानलाई खर्चको के व्यवस्था छ भनी सोध्नु भयो। उनले बिचैबाट भागेर आएको, यहाँसम्म पनि एउटा मिलिटरी क्याप्टेनको सहायता नपाएको भए पुग्न मुस्किल हुन्थ्यो भने। "अहिले मसँग एक पैसा पनि छैन" भनी बताए । यो कुरा सुनेर भन्तेले भन्नुभो – "अब कसरी लंका जाने त ? मैले दुइजनालाई खर्च बेहोर्नु पर्छ, । मसँग आइराखेका यात्रीहरूले मलाई र विमलादेवीलाई केही न केही खर्च गर्ने गरेका छन् । अब तिमीलाई कसरी लैजाने।" हाम्रो बीच यस्तो कुरा भैरहेको बेलामा महाबोधि सोसाइटीका सेक्रेटरी जिनरत्न बाबा आई हाँस्दै भने "अमृतानन्द। के हो भाई त बडो गजबसँग यहाँ आइपुग्यो नि।



Downloaded from http://dhamma.digital/

यिनी यहाँ आएको यात्रा बारेमा सुनेर हामीलाई बडो आश्चर्य लागेको छ । यिनी बहादुरै रहेछ । यिनीलाई तिमीले जसरी भएपनि श्रीलंका लैजानै पर्छ । श्रीलंकाको नामी विहारमा भिक्षु हुन आएका यिनीलाई नलगे कसलाई लैजाने ? बरू हामीहरूको तर्फबाट यिनको निम्ति जे गर्नु पर्छ भन, सकेको मद्दत गर्छौं ।" अनि "पासपोर्ट छ कि छैन" भनी सोधे । भागेर आएकोसँग केको पासपोर्ट ? यस्तै कुरा भैरहेको बेलामा तीर्थयात्री पार्टीका लिडर पनि त्यहीं आइपुगे र अरू यात्रीहरू पनि जम्मा हुन आए ।

सेक्रेटरी भन्तेले मतिनाकाजीलाई देखाएर उनको बारेमा कुरा उठाए- "अब यो ठिटालाई लंकामा लैजान नेपाली भन्तेसँग पैसा पुग्दैन । यिनी भिक्षु हुनको लागि त्यत्तिको कठोर परिश्रम गरी आत्मत्याग गरी यहाँसम्म भागेर आइपुगे ।" यो कुरा सुनाएपछि तहाँ भएका यात्रीहरू सबैले एकै मुखले भन्नथाले "भन्ते ! हामीसबै मिली यिनको लागि लंकासम्म जाने फस्टक्लाससम्मको खर्च व्यहोर्छौं । बरू यिनलाई लैजाने उपाय गर्नु होस् ।" भनेपछि भन्तेहरूले साधुकार दिए ।

यसरी श्रीलंका लैजान अमृतानन्द भन्तेलाई खर्चको झन्झट व्यहोर्नु परेन । त्यसपछि कलेरा इन्जेक्शन र भ्याक्सिनेशनको रिपोर्ट आवश्यकता थियो र लंका जान धुनस्कोटी चेकपोष्टमा देखाउन एउटा ठूलो संस्थाको ग्यारेन्टी पत्र पनि आवश्यकता थियो । त्यतिबेला श्रीलंका र भारत ब्रिटिश शासनकै अधिनमा भएको हुनाले पासपोर्टको पनि त्यतिको आवश्यकता भएन । तसर्थ भोलिपल्ट कुनै सरकारी हस्पिटलमा गई भ्याक्सिनेशन र कलेराको इन्जेक्शन लिई कार्ड पनि ल्याए । महाबोधि सोसाइटीको तर्फबाट चेकपोष्ट इमिग्रेशन अफिसमा देखाउन ग्यारेन्टी पत्र सेक्रेटरी भन्तेले लेखिदिए । यसरी मतिनाकाजीको श्रीलंका जाने बाटो खुल्यो । सबै श्रद्धालु यात्री तथा भन्तेहरूको कृपाले अमृतानन्द भन्तेको बोझ पनि हलुका भयो । तीर्थयात्रीहरू भन्नथाले- "हामीहरूको तीर्थयात्रामा सबभन्दा ठूलो धर्म त भिक्षु हुन आएको यो ठिटालाई उपकार गर्नु नै सम्झनु पर्छ ।"

यी यात्रीहरूसँग बजारमा घुम्न जाँदा मतिनाकाजीले टाक्क टुक्क लंका भाषाले कुरा गर्दा, दोकानमा तिनीहरूले सामान खरिद गर्दा मोल तोल सोधी बताउँदा र लंका भाषाका बौद्ध गीत गाएर सुनाउँदा तिनीहरू खुसी भई हाँस्दथे र मन्दिरमा आई "यो ठिटा त गजबकै रहेछ, सिंहली भाषा पनि टाक्क टुक्क बोल्छ । कविता पनि गाएर सुनाउँछ । हामीलाई त यो ठिटो बडो मज्जाको लाग्छ ।" भनी भन्तेहरूलाई सुनाउँदै "यिनीलाई लंका पुऱ्याउन जति खर्च लाग्ने हो त्यो म आफै बेहोर्छु, म आफै गर्छु" भन्दै आपसमा तानातान गर्नथाले । त्यो अवस्थामा मतिनाकाजी १५।१६ वर्षको ठिटो थियो । कपाल धुम्रिएको केशले आकर्षक देखिन्थ्यो । नेपाली पोशाक लगाएको हुनाले यात्रीहरू निकै रमाउँथे । जुन यात्री भेटे पनि लंका भाषाले 'आयुबोवान' भनी हात जोडी नमस्कार गर्दथे । उनको चाल चलन देखी तिनीहरू प्रसन्न हुन्थे र बजारमा जाँदा कसैले रूमाल, कसैले साबुन, कसैले कुट्टु, कसैले ऐना आदि केही न केही किनिदिन्थे ।



Downloaded from http://dhamma.digital/

यसरी दुई दिन यात्रीहरूसँग बिताइ सकेपछि तेश्रो दिन श्रीलंका जानको लागि सबै हावडा स्टेशनमा पुगे । कलकत्तादेखि मद्रास भई धनुस्कोटीसम्मको रेल रिजर्वेशनको टिकट सबै मिलेर राखी दिए । रेलमा आ-आफ्नो सिट नम्बर अनुसार सबै यात्री बसे । मतिनाको सिट अर्कै थियो तैपनि भर्खरका युवक भिक्षु बन्न आएको हुनाले सबैले माया गरी आफूसँग राख्न चाहन्थे। आखिर उनी आफ्नी भतिजी विमलादेवीसँगै बसे । रेल साँझको साढे सात बजे हावडाबाट निस्क्यो ।

## श्रीलंका प्रस्थान

रेलको पाँग्रा जति जति छिटो गतिले कुद्दै गए उति उति नै मतिनाको मन सन्तोष र हर्षले बिभोर हुँदै गयो । उनलाई थाहा थिएन कि उनी कहाँ पुगे । रेल स्टेशन, स्टेशनमा रोकिन्थ्यो अनि प्लेटफर्ममा चिया गरम, मिठाई मिठाई भन्दै झ्याल झ्यालमा आई बेच्ने मान्छेहरू कराउँथे । कुनै यात्रीले उनलाई बोलाई चिया, केरा, मिठाई आदि किनेर ख्वाउने गर्थे । भतिजी विमलादेवीलाई पनि खुवाउँथे । भन्तेको नाताले गर्दा यात्रीहरूले धेरै नै दया माया देखाए। कहिले काहीं मतिनाकाजी कल्पनाको सागरमा डुबुल्की मार्दै वजिराराम पुगिसकेका हुन्थे त कहिले काहीं घरको सम्झना गरी घरमा के भइरहेको होला, बुबाले मलाई भारततिर खोज्दै होला भन्ने चिन्ता पनि गर्थे । कहिले काहीं बाज्ये बज्यै, मामा दाईहरू अनि बुबा काका आदिको सम्झना गर्थे, कहिले सपनामा भिक्षु बनी भिक्षा माग्न गएका हुन्थे । रेलको यात्रामा यसरी दुई दिन बिते ।

मद्रासमा पुगेर एकरात त्यहीं बिताए। भोलिपल्ट रेल चढी एक रात बितेपछि समुद्रको किनार भई धनुस्कोटीमा पुगे । चेकपोष्ट इमिग्रेशन अफिसमा पासपोर्ट देखाइयो । नेपालबाट आएको हुनाले ग्यारेण्टी पत्र देखाइयो । केही बाधा व्यवधानको कुरा निकाले पनि महाबोधि सोसाइटीका जनरल सेक्रेटरीको तर्फबाट लेखिदिएको ग्यारेण्टी पत्रलाई आधार मानी लंका जाने गेट खोलियो । धनुस्कोटीमा यात्रीहरूले लगाएका लुगा गरमपानीमा डुबाई सुखाइदिने चलन रहेछ । गेटदेखि अलि पर धनुस्कोटीदेखि तलाइमन्नार भन्ने लंकाको सिमानामा पुऱ्याइदिने पानीजहाज पर्खिराखेको थियो । पानीजहाजको सिट्टी बजाइएपछि सबै यात्रीहरू आफ्ना सामानहरू बोकी जहाजमा पस्न थाले । पंक्तिवद्ध भएका यात्रीहरू सबैले आ-आफ्ना पासपोर्ट र मालसामान देखाउँदै चेक गराउँदै गरे । भारतबाट खानपिनका चीज वस्तुहरू श्रीलंका लान मनाही थियो । धेरै सामान भएकाहरूसँग कर लिन थालियो । कसैका बिस्कुटका टीन र डब्बा समुद्रमा फालिए । त्यतिबेला झुण्डका झुण्ड समुद्री माछाहरू आई उफ्रँदै बिस्कुट खान थाले । यो रमाइलो दृश्य थियो ।

पानीजहाजको सिट्टी फेरि बज्यो । जहाज नचलेसम्म भन्तेले सबैलाई माथिल्लो तल्लामा लगी यताउता घुमाउँदै थिए । समुद्रका लहरा आई जहाजमा ठोकिन्थ्ये । कहिले काहीं त्यो पनि झ्याप्लाङ्ग हुँदा जहाज भित्र पनि केही पानी पस्थ्यो । तेश्रो पटक सिट्टी बजेपछि जहाज चल्न थाल्यो । विस्तार विस्तार अघि बढ्दै गयो । केही छिन पछि जहाजमा बसेका केही यात्रीलाई समुद्री



Downloaded from http://dhamma.digital/

ज्वरो (Sea-Sickness) आउन थाल्यो । उनीहरूले वाक्क वाक्क गरी बान्ता गर्न थाले । जहाजको बेग बढ्दै गयो। धनुस्कोटी टाढा हुँदै गयो। केही समय पछि श्रीलंकाको सिमाना देखिन थाल्यो । सबै आ-आफ्नो घर चाँडै पुग्न हतारिन थाले । मतिनाकाजी पनि भोलि बिहान त कोलम्बो पुगिन्छ, वजिराराम पुगेर त्यहाँका महानायक महास्थविर आदि भिक्षुहरूको दर्शन गर्न पाउने भयो भनी मनमनै कल्पना गर्दै रमाउन थाले। न्हुच्छेबहादुर, विमलादेवी र मतिनाकाजी जहाजको बार्दलिमा यताउता गर्दा रक्सीले मात्तिएका मानिस झैं यताउती ढल्किन्थे। त्यस्तोबेला उनीहरू परस्पर आत्तिएको अनुहार लिइ आपसमा हाँस्दै कहिले न्हुच्छेबहादुरले मतिनाकाजीलाई समात्ने कहिले मतिनाकाजीले विमलाको हात समाती राख्ने गर्दथे। तिनीहरूलाई यो पानीजहाजको यात्रा रेल मोटरको यात्रा भन्दा रमाइलो लागिरहेको थियो।

केही छिनपछि जहाज जेटीमा पुग्ने संकेत दिनको लागि सिट्टी बज्यो। जहाजको चाल विस्तार हुँदै जेटीमा पुग्यो । जहाज जेटीमा पुग्दा साँझ परिसकेको थियो। यात्रीहरू आ-आफ्नो परिवारले लिन आएको देखी कसैले हात हल्लाई, कसैले रूमाल हल्लाई संकेत दिन थाले । तिनीहरूले पनि तीर्थयात्राको लागि गएका आफन्तहरू निर्विघ्नतापूर्वक फर्केकोमा खुसीयाली प्रकट गर्दै रूमाल हल्लाए । सबै यात्रीहरू आफ्नो देश पुग्यौं भनी खुसी हुँदै जहाजबाट उत्रिनासाथ रेलको डिब्बामा आ-आफ्ना टिकट अनुसार बूक गरिराखेको सीट खोज्दै बस्न थाले । मतिनाकाजीहरू पनि अति खुसी भई जहाजबाट उत्रिनासाथ रेलमा आफ्नो ठाउँ खोजेर बसे। विमलादेवीलाई श्रीलंकामा बसुन्जेल पाल्ने दाताले जिम्मा लिएको हुनाले उनीहरूसँगै गइन्। विमलालाई घरमा छँदा मतिनाकाजीले अरू परिवारले भन्दा निकै माया गर्थे। त्यसकारण उनी आफूसँग छुट्टिई दातासँग जाँदा अलि दु:ख माने।

रात परेपछि रेलको सिट्टी बज्यो। भन्ते, न्हुच्छेबहादुर र मतिनाकाजी एउटै लामो सीटमा बसे। दोश्रो सिट्टी बजेपछि रेल गुड्न एकैचोटी तानेजस्तै भई तिनका पाँग्रा घुम्न थाले। तलाईमन्नार स्टेशन छोडे पछि रेल छिटो गुड्न थाल्यो । स्टेशनमा चिया, पाउरोटी, केरा आदि खाँदै भोलि बिहान ६ बजेतिर कोलम्बो पुग्ने कुरा सुनेको हुनाले भोलि त वजिराराम पुगुँला भन्ने विचार गर्दै निर्धक्क भइ निदाउँदै गए। भोलिपल्ट बिहान करीब चार बजेतिर जोडसँग सिट्टी बजेपछि विस्तारै गुड्दै एउटा स्टेशनमा रेल अडियो। चारैतिर बिजुली बलिरहेको थियो। त्यहीं एउटा ठूलो चैत्य पनि देखा पर्‍यो । भन्तेले भन्नुभो, "हेर यही हो अनुराधपुर जहाँ सम्राट अशोकको छोरा महिन्द महास्थविर आई श्रीलंकाका सिंहलीहरूलाई बुद्धधर्ममा दीक्षित गरेका थिए । छोरी संघमित्ता भिक्षुणीले बुद्धगयाको महाबोधि बृक्षको शाखा ल्याई रोपेका थिए ।" मतिनाकाजी बालककालमा पहिलो पटक श्रीलंका जाँदा उसलाई यो कुरा थाहा थिएन, केवल रावणले सीता हरण गरी लगेको कुरा मात्र सुनिराखेका थिए ।

बिहान ६ बजेतिर कोलम्बो स्टेशनमा पुगेपछि अघिल्लो दिन साँझदेखि नदेखेकी विमलालाई जिम्मा लिने दाताआमा र दाताबाहरूलाई पेभमेन्ट (Pavement)मा भेटे । उनीहरू भन्तेसँग बिदा मागी अर्को रेल गाडीमा चढी पानदुरा भन्ने आफ्नो गाउँमा गए । भन्तेहरूको



Downloaded from http://dhamma.digital/

साथमा मतिनाकाजी गाडीमा चढी बम्बलपिटी स्टेशनमा झरे। तहाँ रिक्सामा चढी वजिराराम विहारमा आए। विहारमा पुग्नासाथ पहिले बालककालमा चिनेका भन्तेहरूले मतिना मतिना भन्दै हाँस्दै बोलाउन थाले। मतिना पनि देखेजति भन्तेहरूलाई वन्दना गर्दै गए। अमृतानन्द भन्ते आफूलाई व्यवस्था गरिएको कोठामा जानु भई आफ्नो सामान थन्क्याउनु भयो। पछि जलपानको लागि दानशालामा बोलाएपछि सबैले जलपान गरे। त्यसपछि वजिरारामाधिपति गुरु बस्नुभएको कोठामा गई गुरुलाई वन्दना गरे। गुरुले "मतिनाकाजी फेरि आयौ। के अब भिक्षु हुने हो कि ?" भनी सोध्नुभयो। अमृतानन्द भन्तेले मतिनाकाजीको बृतान्त बयान सुनाउनुभयो। भिक्षु हुन आएको भनी थाहा पाई उहाँ साह्रै खुसी हुनुभयो।

## श्रामणेर तालिम

वजिराराम पुगेपछि मनमा अति खुसी भएको हुनाले दुई तीन दिन कट्केको चालै पाएनन्। तैपनि कहिले काहीं मतिनाकाजीलाई घर तथा बाज्ये बज्यैको सम्झना आउने र घरबाट प्रव्रजित हुनको लागि बाधा पर्ने कुनै चिट्ठी आउला कि भन्ने डर लाग्न थाल्यो। किनभने घरबाट भागेर आउँदा बुबाको अनुमति लिएर आएको थिएन। बुद्ध शासनमा अनुमति बिना भिक्षु बनाइँदैन। एकदिन अमृतानन्द भन्तेले भन्नुभयो "तिमी घरबाट भागेर आएको हुनाले अब सुबिस्तासाथ श्रीलंका पुगेको समाचार बुबालाई पठाऊ। त्यहाँ बुबाहरू चिन्तित भइराखेका होलान्।" मतिनाकाजीले भने जुन विचारले आएको हो त्यो काम पुरा भएपछि मात्र समाचार पत्र लेखुँला भन्ने मनमा चिताई आफू श्रीलंकामा पुगेको समाचार लेख्न ढिलो गर्दै गए।

श्रामणेर बन्नको निम्ति केही विनय अर्थात् श्रामणेर शिक्षा अध्ययन गर्न गुरुले आदेश दिनुभयो। यसबाट भिक्षु बन्न ढिलो हुने हो कि भन्ने मनमा डर पैदा भएको अथवा मन आत्तिएको हुनाले चाँडै प्रव्रजित हुनपाए बेश हुनेछ भनी अमृतानन्द भन्तेलाई आग्रह गर्दा, भन्तेले गुरुलाई भनेपछि गुरुले केही दिनपछि राम्रो दिन हेरी गर्नुपर्ला भनिपठाउनु भयो। यता श्रामणेर शिक्षा सिक्दै प्रव्रजित हुने बेलामा प्रार्थना गर्नुपर्ने पाठ कण्ठष्ट गर्दै गए। लगभग पन्ध्र दिन पछि गुरुले राम्रो दिन खोजी प्रव्रजित गर्ने दिन तोकी दिनुभयो। श्रीलंकामा प्रव्रजित हुनेलाई रेखदेख गर्ने जिम्मा लिने दाताहरू हुनुपर्ने चलन भएको हुनाले दाताबा दाताआमा हुने दायक दायिका पनि तयार भए। मतिनाकाजीलाई दाताआमा भई जिम्मा लिने मिसेज् रुपसिंह भन्ने श्रीलंकाका एउटी ठूलै परिवारकी आमा थिइन्। यिनी श्रीलंकाका भू.पू. राष्ट्रपति जे. आर. जयवर्धनज्यूकी सासू थिइन्। प्रव्रजित हुँदा अष्टपरिकार यिनैले प्रदान गरिन्।

सन् १९४६ फेब्रुअरी १६ तारिखका दिन बिहान ८ बजे मतिनाकाजीको शुभ समय आयो। प्रव्रजित हुनु अगाडि प्रार्थना कण्ठष्ट भयो कि भएन भनी भन्तेले कोठामा लगी पाठ लिनुभयो र गर्नुपर्ने तरीका सिकाउनु भयो। भोलि प्रव्रजित हुने दिन भएको हुनाले राती सुत्न गएका मतिनाकाजीलाई कहिले रात बित्ला र बिहान होला भन्ने आतुरता रह्यो। आफूले गरेको अभिनिष्क्रमण सफल भई यति चाँडै नै आफ्नो इच्छानुसार काम हुने भएको हुँदा प्रशन्नताको



Downloaded from http://dhamma.digital/

प्राङ्गणमा खेल्दै रात बिताए। सूर्योदय भयो । वजिरारामका भिक्षुहरू बिहान चार पाँच बजे उठि स्नान गरी लहरै बेञ्चमा बसी परित्राण पाठ गरिने कार्यक्रम भयो । बिहान सात बजे जलपानपछि भन्तेले मतिनाकाजीलाई नुहाउन लगाई सेतो वस्त्र लगाउन आदेश दिए । यसरी सेतो लुगा लगाई बसेको देखेर भन्तेहरूले भन्न थाले, "मतिनाकाजी आज हामदुरू हुने !" अनि खुसी व्यक्त गरे । लंका भाषामा भिक्षुलाई हामदुरू भनिन्छ । त्यसपछि भन्तेले उनलाई बोलाई बरण्डातिर लगे । त्यहाँ अरू दुईजना भिक्षुहरू कपाल खौरन छुरा हातमा लिइ बसिराखेका थिए । भन्तेले कपाल भिजाइ दिनुभयो। एउटा भिक्षुले तेल लगाई राम्रो पारिराखेको धुम्रिएको केशहरू खौरी दिए ।

भित्र हलमा प्रमुख गुरु, उहाँका प्रधानशिष्य हुनुभएका नारद महास्थविर सहित १० जना महास्थविरहरू जम्मा भइरहेका थिए । उहाँहरू सबै एकै पंक्तिमा आसनमा बस्नुभएको थियो । मतिनाकाजीका दाता आमा हुने दायिका र उनका परिवारहरू सबै अष्टपरिष्कार हातमा लिइ हलमा उभिइरहेका थिए । कपाल खौरी सकेपछि टाउको धोई सेतो वस्त्र लगाइ गुरु बसेको ठाउँमा लगी पञ्चाङ्ग प्रणाम गराई पहिले तचपञ्चक वाक्य (केसा, लोमा, नखा, दन्ता, तचो) लाई अनुलोम प्रतिलोम अर्थात माथिदेखि तल र तलदेखि माथि गरी तीन पटक गुरुले भने झैं भन्न लगाए। त्यसपछि दाता आमाले ल्याएको चीवर, पिण्डपात्र मध्येमा एकसरा चीवर र अन्तरवासक तथा कायवन्धन मतिनाकाजीको हातमा राखी कायवन्धनले हातदेखि घाँटीमा लटकाई तलको वाक्य भन्न लगाउनुभयो –

"ओकास, अहं भन्ते ! सब्ब दुक्ख निस्सरण निब्बाण सच्छिकरणत्थाय इमं
कासावं गहेत्वा पब्बाजेथ मं भन्ते ! अनुकम्पं उपादाय ।
दुतियम्पि ... । ततियम्पि ... ।

अर्थ- भन्ते, अवकास दिनुहोस्, सम्पूर्ण दुःखबाट मुक्त भई निर्वाण साक्षात्कार गर्नुको लागि यो काषाय वस्त्र ग्रहण गरी मलाई अनुकम्पा राखी प्रवज्या दिनुहवस् । द्वितीय बार पनि ... । तृतीय बार पनि ... ।

"ओकास, अहं भन्ते ! सब्ब दुक्ख निस्सरण निब्बाण सच्छिकरणत्थाय एतं
कासावं दत्वा पब्बाजेथ मं भन्ते ! अनुकम्पं उपादाय ।
दुतियम्पि ... । ततियम्पि ... ।

अर्थ- भन्ते । अवकास दिनुहोस्, सम्पूर्ण दुःखबाट मुक्त भई निर्वाण साक्षात्कार गर्नुको लागि त्यो काषाय वस्त्र दिनुभई मलाई अनुकम्पा राखी प्रवज्या दिनुहोस् । द्वितीय बार पनि ... । तृतीय बार पनि ... ।

त्यसपछि भन्ते र अर्को एकजना भिक्षुले नजिकको कोठामा लगी लगाइ राखेको सेतो वस्त्र हटाई काषायवस्त्र लगाउन लगाए। अनि गुरुकहाँ लगी पञ्चाङ्ग प्रणाम गराई प्रवज्या शील प्रार्थना गर्नको लागि आज्ञा दिनुभयो ।

त्यसपछि गुरुले श्रामणेर प्रवज्या शील भनी दसशील दिनुभयो । श्रामणेर प्रवज्या



Downloaded from http://dhamma.digital/

शील दिएपछि प्रवज्याको महत्त्व विषयमा उपस्थित भएका भिक्षुहरूलाई र दायकहरूलाई सुनाउनु भयो । गुरुले मतिनाकाजीको गृहस्थको नाम परिवर्तन गरी श्रामणेर जीवन बिताउन श्रामणेर विमलानन्द भनी नामाकरण गरि दिनुभयो । दाताहरूले नव प्रवजित भिक्षुलाई धर्मसम्बन्धी केही किताब र केही पूजाका सामान चढाई "आजदेखि तपाईको सुख दु:खमा हेर विचार गर्न दाता आमा हामी भयौं" भनी बचन दिई बिदा लिई गए । साथै सबै उपस्थित भिक्षुहरूले मैत्री सूत्र आदि पाठ गरी आशीर्वाद दिनुभयो । यसरी प्रवजित हुनकोलागि जीवनमा गरिएको ठूलो प्रयत्न वजिराराम महाविहारमा सुसम्पन्न भयो । मतिनाकाजीको अभिनिष्क्रमण सफल भयो ।

## प्रवजित भए पछिका घटनाहरू

मतिनाकाजीको प्रार्थना र प्रयास सफल भएकोमा उनको खुसीको बयान गरेर साध्य थिएन । उनी प्रवजित भएको समयमा विहारमा उपसम्पन्न भिक्षुहरू मात्र थिए, श्रामणेरहरू थिएनन् । साच्चै भन्ने हो भने जस्तो ठूलो परिवारमा सबभन्दा जेठो छोरोसँग विवाह गरिदिएकी बुहारीलाई घरको काम काज र कर्तव्य निभाउनमा भार पर्दछ त्यस्तै श्रामणेरहरूलाई विहारमा गर्नुपर्ने कार्यको भार व्यहोर्नु पर्ने हुन्छ । यस्तो भार विस्तारै उनलाई पनि स्वाभाविक रूपले पर्दै आयो । उदाहरणको रूपमा: –

१) सबभन्दा पहिलो गुरुको सेवा कार्यमा लाग्नु ।
२) भान्छाको काममा हर्ताकर्ता बन्नु ।
३) गुरुको जेठो शिष्यको सेवा गर्नु ।
४) विहारको लागि दानमा प्राप्त भएको खाद्यान्न र वस्तुहरूको सुरक्षा गर्नु ।
५) प्रमुख गुरुदेखि जेठो गुरु र गुरुभाईहरूलाई वन्दना गर्नु ।
६) हप्ताको एकदिन विहारमा सफा सुग्घर गर्नु आदि ।

आफूलाई प्रवज्याशीलमा दीक्षित गराउने गुरुको सेवामा लाग्नु बौद्ध साहित्यमा ठूलो, महत्त्वपूर्ण, कुशल कार्य र कर्तव्य मानिएको छ ।

## श्रामणेर विमलानन्दको दिनचर्या

त्यतिबेलाको वजिराराममा श्रामणेर विमलानन्दको दिनचर्या स्मरण योग्य छ। बिहान चार बजे उठी स्नान गरी विहारमा सबै भिक्षुहरू दानशालामा एकत्रित भई परित्राण पाठ हुन्थ्यो । सो सिद्धिएपछि क्रमश: आफूभन्दा ठूलालाई वन्दना गरिन्थ्यो । त्यसपछि गुरुलाई जलपानको निम्ति, उहाँ उठेर आउनुभन्दा अगाडि नै अलग्गै यागु (जाउंला) पकाई, मुख धुनको लागि पानी र चिया नास्ताको व्यवस्था गरी, ठीक समयमा उहाँको कोठामा टेबुलमा राखी उहाँ आउनु भएपछि उहाँको हातमा आफूले जलपान दान गर्नुपर्दथ्यो । गुरुलाई एक प्रकारको विशेष बिस्कुट पाउडर गरी राख्नु पर्दथ्यो र ब्राउन ब्रेड (Bound Bread) भन्ने पाउरोटी काटी आगोमा सेकाइ बटर (Butter) लगाई टक्र्याउनु पर्दथ्यो । गुरुको जलपान सकिएपछि सबै



Downloaded from http://dhamma.digital/

भाँडा धोई ठीक ठाउँमा राख्नु पर्दथ्यो । त्यसपछि विहारका सबै भिक्षुहरूलाई दाताहरूले पठाएको जलपानको प्रवन्ध पनि प्राय: आफैले मिलाई क्रमानुसार टेबुलमा राखी घण्टी बजाउनु पर्थ्यो । भिक्षुहरू १५।२० जना भएको हुनाले एउटा सेवकले भान्साको काम नभ्याउने हुँदा श्रामणेरले पनि उनलाई भाँडा माझ्न र भाँडा थन्क्याउनमा मद्दत गर्नु पर्दथ्यो । यसबाट बिहान ८।९ बजेसम्म समय बितेको पत्तै हुँदैनथ्यो ।

१० बजे पछि गुरुलाई भोजनको व्यवस्था गरिदिनु पर्दथ्यो । हुनत प्राय: भोजन विशेषरूपले दाताहरूले अलग्गै पठाउँथे तापनि केही न केही फलफूलको व्यवस्था गर्नुपर्दथ्यो । विशेष गरीकन गुरुलाई पाकेको बेल वा उमालेको बेल भेलिसँग थिचेर पुदिन् (Pudding) जस्तो बनाई राख्नु पर्दथ्यो र स्याउ भए बोक्रासँगै पिसी रिकापीमा राख्नु पर्दथ्यो अथवा कुनै फलफूल केरा, मेवा, मौसम आदि फलको सलाद (Fruit Salad) बनाई भोजनको लागि दैनिक रूपमा व्यवस्था गर्नु पर्दथ्यो । भोजन पछि गुरुको पात्र र भाँडा वर्तनहरू आफूले नै सफा गरी राख्नु पर्दथ्यो । अरू भिक्षुहरूलाई पनि भोजनको व्यवस्था आफूले नै गर्नुपर्दथ्यो । हुनत उनीभन्दा केही जेठो भिक्षु पनि आई सबैलाई गर्नुपर्ने काममा मद्दत गरिदिन्थे ।

१ बजे गुरुलाई सर्वत तथा तातो पानी र कुनै जडिबुटिको सर्वत बनाई थरमसमा भरी राख्नु पर्दथ्यो । गुरुलाई केही पिसाबको रोग (Diabeties) भएको हुनाले बेल थिची राख्नुपर्ने, लसुनको सर्बत बनाउनु पर्ने र पेटको बिमारी भएको हुनाले बिहानै मुख धुनको लागि स्नानघरमा र पाइखानामा तातो पानी भरी राख्नु पर्दथ्यो । हप्ताको एक दिन गुरुलाई नुहाउनको लागि साँझतिर स्नानघरमा ठूलो बेसिन (Basin)मा तातो पानी राखीदिने र हप्ताको एक दिन गुरुको चीवर आदि धोई गुरुको ट्वाइलेट तथा कोठाको मालसामान सफा गर्नुपर्दथ्यो । यसरी जे जति गुरुको सेवा गर्नुपर्ने काम थियो ती सबै दैनिकरूपमा गर्नु परेको हुनाले धर्म ग्रन्थको अध्ययन गर्ने समय कम्ति नै हुन्थ्यो । तै पनि गुरुको सेवा, जेठो गुरुको सेवा गरी कर्तव्य पालन गर्न पाएकोमा खुसी मान्थे । साथै केही न केही धर्म अध्ययन गर्ने समय पाए अझ खुसी हुन्थे ।

## शिक्षा प्रति आशक्ति र गुरुको उपदेश

समय यसरी बित्दै जाँदा वर्ष दिन बित्यो। तर गुरु वा अमृतानन्द भन्ते वा अरू कुनै गुरुले पनि शिक्षा दिनु पर्छ भन्ने कुराको जोड गरेनन्। केवल श्रामणेरहरू प्रतिपत्तिशील भन्दै गुरुको काम र विहारको काममा दैनिक रूपमा व्यस्त भए । केही महिना पछि भिक्षु अश्वघोष, भिक्षु अग्गधम्म र भिक्षु कुमार काश्यपज्यूहरू पनि वजिरारामा आई बसे । तर उहाँहरू वजिरारामको चहल पहल हेरी "यो विहारमा ठूला ठूला दाताहरूले अत्यन्त मान्ने ठाउँ भएको हुनाले खानपानमा त अरू ठाउँ भन्दा राम्रो रहेछ। तर अध्ययन गर्न नपाउने भएको हुनाले यस्तो ठाउँमा बसेर हामीले आफ्नो देशमा गई के धर्म प्रचार गर्न पाउँला र ? "मिठो मिठो खाएर यहाँ समय बिताउनु भन्दा धर्म अध्ययन गर्न सकिने ठाउँ खोज्दै जानुपऱ्यो।" भनी केही महिना विहारमा बसी पछि विद्योदय विद्यालंकार परिवेणमा जानुभयो । उहाँहरू गएपछि विमलानन्द



Downloaded from http://dhamma.digital/

एक्लै भयो । "साथी भाईहरूले परिवेणमा धर्म सिकेर आफ्नो देशमा गई धर्म प्रचार गर्ने छन् । आफूमात्र यहाँ बसी के गर्ने ? आफू पनि बाहिर गएर धर्म प्रचार गर्न जानुपर्‍यो ।" भनी मनमा कुरा खेलाई जेठो गुरुभाईलाई आफ्नो मनको कुरा सुनाए । उनको पीरको कुरा एक कान दुई कान मैदान भई गुरुको कानमा पुग्यो । एकदिन पूर्णिमाको दिन श्रामणेर विनय नियम अनुसार साँझतिर गुरुकहाँ प्रार्थना गर्न जाँदा, पहिला पहिला धेरै पटक यस्तो प्रार्थना गर्न जाँदा शील दिनु बाहेक अरू कुनै उपदेश नदिनु हुने गुरुले उनको मनमा चलिराखेको कुरा बुझिसकेको हुनाले होला, शील दिइसकेपछि "विमलानन्द ! तिमी लंकामा किन आएको ? के गर्न आएको ?" भनी दुई प्रश्नहरू गर्नु भयो ।

त्यतिबेलासम्म उनले सिंहली भाषाबाट राम्रोसँग कुरागर्न नजाने पनि भनेको कुरा बुझ्न सक्ने भईसकेको थियो । उनले भने "भन्ते, म लंकामा भिक्षु हुनलाई आएको ।" फेरि सोध्नुभो, "भिक्षु किन हुने त ?" उनको एकमात्र जवाफ थियो, "संसार दु:खबाट मुक्त हुन ।" फेरि सोध्नुभो, "अनि के त संसार दु:खबाट मुक्त हुनलाई धेरै सिक्नु पर्छ त, अध्ययन गर्नु पर्छ त, टाइटल लिनु पर्छ त, डिग्री लिनु पर्छ त ?" यो प्रश्नको उत्तर उनले दिन सकेन । प्रश्नको जवाफ नआएपछि गुरुले विस्तारै उनको मनलाई शान्त पार्न केही उपदेश दिन थाल्नुभयो र उदाहरण दिनुभयो । "हेर विमलानन्द, तिमीले धेरै परिश्रम गरी जीवनको पर्वाह नराखी घरवार छाडी यहाँ लंकामा आएको एकमात्र उद्देश्य भिक्षु भई संसार दु:खबाट मुक्त हुनको लागि हो भने किन विद्या हासिल गर्न पाइएन भनी मनमा दु:ख मानेको ? विद्या अध्ययन गर्नु र धर्म प्रचार गर्नु भनेको बुद्ध धर्म अनुसार तेश्रो काम हो । खास गरी भिक्षु हुनु त शील पालन गर्नु, समाधिमा लाग्नु र प्रज्ञा उत्पन्न गरी अनित्य दु:ख अनात्मलाई अवबोध गरी सांसारिक विषयमा नलागी बस्नु हो । लाभ, सत्कार, यश, कीर्तिमा नफँसी दु:खबाट तर्नु निर्वाण अवबोध गर्नु हो । मैले पनि एउटा ठूलो परीक्षामा उत्तीर्ण भई डिग्री उपाधि पाएको छु । तर त्यो उपाधिले मलाई निर्वाणमा वा कुनै मार्गफलमा पुर्‍याउँदैन । यदि मैले शील नियम पालन नगरे, भावना नगरे, मैले घरवार छाडेर भिक्षु भई प्राप्त गरेको विद्या अध्ययन गरी प्राप्त गरेको त्यो डिग्री, उपाधि हासिल गरेको केही सार्थक हुँदैन । त्यो केवल धर्म प्रचार प्रसार गर्ने र समय बिताउने मार्ग मात्र हो ।" भनी गुरुले आफ्नो मनको कुरा पोख्नुभयो । उहाँले फेरि भन्नुभो – "अनुराधपुरमा अभयगिरी भन्ने विहारमा करीब पाँचसय भिक्षुहरू थिए । ती पाँचसय भिक्षुहरूले "न" भन्ने एउटा अक्षर पनि जानेका थिएनन् । तर यी पाँच सय भिक्षुहरू सबै अरहन्त फलमा पुगेका थिए । क्लेशबाट मुक्त भएका थिए । अब हेर ! यिनीहरूले कुनै स्कूल, कलेज, युनिवर्सिटीमा वा कुनै परिवेणमा गएर विद्या अध्ययन गरेर उपाधि पदवी लिएर अरहन्त फलमा पुगेका हुन् त ? होइन । बुद्धकालीन युगमा र त्यसपछि पनि जति गृहत्याग गरी भिक्षु भएका थिए र मार्गफलमा पुगी क्लेश छेदन गरेका थिए तिनीहरू प्राय: शील, समाधि, प्रज्ञा ज्ञान उत्पन्न गरेर भव दु:खबाट तरेका थिए । पछि पनि अहिले पनि त्यही मार्ग तीनवटा हासिल नगरीकन क्लेशलाई छेदन गर्न सकिने होइन । त्रिपिटक धर्म अध्ययन गर्नु, धर्म प्रचार गर्नु यो त धर्मका कुरा नजान्नेहरूलाई



Downloaded from http://dhamma.digital/

बताइदिनु, प्रचार गर्नु यतिको लागि मात्रै हो । खास गरी भिक्षु हुनु संसार दुःखबाट मुक्त हुनुको लागि हो भने विद्या अध्ययन गर्न नपाएर मनमा दुःख मान्नु ठीक छैन । गृहस्थीमा बसेर सूट बूट लगाएर स्कूल, कलेज, युनिवर्सिटीमा गई अथवा त्रिपिटक अध्ययन गरी गृहस्थी भएरै धर्माचार्य, त्रिपिटकाचार्य, बी. ए., एम.ए., पि.एचडी. आदि ठूला ठूला उपाधि पदवी लिई समाज सेवा गर्न सकिन्छ । त्यसको लागि भिक्षु हुनु पर्ने कुनै आवश्यकता नै छैन । त्यसो भएको हुनाले मनमा खिन्न भाव उत्पन्न नगरीकन भिक्षु नियमलाई राम्रोसँग पालन गरी, प्रतिपत्तिलाई ख्याल राखी, आफ्नै उत्साहले समय पाएको बेलामा केही धर्मका किताबहरू अध्ययन गर्नु र आफूलाई थाहा नभएको कुरा ठूला भिक्षुहरूसँग सोधी सिक्दै जानू । उत्साह भए पालिभाषा, त्रिपिटक धर्म आदि अरू भाषा पनि विस्तारै सिक्दै जानेछौ । आफू यत्तिका मेहनत गरी लंका आएको लक्षलाई राम्रोसँग सम्झना गरी काम गर ।"

गुरुको यो उपदेश सुनेर श्रामणेर विमलानन्दले त्यस दिनदेखि अध्ययन गर्ने मौका पाउनासाथ बडो उत्साहपूर्वक पालि, सिंहली, अंग्रेजी भाषा र धर्म विस्तारै सिक्न थाले । नबुझेका कुरा अरू भिक्षुहरूसँग सोध्दै गरे । कहिले काहीं केही हप्ता केही महिना गुरुले पनि धर्मका पुस्तकहरू पढाउनु भयो । परन्तु आफू गुरुको सेवामा व्यस्त हुनु परेको र विहारको काम काजमा लाग्नु परेको कारण पढाई प्रायः अटूट रूपले हुन पाउँदैनथ्यो, बीच बीचमा स्थगित हुन्थ्यो । यस्तै तरीकाले समय बित्दै नयाँ वर्ष आउँदै पुरानो वर्ष बित्दै चार वर्ष बिते । त्यस अवधिमा धर्मको शिक्षा क्रमिक रूपले हासिल गर्न भने सकिएन ।

प्रव्रजित भएको केही वर्षपछि अमृतानन्द भन्ते धर्मदूतको रूपमा नारद महास्थविर, पियदस्सी महास्थविर, डा. रत्नसुरीय र प्रोफेसर आर्यपालसँग काठमाडौं जानुभयो । केही महिनापछि फेरि लंकामा फर्की बलानगोड आनन्द मैत्रिय महास्थविर कहाँ गई अंग्रेजी र धर्मको शिक्षा अध्ययन गर्नुभयो । परन्तु भन्ते त्यसबेला बेलाबखतमा वजिराराममा आउनु हुन्थ्यो, तैपनि विमलानन्दलाई धर्मको शिक्षा अध्ययन गराउनु पर्ने विषयमा कुनै चिन्ता नगर्नु भएकोमा आफ्नो चित्त दुखेको बताउनुहुन्छ । अमृतानन्द भन्ते फेरि नेपाल जानुभयो ।

## रोगी विमलानन्द र सेनानायक परिवारबाट उपचार व्यवस्था

त्यसको केही महिनापछि विमलानन्दलाई ठूलो रोगले समात्यो । केही महिनासम्म छातिको रोगले दुःख दियो, खान पिउन रूचि नभएको कारण शरीर निकै शिथिल भयो र कमजोर हुँदै गयो । रात दिन निद्रा नआउने र आफूले राम्रोसँग धर्म अध्ययन गर्न नपाएकोमा ज्यादै चिन्तित भए ।

नेपालको श्रामणेर विमलानन्द बिरामी भयो भन्ने खबर लंकाका भूतपूर्व प्रधानमन्त्री एफ.आर. सेनानायकका श्रीमतीले थाहा पाएपछि उनको उपचारको जिम्मा लिई अति ध्यानपूर्वक रोगको उपचार गर्न लगाए । औषधी खर्च, स्पेशल डाक्टरको फिस आफूले ब्यहोरी डाक्टरले निर्देशन दिए मुताविक पथ्य खानपान पनि दिनको तीन पटक विहारमै



Downloaded from http://dhamma.digital/

पठाई दिन्थे । श्रीमती एलन् सेनानायकको सेवा उपकार र श्रीमती निस्संकको सेवाले गर्दा रोग केही साम्य हुँदै आयो । यसै बीच सन् १९५१ मा अमृतानन्द भन्तेले सारीपुत्र मोद्गल्यायनको पवित्र अस्थिधातु काठमाडौंमा यात्रा हुने र विमलानन्द भिक्षु भएपछि नेपालमा नगएको तर घरका परिवारहरू पनि धातुयात्रा हेर्न काठमाडौं आउने हुनाले उनलाई काठमाडौं भिकाए । उनी भने त्यतिबेला जसो तसो हिँडन सकेतापनि टाढा टाढा कहीं जान सकेका थिएनन् । काठमाडौंबाट फेरि अर्को चिठी गुरुलाई र विमलानन्दलाई आयो । त्यतिबेलासम्म पनि रोग केही निको भएपनि कमजोरी हटेको थिएन । तैपनि गुरुले अमृतानन्द भन्तेको चिठी पाएको हुनाले सोही दिन साँझतिर कोठामा बोलाई भन्नुभयो, "विमलानन्द, तिमीलाई अमृतानन्दले नेपालमा भिकाएको छ। तिम्रो के विचार छ ? तिम्रो स्वास्थ्य अहिले कस्तो छ, जान सक्ने अवस्था छ कि छैन ?" यो कुरा सुनी "जाने इच्छा त छ, तर म अझै कमजोर छु। जान पाए त हुन्थ्यो" भने । उनको कुरा सुनेर "तिमीलाई सेवा गर्ने म त होइन, दाताहरू हुन् । तिमीले इच्छा गरेतापनि तिमीलाई सेवा गरिराखेका दाताहरूसँग सोध्नुपर्छ । तिनीहरूले हुन्छ भने र तिम्रो पनि इच्छा छ भने मैले रोक्दिन । फेरि तिमी जानलाई बाटोखर्च पनि दाताहरूले नै ब्यहोर्ने हो। त्यसकारण तिमीलाई सेवा गरिराखेका श्रीमती एलन् सेनानायक र श्रीमती श्री निस्संकसँग पनि सल्लाह गर्नू।" भन्नुभयो ।

गुरुबाट यति अनुमति पाएपछि भोलिपल्ट श्रीमती एलन् सेनानायकलाई भेट्न आफूलाई भोजन ल्याउने ड्राइभरलाई खबर पठाए । त्यसको भोलिपल्ट बिहान ८ बजे लिन पठाइन् । त्यहाँ उनले नेपालबाट चिठी आएको र आफूलाई नेपाल भिकाइएको कुरा सुनाए । दायिकाले स्वास्थ्यको बारे के कसो छ भनी सोध्दै थिइन्, सोहीबेला त्यस बखतका श्रीलंकाका प्रधानमन्त्री डि.एस. सेनानायकज्यू पार्लियामेन्टमा जान कोठाबाट निस्कनु भयो। उनलाई देखी रोगको बारेमा सोध्नु भयो । उहाँलाई पनि दाज्यू अमृतानन्द भन्तेले भिकाउनु भएको कुरा बताए । प्रधानमन्त्रीले ठाडै भन्नुभो, "स्यानो भन्ते ! तपाईको जिम्मेवारी हामी माथि छ। स्वास्थ्य राम्रो नपारी, बलियो नहुँदै तपाईलाई कसरी आफ्नो देश नेपाल पठाउन मिल्छ ? तपाईको शरीर अझै कमजोर छ । यतिका मेहेनत गरी तपाईलाई यो अवस्थामा ल्यायौं। अझै तपाईलाई डाक्टरले भने बमोजिम औषधी सेवन र खानपिनमा पथ्यमा बस्नु परेको छ । त्यसो हुनाले हामी यो अवस्थामा तपाईलाई नेपाल पठाउन राजी छैनौं। तपाईको त इच्छा हुन सक्छ भिक्षु भएपछि आफ्नो देशमा एक पल्ट जाने अस्थिधातु यात्रा हेर्ने तर कमजोर स्वास्थ्यले तपाईलाई नै अप्ठ्यारो होला । त्यसकारण नआत्तिनु होला स्वास्थ्य राम्रो भएपछि तपाईलाई आफ्नो देशमा जाने व्यवस्था गरि दिउँला। अहिलेलाई डाक्टरले भने बमोजिम औषधी सेवन गर्नुहोला।" यति भनी प्रधानमन्त्रीज्यू पार्लियामेन्ट जानुभयो । उहाँ गएपछि श्रीमती एफ. आर. सेनानायकले पनि "प्रधानमन्त्रीज्यूले यस्तो भन्नु भएपछि तपाई नआत्तिनु होला। हामीले तपाईलाई आफ्नै परिवार सम्झी जति खर्च गर्नु परे पनि गरी तपाईको सेवा गर्दै जानेछौं। स्वास्थ्य ठीक भएपछि पठाई दिउँला" भन्नुभो ।



Downloaded from http://dhamma.digital/

एक हप्ता पछि फेरि श्रीमती एफ.आर. सेनानायकले घरमा लिन पठाएर "अब तपाईको स्वास्थ्य कस्तो छ ? नेपालमा जाने इच्छा भैराखेको छ कि ?" भनि सोधिन् । त्यतिबेला "तपाईहरूले पठाउनुभए जान्छु, नत्र जान्न । तपाईहरूले भने बमोजिम गरूँला ।" भनेपछि "त्यसोभए एकपल्ट स्पेशल डाक्टर कहाँ गई तपाईको इच्छा प्रकट गर्नुहोस्, वहाँले हुन्छ भन्नुभए तपाईलाई नेपालमा पठाउने व्यवस्था गरिदिन्छु" भनी डाक्टरकहाँ चेकअप गर्न पठाए । जुन डाक्टरले उपचार गरिराखेको थियो उनी सेनानायक परिवारका स्पेशल प्राइभेट डाक्टर र लंकाका एक नामी डाक्टर थिए । डाक्टरले विमलानन्दको कुरा सुनेर टाउको हल्लाउन थाले । परीक्षण पछि भने "भिक्षुजी, तपाईको रोग त निको भैसक्यो तर शरीरमा कमजोरी छ, कसरी आफ्नो देशमा जाने ? तपाई टाढा पैदल जान सक्नुहुन्न, न त रेल मोटरबाट नै जान सक्नुहुन्छ । हवाईजहाजबाट जान पनि लायक भएको छैन । तैपनि नआत्तिनु होला । समुद्रको हावा तपाईको स्वास्थ्यलाई आवश्यक छ । यदि पानीजहाजबाट जानुभए समुद्रको हावाले तपाईलाई फाइदा गर्नेछ, तर नेपालसम्म समुद्र छैन । पानीजहाजबाट जाने भए तपाईको स्वास्थ्यको रिपोर्ट सेनानायककहाँ पठाई दिनेछु, वहाँहरूको इच्छानुसार गर्नु होला ।" भने ।

सोही दिन श्रीमती निस्संकको घरमा गई अमृतानन्द भन्तेले पठाउनु भएको चिठीबारे कुरा गर्दा वहाँले पनि "भन्ते ! तपाईको स्वास्थ्य अझै कमजोर छ । तपाईको स्वास्थ्यको जिम्मेवारी मैले भन्दा पनि श्रीमती सेनानायक परिवारले बढी लिएका छन् । वहाँहरूले ठूलो मेहनत गरी तपाईलाई जे जति खर्च गर्नुपर्ने गरेर जोगाएका छन् । मैले पनि तपाईप्रति सकेको उपचार गर्दैछु र गर्नेपनि छु । तर स्वास्र्थ्य पूर्णरूपले ठीक नपारी आफ्नो देशमा जानु उचित देख्दिन तापनि सेनानायक र डाक्टरको उपदेश अनुसार गर्नु होला ।" भने । स्वास्थ्यको रिपोर्ट डाक्टरले श्रीमती एलन् सेनानायकलाई पठाएको थियो । रिपोर्टमा समुद्रको हावापानी आवश्यक भएको हुनाले पानीजहाजबाट पठाए बेश हुनेछ, अरू कुनै उपाय छैन भनी लेखेका थिए । तसर्थ प्रधानमन्त्रीज्यूले कुनै जहाज श्रीलंकाबाट कलकत्ता जाने छ कि छैन भनी खोज्न लगाउँदा हप्ताको एक पटक ठूलो जहाज कलकत्ता जाने फेलापारी विमलानन्दलाई एकपल्ट घरमा आउनू भनी खबर पठाए ।

## नेपाल जाने तयारी

साँझतिर प्रधानमन्त्रीज्यूको निवास पुग्दा वहाँले भन्नुभयो "के त स्यानो भन्ते ! नेपाल जाने इच्छा अझै छ त ? यदि जाने नै हो भने पानीजहाज कलकत्ता जाने छ, तपाईलाई समुद्रको हावापानी आवश्यक छ भनी डाक्टरले भनेको हुनाले पानीजहाजबाट पठाउने हाम्रो विचार छ । नेपालमा धातुयात्रा अब दुई हप्तामा हुने भएपछि चाँडै नै पानीजहाजबाट जाने व्यवस्था गरिदिउँला । तर आफ्नो देशमा गई धेरै दिन नबसी यात्रा सिद्धिएपछि फर्केर आउनु होला । स्वदेशमा पुगेपछि स्वास्थ्य ठीक नभए राम्रो डाक्टरकहाँ गई उपचार गर्नु होला र फर्केर लंकामा आउनुहोला । फर्केर आए तपाईलाई पढाईको व्यवस्था पनि राम्रोसँग मिलाई दिउँला" भन्नुभयो । त्यतिबेला उनीसँग पासपोर्ट थिएन । त्यसकारण वहाँले नै आउन जानको लागि आइडेन्टिटी



Downloaded from http://dhamma.digital/

(Identity Card)को पास व्यवस्था गरी दिनुभयो। गुरुले पनि स्वदेश जान अनुमति दिनुभयो। आइडेन्टिटीको पास व्यवस्था गर्न आर.जी. सेनानायकलाई सुम्पिदिए जो परराष्ट्र मन्त्रालयका सचिव थिए। भूतपूर्व प्रधानमन्त्री एफ. आर. सेनानायकको छोरा तथा एलन् सेनानायक आमा थिए। लंकाबाट कलकत्ता जानको निम्ति केबिनरूमको रिजर्वेशन भएपछि खबर दिए कि १९५१ जनवरी १ तारिखमा जानेछ।

लंका छोड्नु एकदिन अगाडि श्रीमती एफ. आर. सेनानायकले फेरि बोलाउन पठाई "भन्ते ! जहाजमा फष्टक्लास केबिनरूम बूक भइसक्यो। भोलि १० बजे बिहान जहाज भारततिर जाने छ। जहाजका क्याप्टेनलाई र डाक्टरलाई पनि तपाईको राम्रोसँग रेखदेख गरी लैजानू भनी खबर दिइसकेको छु। नेपाल जानलाई आइडेन्टिटी पास कार्ड पनि बनाइसकियो, भोलि जानु भन्दा अगावै ड्राइभरको हातमा पठाउने छु । अरू तपाईलाई के के चाहिन्छ भन्नु होला। नेपालमा अहिले धेरै चिसो होला। ऊनीको ज्याकेट, मोजा र ब्ल्याँकेट (Blanket) पनि आवश्यक होला, यहाँ ल्याएको छु। कलकत्तामा पुगेपछि खर्च चाहिएला १००० भा. रू. तयार पारी राखेको छु। कलकत्ता पुग्नासाथ जेटीमा लिन आउनको लागि महाबोधि सोसाइटीलाई टेलिग्राम पठाउने छु। कलकत्तादेखि काठमाडौं जान हजाई जहाजको व्यवस्था गरिदिन भनि पठाउने छु। काठमाडौंसम्मलाई हवाईजहाजको खर्च बील हामीलाई पठाउनू भनी टेलिग्राम पठाउने छु । तपाईले कुनै फिक्री मान्नु पर्दैन। सबै व्यवस्था मिलाईराखेको छु । भोलि जेटीमा पुऱ्याउनको लागि मोटर पठाई दिउँला । घर पसेर जानुहोला । अरू केही औषधी र खाने सामान डाक्टरसँग सोधी राखुँला।" भन्नुभयो ।

श्रामणेर विमलानन्द भोलिपल्ट बिहानै स्नान गरी गुरु र आफूभन्दा जेठा गुरुहरूलाई वन्दना गरी बिदा लिन ठीक भई बसेका थिए । गुरुकहाँ बिदा माग्न जाँदा गुरुले भन्नुभयो, "विमलानन्द ! आफू किन भिक्षु भएको हो यो कुरा बराबर सोच्नु पर्छ र आफ्नो देशमा गई यहाँ जस्तै नियम पालन गरी बस्नू । नियम प्रतिपत्तिलाई नछोड्नू । तिमी अरू नेपाली भिक्षुहरूभन्दा भाग्यमानी रहेछौ किनभने तिमीलाई यहाँ बसुन्जेल ठूला ठूला दाताहरूले सेवा गरी रेखदेख गरे । दाताहरूको गुणलाई पनि सम्झेर तिनीहरू प्रति मैत्रीचेतना उत्पन्न गरिराख्नू र सुख दुःखको समाचार पठाउँदै गर्नू । अब तिमी आफ्नो देशमा गएपछि तिम्रो स्वास्थ्य राम्रै हुन्छ होला । राम्रोसँग जीवन बिताउनू फेरि लंकामा आउने इच्छा भए आउनू तर स्वास्थ्यलाई ठीक पारेर मात्र आउनू" भनी उपदेश दिइ बिदा दिनुभयो ।

बिहान ९ बजे मोटर आयो । केही मिनेटको लागि बिदा लिन श्री निस्संककहाँ पुगे । उनीहरूको तर्फबाट केही सामग्रीले पूजा गरे । त्यसपछि सेनानायक निवासमा गई प्रधानमन्त्रीज्यू सहित घरका सबै परिवारसँग भेटी बिदा लिए । जेटीसम्म श्रीमती एफ. आर. सेनानायकका छोरा आर. जी. सेनानायक बिदाईको लागि साथै आए । जेटीमा पुगेपछि भन्तेलाई जहाजको केबिनरूममा राखी क्याप्टेन र डाक्टरलाई भन्तेको बारेमा केही कुरा गरी वहाँ फर्कनु भयो ।



Downloaded from http://dhamma.digital/

राती करीब ८ बजे लंकाका जेटीबाट पानीजहाज प्रस्थान भयो । विस्तारै जहाज अगाडि बढ्दै गयो । रातको डिनरको लागि घण्टी बज्यो । भन्ते जानु नभएको हुनाले एउटी सेविका आई डिनरको लागि बोलाई भन्तेले हेबी डिनर (Heavy dinner) लिएनन् । सूप र हलुका खाना साथ ल्याउन भने । उनले हेबी डिनर लिए के हुन्छ भनी सोध्दा भन्तेले अंग्रेजी भाषामा उनलाई भिक्षुहरूको केही नियम बताउनुको साथै आफू अस्वस्थ र कमजोर भएको हुनाले डाक्टरको निर्देशन अनुसार दिनको तीन छाक खानुपरेको त्यसमा पनि लँच बाहेक अरू खान पान हलुका रूपले लिने कुरा बताए ।

ठाउँ बदलेको हुनाले फष्टक्लास केबिन कोठामा सुते पनि गाढा निन्द्रा परेन । धेरै समय त समुद्रका माछा छटपटाए जस्तै छटपटाई रहे । अर्को दिन बिहान फेरि ब्रेकफाष्टको घण्टी बज्यो । स्नान गरी विस्तारै डायनिङ्ग हलमा गए । टेबुलमा हाफ्ब्वाइल फुल दुइवटा, केरा र जाम, बटर, कफि, ब्रेड राम्रोसँग सजाइ राखेको थियो । भन्ते बसेको टेबलसँगै जहाजका क्याप्टेन पनि आई बसे । उनले भने, "तपाईको बारेमा तपाईको मानिसले मलाई सूचना दिनुभएको छ कि तपाईको स्वास्थ्य कमजोर छ, राम्रोसँग हेरविचार गरिदिनु भनेर । जहाजमा डाक्टर पनि नर्स पनि छन् । टाइम टाइममा आई तपाईलाई चेक गर्नेछन् । स्वास्थ्यमा कुनै गडबडि भए भन्नुहोला । खानपिनमा पनि आफूलाई अपथ्य हुने चीज नखानुहोला । आफूलाई चाहिने कुरा सेवकलाई भनेर मगाउनु होला । मैले तपाईको खानपिनको आवश्यक व्यवस्थाका लागि भनिदिएको छु ।" यति भनी उनी गए ।

डाक्टर र नर्स दिन दिनै बिहान वा बेलुका आउँथे । नर्स मात्र भारतीय थिइन् र केही हिन्दी कुरा पनि गर्थिन् । त्यसकारण हिन्दी कुरा गर्न फुर्सत भएको बेलामा आउँथिन् । भन्ते कहिले काहीं कोठाबाट निस्केर उनीसँग जहाजको तल माथि डेकमा गई घुम्न जाने गर्थे । यात्रीहरूमा धेरैजसो युरोपिएन पुरूष तथा महिलाहरू बिहान दिउँसो घाम तापेर (Sun bath) बस्थे । ठिटा ठिटीहरू स्वीमिङ्ग पूलमा अति रमाइलो मानी पौडी खेल्दथे ।

लंकादेखि कलकत्तासम्म पानीजहाजको यात्रा पाँचदिनको थियो । जुन पानीजहाजमा यात्रा गरेको थियो त्यो त्यसबखतको ठूलो खालको जहाज थियो । जहाजभित्र पसल, पौडी खेल्ने पोखरी, सिनेमा हल, क्रिकेट र टेबुल टेनिस खेल्ने हल समेत थिए । केही बगैंचा र फुलबारी पनि थिए । भान्साघर, हल र लाइब्रेरी कोठा साच्चै राम्रो देखिन्थ्यो । तल माथि जाने सिंढी तामाको र पित्तलको पालिसले चम्केको थियो । जताततै बाक्लो बाक्लो रातो नीलो विभिन्न रंगको कार्पेट बिछ्याइएको थियो । दिनको एकचोटी कोठा सफा गर्न आउँथ्यो । भन्ते बसेको कोठामा एटेच् बाठरूम (Attached bath room) थियो । बाक्लो कार्पेटले कोठा सजाइएको थियो । मानो यो पानीजहाज होइन देव बिमान नै हो कि जस्तो भान पर्थ्यो । त्यसकारण पाँचदिनको यात्रा आनन्दसँग बित्यो ।

यसरी पानीजहाजको सफरमा स्वच्छ हावा र टाइम टाइमको खानपिनको व्यवस्थाले गर्दा भन्तेको स्वस्थ्य निकै राम्रो भएर आयो । छैठौं दिनमा ठीक चार बजे जहाज कलकत्ताको



Downloaded from http://dhamma.digital/

जेटीमा आइपुग्यो । सबै यात्रीहरू आ-आफ्ना सामान उठाउँदै जहाजको गेटबाट निस्कन थाले । भन्ते पनि पासपोर्ट र आइडेन्टिटी कार्ड देखाई गेटबाट बाहिरिनुभयो । गेटबाट बाहिर निस्कने बित्तिकै महाबोधि सोसाइटीका जनरल सेक्रेटरी बलिसिंह देवप्रियज्यूले भेटन आए । भन्तेको सुटकेस उठाई टयाक्सीमा राखन लगाई भन्तेको स्वास्थ्यबारे सोधन थाले । लंकाका प्रधानमन्त्रीको तर्फबाट खबर (Cable) पठाएको कुरा पनि बताए । महाबोधि मन्दिरमा करीब ६ बजे पुगेपछि अमृतानन्द भन्तेले सारीपुत्र मोद्गल्यायन धातु काठमाडौं ल्याउनु भन्दा सकेसम्म दुई तिन दिन अगाडि नै विमलानन्दलाई काठमाडौं पठाउनू भनी उहाँलाई खबर पठाएको कुरा पनि भन्नुभयो । "काठमाडौं जानको लागि हवाइजहाजबाट पठाईदिनू र टिकटको बील पठाइदिनू" भनी लंकाका प्रधानमन्त्रीज्यूका भाउज्यूले खबर दिएको र "स्यानु भन्ते लंकामा आउनको लागि चाहिंदो खर्च गरी पठाईदिनू" भनी पठाएको केवल पनि देखाउनु भयो । परन्तु दुई चार दिन कलकत्तामा बस्नु परेकोले त्यहाँ खानपिनमा अलि गडबड भएको हुनाले र जाडोको सिजनले गर्दा पनि स्वास्थ्य फेरि केही कमजोर हालतमा पुग्यो ।

पाँच दिन पछि हवाइजहाजबाट काठमाडौं जानु एकदिन अगाडि नै विमलानन्द आउँदैछ भनी अमृतानन्द भन्तेलाई टेलिग्राम पठाइएको थियो । त्रिभुवन विमानस्थलमा दिनको करीब दुई बजेतिर पुग्दा विमानस्थलमा शाक्यानन्द भन्ते, बुबा मोतिकाजी, काका सानुकाजी र दाई बाबुकाजी तथा आनन्दकुटीका दाताहरू आइरहेका थिए । उहाँहरूसँगै आनन्दकुटीमा लगियो । बिरामी भएर भर्खर निको भएको हुनाले विमलानन्द भन्तेको शरीर केही दुब्लो र पात्लो थियो । त्यसमा पनि आनन्दकुटी जस्तो चीसो ठाउँमा केही दिन बस्दा उनको स्वास्थ्य झन बिग्री कमजोर हुँदै गयो ।

## स्वदेशमा केही समय-सारिपुत्र मोद्गल्यायनको धातु यात्रा

अमृतानन्द भन्ते धातुयात्राको व्यवस्थामा व्यस्त थिए । आनन्दकुटीको चीसो तथा ठण्डीको मौसमले गर्दा स्वास्थ्य अनुकुल नभएको र बेला बखतमा डाक्टरहरू भेट्नु परेको हुनाले विमलानन्द भन्तेलाई श्रीघः विहारमा लगेर राखियो । श्रीघः विहारमा सुबोधानन्द भन्ते रहनुभएको थियो । त्यहाँ बस्दा डाक्टर कम्पाउण्डर भेटी इन्जेक्सन लिन सजिलो भयो । उपचार हुँदै थियो । तैपनि स्वास्थ्य अनुकुल समयमा खानपिनको व्यवस्था नमिलेको र बेला बखतमा निमन्त्रणामा पनि जानु परेको हुनाले स्वास्थ्य झन् झन् बिग्रँदै गयो । दिन दिनै ग्लुकोज् इन्जेक्सन् लिनु परेको थियो । यता सारिपुत्र मोद्गल्यायनको धातुयात्राको मिटिङ्ग पनि विहारमा हुँदै थियो । यात्राको हलचल मच्चिँदै गयो । दुर्भाग्यवश धातुयात्राकै दिन झन् नर्भस भएकोले ग्लुकोज इन्जेक्सन्को भरमा मोटरमा राखी धातु रथको पछि पछि जानुपर्‍यो । यस यात्राको अवसरमा श्रीलंकाबाट नारद महास्थविर र श्री निस्संकज्यू पनि आउनुभएको थियो । विमलानन्दलाई नारद महास्थविर, शाक्यानन्द महास्थविर तथा अरू दुईतीन जना भिक्षुहरूको साथमा एउटै

मोटरमा राखी रथ सँगसँगै टुँडिखेलतिर लगियो । टुँडिखेलको खरिबोटनिर धातुको भव्य स्वागत भयो । त्यहाँ आमसभा गरी धातु प्रदर्शन पनि भयो । धातुका साथ नगर परिक्रमा गरिएको रथमा श्री ५ महाराजाधिराज त्रिभुवन वीर बिक्रम शाहदेव सरकार राजहोइबक्सेको थियो र मौसूफका साथ भिक्षु अमृतानन्द महास्थविर हुनुहुन्थ्यो । नेपालका राष्ट्रिय वाद्य बाजाहरू बजाइएको ध्वनि र बाटोको दायाँ बायाँ बसेका लाखौं नर नारीहरूको करतल ध्वनिले आकाश गुन्जायमान थियो। यसरी बुद्धधर्मको आलोक फिजाउँदै यात्रा भयो । यस्तै किसिमले उपत्यकाका ललितपुर भक्तपुर आदि ठाउँमा पनि धातुको स्वागत तथा समारोह भव्यताका साथ भयो । परन्तु अस्वस्थताका कारण विमलानन्द भन्ते ती समारोहमा जान सक्नुभएन ।

## उपसम्पदा

नेपालमा धातुयात्रा सम्पन्न भएपछि अस्थिधातु भारतमा फिर्ता लगियो । श्रीघः विहारमा निक्कै हुलकुल भएको हुनाले आनन्दकुटीमा जानुभो । आनन्दकुटी विहारमा बु.सं. २४९२ को बुद्धजयन्तीको शुभ मुहूर्तमा शीलान्यास भएको नवनिर्मित प्रथम उपोसथागारमा सन् १९५१ नवेम्बर १३ तारिखको दिन बिहानको ९ बजे श्रामणेर कुमार तथा श्रामणेर विमलानन्द दुईजनाको उपसम्पदा सुसम्पन्न भयो । यस कार्यक्रममा बर्मेली ऊ. कोविद् महास्थविरको उपाध्यायत्व तथा नेपाली भिक्षु प्रज्ञानन्द महास्थविरको आचार्यत्वमा उपसम्पदा दीक्षा दिंदा कम्मजाचा आचार्यहरू त्रिपिटकाचार्य बङ्गाली भिक्षु धम्माधार महास्थविर, कम्बोडियाका महाचार्य धम्मारामो महास्थविर, ऊ. अनिरूद्ध महास्थविर आदि सिंहली, बर्मेली, कम्बोडियाली र नेपालका भिक्षुहरू गरी जम्मा १९ जना भेला भएका थिए । यसरी नेपालको सर्वप्रथम स्थापना भएको उपोसथागारमा सर्वप्रथम उपसम्पन्न भिक्षु दुईजनामा विमलानन्द दोश्रो भिक्षु हुनुभयो ।

आनन्दकुटी विहारमा बस्दा बस्दै स्वास्थ्य झन् झन् खराब हुँदै गयो । एकदिन क्षेत्रपाटीका साहु लक्ष्मीवीरसिंह कंसाकार आनन्दकुटीमा आउनुभएको थियो। विमलानन्द भन्तेको शारीरिक कमजोरी देखी मनमा करुणा उत्पन्न भइ भोलिपल्ट आफ्नै घरमा लगी हेर विचार गर्न आफ्नी छोरी लक्ष्मीनानी, नानीहिरा र छोरा नीलवीरसिंहलाई लिन पठाए। केही समय साहुजीको घरमै राखी स्वास्थ्य उपचार गरियो । त्यहाँ कहिले काहीं धेरै कमजोरीको कारणले हो वा के हो मूर्छित अवस्थामा पुगी छटपटाउनु पर्थ्यो । साहुको सारा परिवारले आफूलाई त्यतिबेला गरेका सेवा अहिलेसम्म पनि उनको सम्झनामा ताजै छ। त्यस्तै परोपकार संस्थाका संस्थापक स्वर्गीय दयावीरसिंह कंसाकारज्यूले पनि उनीप्रति सद्भाव राखी बेला बखत डाक्टरहरू बोलाई देखाउने र परोपकारबाट औषधीहरू दिलाई दिनुहुन्थ्यो । अमृतानन्द भन्तेले पनि उपचारको लागि आर्थिक सहयोग गर्नुहुन्थ्यो । यसरी केही महिनापछि स्वास्थ्य लाभ भएपछि फेरि आनन्दकुटीमा आएर बस्नुभो ।

सोही वर्ष आफ्नो जन्मस्थल तानसेन जानुभयो । गृहत्याग गरिसकेपछि यो उनको



Downloaded from http://dhamma.digital/

पहिलो तानसेन यात्रा थियो। त्यहाँ केही दिन बस्नुभई फेरि काठमाडौं आउनुभो । काठमाडौंमा बस्दै वर्षदिन बित्यो । पछि बर्मामा भएको छट्ठ संगायनमा नेपालको तर्फबाट प्रतिनिधि भएर जाने सौभाग्य मिल्यो । त्यतिबेला बर्मामा केही वर्ष बसी धर्म अध्ययन गर्ने धेरै इच्छा भएर पनि संगायना सिद्धिएको बखत फेरि बिरामी हुनुभयो । बर्माको खानपिन आफ्नो स्वास्थ्यलाई नमिलेको हुनाले केही महिना पछि नै काठमाडौं फर्कनु पर्‍यो ।

सन् १९५६ सालमा काठमाडौंमा चतुर्थ विश्वबौद्ध सम्मेलनको आयोजना भयो । विश्वका बौद्ध नेताहरूको भेला हुनथाल्यो । यही सम्मेलनको सन्दर्भमा श्रीलंकाको वजिराराम विहारबाट करीब १७ जना भिक्षुहरू आउनु भएका थिए । वजिरारामका नायक हुनुभएका पञ्ञासिंह महानायकज्यू र अरू सब्रह्मचारी भिक्षुहरूले फेरि लंका जानुपर्‍यो भनी जोड दिनुभएको हुनाले विश्वबौद्ध सम्मेलन सिद्धिनासाथ वहाँहरूको साथ लंका जाने विचार गर्नुभयो ।

उनी सन् १९५१ देखि १०५६ सम्म नेपालका थेरवाद भिक्षुहरूको आश्रयमा बस्दा अमृतानन्द भन्तेको तर्फबाट नेपालमा बौद्ध जागृतिको कार्यक्रम र उहाँको दक्ष कृयाकलाप हेरी आफूलाई अत्यन्त प्रसन्नता अनुभव गर्दथे। सन् १९५७ को जनवरीतिर लंकाका भिक्षुहरूको आग्रहमा फेरि लंका जानको लागि कलकत्ता जानुभयो । त्यहाँ वजिरारामबाट आउनुभएका आफ्ना गुरुभाईहरू सबै भेटी वहाँहरूसँगै लंका जानुभयो ।

एक दुई हप्ता वजिरारामा बसीसकेपछि उहाँलाई लंकाका महाबोधि सोसाइटीको मन्दिरमा राख्न भनी नलिनमुनसिंहज्यूका श्रीमतीले लिन आउनुभयो । त्यहाँ खानपिनको व्यवस्थाको अतिरिक्त अग्रश्रावक धातु मन्दिरको जिम्मा नै सुम्पिदिए । वजिरारामका गुरुभाइहरूसँगको सम्बन्ध राम्रो भएको हुनाले वजिरारामा नबसेतापनि बेला बखतमा भोजन, परित्राण आदि निमन्त्रणामा वजिरारामा बोलाउँदा त्यहाँका गुरुभाइहरूबाट आवश्यक सहयोग पनि पाउँथे।

महाबोधिमा बस्दा विद्योदय परिवेणमा गई कलुकोण्डिया पञ्ञाशेखर महानायक भन्तेसँग र सुमंगल भन्तेसँग केही महिना धर्मको अध्ययन शुरू गरियो । तर कहिले बिसञ्चो हुने कहिले यताउता जानु पर्दा पढाई राम्रोसँग चालु गर्न सकिएन ।

उनले पानदुर रन्कोट विहारमा पनि अध्ययन गरे । जेष्ठ विभागको परीक्षामा संस्कृत र हिसाबमा पूरा अंक नआए पनि, पालिमा द्वितीय, अंग्रेजीमा प्रथम श्रेणीमा उत्तीर्ण भए। केही समय पानदुरमा बसी प्राइभेट रूपले लण्डन कोर्स पनि अध्ययन गर्नुभो। त्यो पनि बिरामीको कारणले अटूट रूपले अध्ययन गर्न भने पाएन ।

उनी भन्छन्– "आफ्नो जीवनमा बालककाल देखि नै अध्ययनको लागि विदेशसम्म गएर पनि क्रमिक रूपले विद्या अध्ययन गर्न नपाएको आफ्नो पूर्वजन्मको नराम्रो संस्कारले गर्दा नै होला । आफूलाई भोग सम्पति, दायक सम्पति, लाभ सम्पति आदिको कुनै कमी छैन तर विद्या सम्पति जीवनमा नपाएको अभाग्यकै कुरा ठान्छु ।"



Downloaded from http://dhamma.digital/

## श्रीलंकाको नागरिक

लंकामा यसरी दुई तीन वर्ष बितेपछि उनी आफ्नै गुरुभाई विपस्सी भन्तेसँगै जनरल हस्पिटलको धार्मिक सेवामा लाग्नुभयो । यसबाट उनलाई निकै सान्त्वना मिल्यो । सेवामा लाग्दा लाग्दै उनले नेपालमा नफर्की श्रीलंकामा नै आफ्नो जीवन बिताउने निश्चय गर्नुभयो ।

सोही कारण सन् १९५९ मा श्रीलंकाको नागरिकताको प्रमाण-पत्रका लागि निवेदन गर्नुभयो । त्यतिबेलाका प्रधानमन्त्री डडलि सेनानायक परिवार भन्तेको आफ्नै दाता परिवार हुनुभएको र राम्ररी परिचित भएको, जे. आर. जयबर्धनज्यू पनि त्यसबेला यू. एन. पी.का स्टेट मिनिष्टर हुनुभएको हुनाले नागरिकताको प्रमाण-पत्र लिन सजिलो भयो ।

## जनस्वास्थ्य सेवामा

त्यतिबेला भिक्षु पन्विल विपस्सी भन्तेले आरोग्य सेवा संस्थाको नेतृत्व गर्नुभएको थियो । उनी बडो दयालु र त्यागी थिए । उनले आफूलाई पाएको दानवस्तु रोगीहरूकै सेवाका लागि प्रयोग गर्थे । उनकै सहायकको रूपमा विमलानन्द भन्तेले पनि धार्मिक आरोग्यशालाको ठूलो श्रद्धा तथा रूचिपूर्वक सेवा गर्नुभयो । भिक्षु जीवनमा केही समय भएपनि यस्तो सेवा गर्न पाउनु ठूलो आदर्शको कुरा थियो। रोगीहरूलाई मैत्री सहितको चेतनाले आशीर्वाद दिनु, सुख दु:खको हेरविचार गरी गरीब रोगीलाई चाहिने चीज वस्तु वा औषधीको व्यवस्था गरिदिनु महान् सेवा थियो । साथै विभिन्न रोगीहरूको स्थिति हेरी जन्म, जरा, ब्याधि, मरण आदिलाई बेला बखतमा नियाल्दै जीवनमा वैराग्यपन उत्पन्न गराउन यो सेवाले ठूलो भूमिका खेल्ने ठाउँ पनि दियो । किनभने धनी मानिस पनि गरीब मानिस पनि रोगले पीडित हुने, यसरी साना ठूला सबै नै रोगले ग्रसित भएको देख्दा कहिले काहीं निकै वैराग्य भाव उतपन्न हुन्थ्यो। यहाँ एक त रोगीको उपकार हुने, अर्को आफूलाई आदर्शमय सेवा तर्फ उन्मुख गराउन सकिने। रोगीहरूको निम्ति परित्राण पाठ गरी आशीर्वाद दिनु जति आवश्यक देखिन्थ्यो त्यति नै गरीब रोगीहरूलाई चीज वस्तुहरूको सहयोग पनि आवश्यक पर्दथ्यो। त्यसकारण जनरल हस्पिटलको लागि आवश्यक चीजबीज र सरसामानहरू बौद्धजनको तर्फबाट र स्कूल कलेजका विद्यार्थीहरूको तर्फबाट पनि धार्मिक तवरबाटै उपलव्ध हुन्थ्यो । रोगीहरूलाई हप्ताको एकपटक आवश्यकता अनुरूप ती वस्तुहरू वितरण हुन्थ्यो– खासगरी चिनी, चिया, साबुन, बिस्कुट, ग्लूकोज, पाउडर दूध, फलफूल आदि वस्तुहरू। अनि टाढाका गाउँबाट आएका रोगीहरूलाई समाचार पठाउन पोष्टकार्ड, खाम र टिकट आवश्यक भइरहन्थ्यो । त्यसको अलावा, हस्पिटलमा नपाइने औषधी पनि यही आरोग्य सेवा समितिबाट प्रदान गरिन्थ्यो । यतिमात्र होइन कहिले काहीं हस्पिटलबाट डिस्चार्ज भएपछि आफ्नो गाउँमा फर्कन खर्च खाँचो भएकालाई खर्चको व्यवस्था पनि हुन्थ्यो। यो सेवा कार्यमा संलग्न रहँदा उहाँले सक्दो योगदान गर्नुहुन्थ्यो।

जनरल हस्पिटलको धार्मिक सेवामा लाग्दा वहाँलाई विशेष गरीकन हस्पिटलको



Downloaded from http://dhamma.digital/

तर्फबाट जुनसुकै अवस्थामा पनि पेयिङ्ग सेक्सन (Paying Section)मा जाने अधिकार थियो । पेयिङ्ग सेक्सनमा धेरैजसो बिरामी हेर्न आउने आफ्नो आफन्त ज्ञातीबन्धु मित्रहरू आउँदा खालि हात आउँदैनथे । रोगीहरूले पाएका फलफूल र बिस्कुटहरू थुप्रै हुन्थे। उनले हस्पिटलमा सेवा गरि आएको थाहा पाएको हुनाले ती रोगीहरूले आफूले पाएका चीज वस्तुहरू गरीब रोगीहरूलाई बाँडी दिनु भनि उनलाई जिम्मा दिने गर्थे । बुद्धधर्ममा रोगीको सेवा गर्नु नै बुद्धको सेवा गर्नु हो भनेर भनिन्छ ।

## तानसेनमा महापरित्राण

बि. सं. २०२० सालमा तानसेनको आनन्द विहार ज्ञानमाला संघको तर्फबाट महापरित्राण हुने समारोहमा सहभागी हुनको लागि श्रीलंकामा बसेका उनलाई जसरी भएपनि उपस्थित हुन भनी निमन्त्रणा प्राप्त भयो । निमन्त्रणा पाएपछि उनको मनमा आफ्नै जन्मस्थानमा यस्तो महान् कार्य हुने भएकोमा आफू कसरी नजाने भन्ने विचारले अपार हर्षको अनुभव गऱ्यो । फेरि उहाँले सोच्नुभयो "तानसेनका धेरै मानिसहरूले भगवान बुद्धको अस्थिधातु दर्शन गर्न पाएको छैन। यस्तो महत्त्वपूर्ण समारोहमा एउटा महत्त्वपूर्ण वस्तु 'सर्वज्ञधातु' लगी दर्शन गराउन पाए तानसेनका बौद्ध जनताहरू खुसी हुनेछन्, साथै मित्र भिक्षु विनितलाई पनि साथै लैजानु पऱ्यो।" भिक्षु विनितसँग सल्लाह गरी साथै जाने निश्चय भएपछि 'सर्वज्ञधातु' प्राप्त गर्न गुरुकहाँ गई आफ्नो विचार राख्नुभयो । विमलानन्द भन्तेको यस्तो विचार सुनेपछि गुरुले भन्नुभयो, "बुद्धको अस्थिधातु लगेर दर्शन गराउनु अति पवित्र कार्य हो । तर तिमीले फेरि फर्काएर ल्याउने हो भने मात्र मैले आफैले दिनहुँ वन्दना गरिराखेको अस्थिधातु दिन्छु । फिर्ता ल्याउने तिम्रो जिम्मा।" यति भन्दै आफ्नो आलमारीबाट 'सर्वज्ञधातु' निकाली उनलाई जिम्मा लगाई दिनुभयो । केही दिन पछि उनी र उनका मित्र श्रीलंकाबाट स्वदेशको लागि प्रस्थान गर्नुभयो ।

तानसेनमा पुग्नु अगावै ज्ञानमाला संघलाई बुद्धको अस्थिधातु सहित आफू आइरहेको खबर पठाउनुभयो । तानसेन पुग्न दुई किलोमिटर तल काजीपौवा भन्ने ठाउँमा पुगेपछि तानसेनबाट बाजागाजाका साथ धातु राख्ने रथ समेत ल्याई भव्यताका साथ सुरक्षा गार्ड र सरकारी बाजा समेत राखी शहर परिक्रमा गरी 'सर्वज्ञधातु'को प्रदर्शन गरियो । यसबाट तानसेनका जनताहरू निक्कै प्रभावित र प्रसन्न भए । तानसेनका आनन्द विहार ज्ञानमाला बौद्ध संघले सो 'सर्वज्ञधातु' माग गरे, परन्तु गुरुलाई फिर्ता बुझाउनु पर्ने हुनाले पछि फेरि नेपाल आउँदा बुद्धको धातु ल्याइदिने प्रयास गर्ने बचन दिएर केही दिनपछि उनी काठमाडौं गणमहाविहारमा पुगे ।

## सुगतपुर विहार त्रिशुलीमा सर्वज्ञधातु प्रदर्शन

यही समयको बीच विक्रम सम्वत् २०२० सालमै विमलानन्द भन्ते अचानक विश्व प्रसिद्ध 'सर्वज्ञधातु' लिएर भिक्षु सुदर्शन, अनागारिका धम्मावती तथा राजमान उपासक प्रमुख



Downloaded from http://dhamma.digital/

उपासक उपासिकाहरूको एक टोली लिएर नेपाल अधिराज्यको पश्चिम १ नम्बर नुवाकोट इलाकास्थित श्री सुगतपुर विहारमा आउनुभयो । त्यस बखतमा श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव सरकारका मुमा बडामहारानी इश्वरी राज्यलक्ष्मी देवीशाह तथा कान्ति राज्यलक्ष्मी देवीशाह दुवै यस जिल्लाका प्रमुख बजार त्रिशुलीको गेष्टहाउसमा सवारी होइबक्सेको थियो । मौसूफ सरकारहरूबाट पनि उक्त 'सर्वज्ञधातु' गेष्ट हाउसमा झिकाई दर्शन गरिबक्सिई आफ्ना स्वर्गीय स्वामी श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव सरकारको नाम अंकित स्वर्णमुद्राद्वारा पूजा गरिबक्सेको थियो । त्यसबखत सम्पूर्ण त्रिशुली बजार ध्वजा पताका र तोरणद्वारहरूले सुसज्जित र सुशोभित भईराखेको थियो । 'सर्वज्ञधातु'को सुरक्षाको निम्ति सुगत बौद्ध मण्डलको सचिव धर्मरत्न शाक्यको आह्वानमा शाहीसेना देवदत्त गणबाट गार्ड खटिएको थियो । 'सर्वज्ञधातु'को बाजागाजा सहित बजार परिक्रमा गरियो। दिनभर सुगतपुर विहारमा सर्वसाधारण जनताहरूको निम्ति धातु प्रदर्शन गर्ने प्रवन्ध पनि भएको थियो ।

## बुद्धको अस्थिधातुको खोजी

श्रीलंकामा रहुञ्जेल बुद्धको अस्थिधातु कहाँबाट पाउने होला भनी त्यसको खोजमा लाग्नु भयो । भाग्यवश आनन्दकुटीको लागि नारद महास्थविरलाई धातु प्रदान गर्ने हरमानसिं भन्ने दाता कहाँ गई लुम्बिनी अञ्चलमा पर्ने आफ्नो जन्मस्थल तानसेनको लागि 'सर्वज्ञधातु' आवश्यक भइराखेको कुरा बताउँदा, उनको बचनलाई स्वीकार गरी आफ्नै घरमा मन्दिर बनाई दिनहुँ पूजा गरिराखेको मन्दिरको कोठामा लगी सानो सुनको स्तूपबाट एउटा 'सर्वज्ञधातु' निकाली दिनुभयो । त्यहाँ केही धातु अरू पनि देखेको हुनाले, अर्को एक दुईवटा पनि पाए एउटा गणमहाविहारको लागि र अर्को पहिले लोकरत्न तुलाधरले माग गरेको अनुसार लुम्बिनी बुद्ध विहारमा बुद्ध प्रतिमामा राख्नको निम्ति भनि मागेपछि अर्को दुइवटा पनि खुसीसाथ दिनुभयो जुन भिक्षु सुमङ्गल श्रीलंकामा आउनु हुँदा दुवै विहारको निम्ति भनि जिम्मा लगाई पठाउनु भयो । हाल यी दुवै धातु गणमहाविहारमा र लुम्बिनीमा विमलानन्द भन्तेकै जिम्मामा छन् ।

## अनुराधपुरमा केही वर्ष

सन् १९६५ तिर अनुराधपुरमा आफ्नो गुरुको नामबाट स्थापना भएको मध्यस्थान विहारमा ६।७ वर्षसम्म पनि कुनै भिक्षु गएर त्यहाँको व्यवस्था राम्रो पार्न नसकेको हुनाले वजिरारामका महानायक मडिहे पञ्ञासिंह महास्थविरज्यूले विमलानन्दलाई बोलाई सो विहारको रेखदेख र उन्नतिको लागि त्यहाँ गई बस्न भन्नुभयो । गुरुको बचन स्वीकार गरी आरोग्य सेवा संस्था छोडी अनुराधपुर गई बस्नुभो । त्यहाँ पुगेपछि त्यहाँका वातावरण अध्ययन गरिसकेपछि त्यहाँका दाताहरू बोलाई आफ्नो विचार मिटिङ्गमा राख्नु भयो । उहाँका विचारलाई सबैले स्वीकार गरे । भिक्षुहरू दाताहरूकै भरमा बस्नु पर्ने हुनाले सर्वप्रथम सलाकदानको व्यवस्था गरियो । विहारको उन्नतिको लागि त्यसपछि क्रमश: दुईचारवटा कोठा अनि एउटा धर्मशाला



Downloaded from http://dhamma.digital/

आवश्यक भएको कुरा छलफल गरी कार्यान्वयन भएपछि महानायक भन्तेलाई सूचना गर्दै गरियो । फेरि स्थानीय सेवाले मात्र पर्याप्त नहुने देखी धार्मिक सेवाको निम्ति एउटा साप्ताहिक स्कूल पनि खोल्नुभयो ।

यो साप्ताहिक स्कूल पहिले शुरूमा आँपको रूखमुनि चारजना ठिटा ठिटीहरूबाट शुरू गरियो । स्कूल खोलेको कुरा प्रचारमा आएपछि त्यस प्रदेशका बौद्ध दाताहरूले आ-आफ्ना छोरा छोरीहरू भर्ना गर्न ल्याए । शिक्षक संख्या पनि बढ्दै गयो । केही समय पछि यस प्रदेशमा महिला टिचर ट्रेनिङ्ग सेन्टर पनि स्थापना भयो । यो सेन्टरका प्रिन्सिपल स्वर्णागुणशेकर श्रीलंकाका कतिपय टिचर ट्रेनिङ्ग स्कूलका पनि प्रिन्सिपल थिए । उनी अति श्रद्धावान महिला थिइन् । यिनी महानायक प्रति निकै श्रद्धाभक्ति राख्ने हुनाले विहारमा प्रायः आउने जाने गर्दथिइन् । साथै विहारमा बेला बखत सुग्घर सफाईको लागि श्रमदान पनि गर्नुहुन्थ्यो । एकदिन भन्तेले आफ्नो साप्ताहिक स्कूलको लागि प्राध्यापक शिक्षक कमी भएको कुरा बताउँदा उनले अत्यन्त खुसी भई प्रत्येक सप्ताह पाँच छ जना शिक्षकहरू पठाउने गर्नुभयो ।

अनुराधपुरमा यही समय नर्स ट्रेनिङ्ग स्कूल पनि स्थापना भयो । यस स्कूलका प्रधान अध्यापक मिसेस गोमस भन्ने महिला थिइन् । यिनी पनि वजिरारामसँग सम्बन्धित दायिका हुनाले विहारमा दानधर्म गर्न प्रायः आउन थालिन् । चाहिने बेलामा सूचना प्राप्त भएको बखत आफ्ना छात्राहरू समेतलाई श्रमदान गर्न पठाउँथिन् ।

विहारमा बोधिबृक्ष नभएको हुनाले सोही नर्स ट्रेनिङ्गका विद्यार्थीहरू एकत्रित भई यथाशक्य आपसमा चन्दा उठाई बोधिप्राकार बनाउन सहयोग गरे । यसको लागि श्रीमहाबोधिका अधिपति हुनुभएका महानायकज्यूसँग अनुमति लिई बोधिबृक्षका बोट महाबोधिबाटै ल्याइयो । प्राकारको काम सिद्धिने बित्तिकै सारा नर्स ट्रेनिङ्गका विद्यार्थीहरू मिली भव्य जुलुस तथा समारोहका साथ हस्पिटलदेखि यात्रा गरी ल्याई अति उत्साहकासाथ उक्त बोधिबृक्ष रोपण गरियो । यो बोधिबृक्ष धर्माशोककी छोरी संघमित्ताले रोपण गरेको बोधिबृक्षकै शाखा हो ।

कुनै समयमा जेलका सुपरिन्टेण्डेन्टको सल्लाह अनुसार मन्दिरको वरिपरि उम्रेका झारपातको सफाईको लागि सुरक्षा सहित सिपाही साथमा राखी जेलका कैदीहरूको तर्फबाट श्रमदान हुन्थ्यो । यसरी कैदीहरू मन्दिरको काम गर्दा कुशल पुण्य प्राप्त हुने हुनाले खुसीसाथ सुग्घर सफा गरेर जान्थे । यी सबै काम महानायक पञ्ञासिंह महास्थविरको अध्यक्षतामा र सल्लाह अनुसार हुन्थ्यो । विहारको निर्माणको लागि आर्थिक सहयोग प्रायः कोलम्बोका दाताहरूको तर्फबाट प्राप्त हुन्थ्यो ।

## बुद्धप्रतिमा निर्माणमा राजनीति र निराशा

यसरी विहारको उन्नतिको क्रममा यस मन्दिरमा उभिइरहनु भएको भगवान बुद्धको ३५ फीट अग्लो प्रतिमा निर्माण गर्ने निर्णय भयो । शुरूमा बुद्ध प्रतिमा कँक्रिट ढलान गरी बनाउने कुरा भएको थियो । परन्तु धातुकै प्रतिमा बनाउन पाए बेश होला भन्ने विमलानन्द भन्तेको



Downloaded from http://dhamma.digital/

प्रस्ताव महानायक भन्तेले स्वीकार गर्नुभयो । साथै महानायक भन्तेको आह्वान अनुसार पत्र पत्रिकाद्वारा जनताहरूमा अनुरोध हुँदा धातु संकलन हुँदै गयो ।

लंकाको इतिहासमा यति ठूलो धातुको प्रतिमा कहीं बनाएको देखिँदैन र कालिगढहरू पनि पाउन मुस्किलै थियो । त्यसकारण प्रतिमा बनाउनको निम्ति कालिगढहरूको टेण्डरको लागि पनि पत्र पत्रिकाबाट आह्वान गरियो । आह्वान अनुसार ५.६ जना कालिगढहरू जम्मा भए । तर तिनीहरूले दुई चार फुट भन्दा ठूलो प्रतिमा नबनाएको र धातु सहितको बनाउन ज्याला धेरै माग गरे । अन्तमा भारतका मद्रासी कालिगढ आई धातु सहित कम ज्यालामा काम गर्न स्वीकार गरेको हुनाले र यिनले पहिले बनाएका एक दुई प्रतिमा हेरी यो ठूलो प्रतिमा पनि यिनले बनाउन सक्नेछ भन्ने विश्वास गरी यिनलाई बनाउन दिने निधो गरियो । यति निश्चय भएपछि जनताहरूले आफूसँग भएका पुराना तामा, पित्तल र ढलौट आदिका भाँडाहरू तथा मोटरका काम नलाग्ने पार्टपुर्जाहरू ल्याई दिन थाले । ३५ फीटको बुद्ध प्रतिमा निर्माण गर्नको लागि कम्तिमा ९ टन जति धातु आवश्यक हुने अनुमान कालिगढले गरेको थियो। तर एक दुई महिना भित्रै १० टन जति धातु प्राप्त भयो । प्राप्त भएको धातुहरू संग्रह गरी भण्डार गरी थन्क्याउन एउटा ठूलो हलको बन्दोबस्त पनि भयो ।

कालिगढलाई पटक पटक गरी ज्याला र धातु दिँदै गइयो । दुर्भाग्यवश स्वदेशी कालिगढहरूले यो भारतीय कालिगढप्रति ठूलो विरोध दर्शाए। विरोधको क्रममा प्रदेशका मन्त्रीहरूकहाँ गई उसको पासपोर्ट रद्द गरिदिन अनुरोध गरे । आमचुनाव नजिकै आइरहेको हुनाले कालिगढहरूको माग समर्थन नगरे भोट पाउन नसकिने हुनाले तिनीहरूको माग अनुसार भारतीय कालिगढलाई देशबाट निकाला गर्न पासपोर्टको म्याद नथप्न सरकारबाट आदेश जारी भयो । आधा जति प्रतिमा ढलान भइसकेकोले आफू लुकी भएपनि यसले यो काम गर्दै थियो। अन्तमा उसलाई देशबाट निस्कासन गर्न सि.आई.डी.ले खोजी गर्न थाल्यो । कालिगढ केही दिन नआएको हुनाले बुद्ध प्रतिमा निर्माणमा ठूलो बाधा परेको हुनाले महानायक भन्तेले विमलानन्द भन्तेलाई बोलाई "अब धातुको बुद्ध प्रतिमा निर्माण कार्य पुरा नहुने देखियो। अतएव हुनसके आफूले चिने जानेका मन्त्री वा प्रधानमन्त्री भेटी यो कालिगढको पासपोर्टको म्याद थप्नु पऱ्यो। त्यसो हुन सके मात्र काम सफल हुनेछ" भन्नुभयो । महानायक भन्तेको कुरा सुनी विमलानन्द भन्तेलाई रातभरी निद्रा परेन । अरूणोदय भएपछि त्यसबेला अर्थमन्त्रीको पदमा रहनुभएका जे. आर. जयबर्धनज्यू आफ्नै दाता हुनुभएकोले उहाँलाई आफ्नो मनको कुरा पोख्नुभयो । सोही दिन आफू पार्लियामेन्टमा जानु भन्दा अगाडि भेट्न आउनु होला भन्नुभएकोले गई भेटी कुरा गर्दा वहाँले "प्रधानमन्त्री समक्ष नै यो कुरा राख्नुभए बेश होला । मैले पनि यस बारेमा विचार गर्नेछु ।" भन्नुभयो ।

सोही दिन साँझतिर प्रधानमन्त्री डड्ली सेनानायकज्यूसँग टेलिफोनबाट समय माग्दा भोलि बिहान ८ बजेतिर निवासमा भेट्न आउनु होला भनी भोलिपल्ट मोटर पनि पठाउनु भयो । वहाँलाई "बुद्ध प्रतिमा बनाइरहेका कालिगढ बिना बुद्धप्रतिमा निर्माण कार्यमा बाधा पऱ्यो ।



Downloaded from http://dhamma.digital/

कालिगढलाई पासपोर्टको म्याद थप गरिदिनुभए ठूलो गुण हुने थियो" भन्दा उहाँले "यो कालिगढप्रति ठूलो विरोध आएको हुनाले यिनलाई भीसा थप नदिने भनी पार्लियामेन्टमा निर्णय भईसकेको छ । निर्वाचनको काम नसिद्धिएसम्म तपाई नआत्तिनु होला। त्यसमा हामी जित्यौं भने तपाईको काम सफल गर्नको लागि कालिगढलाई पछि झिकाउँला।" भन्नुभयो । "निर्वाचन अगावै यो काम सकिन्छ, त्यतिको समयसम्मको लागि यिनलाई पासपोर्टको म्याद थपी दिनुहोस्" भनी आग्रह गर्दा प्रधानमन्त्रीले "राष्ट्रपतिलाई एक पटक भेटी यो कुरा सुनाउनु भए बेस होला" भन्नुभयो । राष्ट्रपति विलियम गोपल्लवाज्यू पनि विमलानन्द भन्तेले राम्रैसँग चिनेका तथा सम्पर्क भएको हुनाले, वहाँका छोरा आनन्द गोपल्लवालाई टेलिफोनबाट खबर दिई "बुबासँग अत्यन्त जरूरी काम परेको छ। त्यसकारण भेट्न समय मिलाई दिनु पऱ्यो" भनी आग्रह गर्नुभयो। "भोलिपल्ट साँझ भेट्न सकिन्छ। म आफै तपाईलाई लिन आउँछु" भनी भोलिपल्ट ठीक समयमा आई विमलानन्द भन्तेलाई क्वीन हाउस (Queen House)मा लगे । राष्ट्रपति पनि श्रद्धालु बौद्ध थिए । त्यसकारण बुद्ध प्रतिमा निर्माणको काममा बाधा पुऱ्याउने इच्छा नहुँदा नहुँदै पनि चुनावको काम नसिद्धिएसम्म नआत्तिन सल्लाह दिए। तपाई विदेशी भएर पनि शुरू गरेको यो महान कार्य निर्वाचन पछिको स्थिति हेरी तदनुसार यथाशक्य यो काम सफल पारी दिनेछु" भन्नुभयो । यस्तै कुराकानी भइरहेको थियो। भारतीय कालिगढले कुनै सूचना नै नदिई आफ्नै मुलुकतर्फ भागे । प्रतिमा निर्माणको काम बीचैमा रोकियो । केही दिनपछि प्रतिमा बनाउने ठाउँमा हेर्न जाँदा प्रतिमाको साँचाहरू यताउति छरिएको पाइयो। त्यहाँका पालेसँग सोध्दा "केही दिन अगाडि जिम्मा दिएका तामा र पित्तलका धातुहरू एक रातमा भारतीय कालिगढ आई लिएर गयो। तर कहाँ लग्यो त्यो मलाई थाहा छैन" भन्यो । केही दिनपछि धातु खोजी गर्दा ती सबै आफ्ना मद्रासी व्यापारीहरूलाई बेची भागेको पत्तालाग्यो । यसबारे महानायक भन्तेसँग कुराकानी हुँदा उहाँले "जे भयो भयो। अब कँक्रीट ढलान गरी बुद्ध प्रतिमा निर्माण गर्नुपऱ्यो।" भन्नुभयो। ढलौटको प्रतिमा बनाउन गरेको यतिको प्रयास बिफल भएकोमा मनमा सार्है दुःख माने। महानायक भन्तेले कँक्रीटको प्रतिमा ढलान गर्ने भन्नू भएतापनि निर्वाचन पछि यू.एन.पी. सरकारले जितेदेखि अवश्य कालिगढलाई झिकाई प्रतिमा तयार गर्न सकिने आशमा धैर्य धारण गरे । दुर्भाग्यवश यू.एन.पी. हाऱ्यो, एस.एल.एफ्.पीं जित्यो । श्रीमती बण्डारनाइका पनि महानायकप्रति ठूलो श्रद्धाभक्ति भएकी दाता हुनाले, महानायकज्यूले उहीसँग यसबारे कुरा गरी कालिगढलाई झिकाउन सकिएला कि भन्ने अपेक्षा राख्नु भयो ।

आशा गर्दै बस्दा समय बित्दै गयो । विमलानन्द भन्तेलाई घरबाट बुबा अस्वस्थ हुनु भएकोले एकपटक जसरी भए पनि नेपाल आउनू भनी चिट्ठी आयो । यता आफ्नो योजना बिफल भएर दिक्क भइराखेको बेला, घरबाट पनि बुबाको अस्वस्थताको समाचार आएको अनि मद्रासमा कालिगढ पनि भेट्नु परेको हुनाले स्वदेशतिर जाने निर्णय गर्नुभयो । महानायक भन्तेसँग यी सबै विषयमा कुरा गर्दा, मद्रासका कालिगढ मणिलाई भेटी जिम्मा दिएको ढलौटहरू के कसो भयो भनी पत्ता लगाउन सके ढलौट फिर्ता लिन सकिने सम्भावना देखी विमलानन्द



Downloaded from http://dhamma.digital/

भन्तेलाई स्वदेश गई बुबालाई भेटी चाँडै आउनू भनी आज्ञा दिनुभयो। श्रीमती बण्डारनायकासँग पनि राम्रोसँग चिनाजानी भएको हुनाले आफू स्वदेश आउनु भन्दा अगाडि कालिगढलाई फेरि लंकामा झिकाई बुद्ध प्रतिमाको काम गराउन पाए बेश हुने थियो भन्ने विचार उत्पन्न भइ उहाँसँग भेट्ने समय लिई प्रधानमन्त्री निवासमा जानुभयो। त्यहाँ प्रधानमन्त्रीलाई आफूलाई परेको समस्या अघि सारी "यू.एन.पी. सरकारले मणि कालिगढलाई भीसा थप नदिएको हुनाले बुद्ध प्रतिमा निर्माण कार्य बीचैमा रोकियो। अब तपाईको तर्फबाट यो काम सफल पार्न उसलाई लंकामा आउन अनुमति दिनुहोस्। म मद्रास भइ स्वदेश गई फर्कने छु।" भन्दा उहाँले भन्नुभयो, "कालिगढको बारेमा जति विरोध भयो ती सबै आफ्नै पक्षकाले गरेको हुनाले उसलाई केही वर्षसम्म लंकामा झिकाउने कुरा नगर्नुस्। यो कुरा सुनेपछि विमलानन्द भन्तेको मनमा निराशाले छायो।

केही दिनपछि मद्रासमा आउनुभो । मद्रासमा कालिगढलाई भेट्न दुई तीन दिन बस्नु परे पनि आखिर उसलाई घरैमा भेटे । विमलानन्द भन्तेलाई देख्ने बित्तिकै ऊ जिल्ल पऱ्यो। भन्तेले "किन कुनै खबरै नदिई सुटुक्क आएको ? तिमीले जति काम गरेका थियौ त्यसको पैसा पाएकै थियौ। तिमीले त्यतिका ढलौट कहाँ कसलाई जिम्मा दिएर आयौ ? कहाँ राखेर आयौ ? ढलौट त तिमीले हामीलाई जिम्मा लगाई आउनु पर्थ्यो। किन यसो गरेको ?" भनी सोध्नु भयो। उनले "मैले जति ढाली सकेको पाटा थियो त्यो त्यहाँ पालो बस्नेलाई जिम्मा लगाई आएको हुँ। तपाईलाई केही खबर दिएर आउन नसकेको मलाई ठूलो आपत परेको हुनाले हो । मैले त तपाईको काम जति सक्यो चाँडै सिध्याइ दिने कोशिस गरेको थिएँ। तर के गरौं ? भीसा थप गर्नु त परै जाओस मेरो पासपोर्ट समेत रद्द गरी मलाई जेलमा हाल्ने भन्ने सुनेर भागेर आउनुपऱ्यो । पासपोर्ट र भीसा मिलेमा अहिले पनि लंकामा आई त्यो काम सिध्याइदिने मेरो इच्छा छ । मैले बेइमानी गरे जस्तो भयो । काम नसिध्याईकन बीचैमा भागेर आउनु परेकोले मलाई झन् दुःख लागेको छ । यो मेरो दोष होइन। राजनीतिक षड्यन्त्रले गर्दा हामी दुवैलाई बाधा परेको हो। कुनै उपायले भीसा मिलेदेखि लंकामा आई काम पूरा गरिदिन आउँने छु" भन्यो । हुनत तिनको पनि कुनै खास दोष थिएन, परिस्थिति नै प्रतिकूल भइ दिएको थियो।

यस विषयमा महानायक भन्तेलाई कालिगढसँग भएको कुरा सबै बताउनु भयो । महानायक भन्तेले "त्यतिका ढलौट फेरि कहाँबाट जम्मा गर्ने ? ढलौटको प्रतिमा ढाल्ने विचार छोडिदेऊ। कँक्रिटले ढलान गरी बनाउनु बेश हुनेछ।" भन्नु भएकोले बाध्य भई कँक्रिटको ढलानको काम शुरू भयो । यतिकैमा घरबाट बुबा अस्वस्थ छ छोराको आगमनको प्रतीक्षामा छन् भन्ने चिट्ठी आयो । बुबालाई निराश हुन दिनु मनासिब नभएको हुनाले यो समाचार नायक भन्तेलाई सुनाए । बुबा आमाको सेवा गर्न भिक्षुहरूलाई पनि नियम अनुसार बाधा नपर्ने हुनाले आफ्नो देशतिर जाने इच्छा तीव्र भयो । त्यसकारण बुबालाई मुख देखाएर केही महिना नेपालमा बसी लंकामा फर्कने विचारले सन् १९७२ मई महिनातिर वायुयानद्वारा नेपालमा फर्कनुभयो । प्लेनको टिकट जे. आर. जयबर्धनका श्रीमतीले मिलाई दिनुभयो ।



Downloaded from http://dhamma.digital/

## फेरि नेपाल फिर्ति

काठमाडौं पुगेपछि आफ्नी बहिनी गंगालक्ष्मीसँग बुबाको कुशलाकुशल समाचार के छ भनी सोध्दा "केही हप्तासम्म त अस्वस्थ नै हुनुहुन्थ्यो। अब त केही सञ्चो भएर आइरहेको छ।" भनेको हुनाले तानसेन घरतिर जान नआत्तिई काठमाडौंमा केही महिना बिताउनु भयो । काठमाडौंमा धेरैजसो श्रीघ:विहारमा बस्नुहुन्थ्यो । त्यहाँ सबेरैको जलपान धर्मकीर्ति विहारबाट धम्मावती आदि अनागारिकाहरूले गराउँथे । बाहिर निमन्त्रणा नभएको बेलामा इटुँबहालका चम्पावती दायिकाकी घरमा भोजनको व्यवस्था हुन्थ्यो ।

## भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा बस्न आग्रह

काठमाडौं बसुञ्जेल बेला बखत श्री साहु मणिहर्षज्योति, आशाराम शाक्य र दयावीरसिंह कंसाकारज्यूसँग भेटघाट हुन्थ्यो। वहाँहरूले "भन्ते ! तपाई अब लंकामा जाने कुरा छोडिदिनु होस् र लुम्बिनी बुद्ध विहारमा बसी दिनुहोस् । लुम्बिनी धर्मोदय समितिको सदस्य बनी जन्मभूमी आफ्नो देशको सेवा पनि हुनेछ । तपाई जस्ता भिक्षु हामीलाई अत्यन्त आवश्यक भइराखेको छ । समितिको तर्फबाट जति काम हुनुपर्ने हो त्यति गर्न सकिएको छैन । तसर्थ तपाई लंका जान छाडी लुम्बिनीमा बसी समितिको तर्फबाट कुन तरीकाले त्यहाँको मायादेवी मन्दिर र बुद्ध विहारको व्यवस्था गरी सेवा गर्न सकिन्छ त्यसको हामीलाई योजना पेश गर्नुहोस्।" भन्दथे। उहाँहरूको यस अनुरोधलाई भन्तेले स्वीकार गर्नुभन्दा पहिले लुम्बिनीको स्थिति अध्ययन गर्नु आवश्यक भएकोले 'हुन्छ हेरौंला' भनी हाँस्दै तार्नु हुन्थ्यो। केही महिनापछि तानसेन नगरमा जानुभई बुबाको स्वास्थ्य राम्रै भइरहेको देखेर केही हप्तापछि लुम्बिनी जानुभयो। त्यहाँ बस्नुभएका भिक्षु अनिरुद्ध महास्थविरसँग त्यहाँको स्थिति फेरि तानसेनमा फर्कनुभयो।

केही समय पछि तानसेनबाट काठमाडौं फर्कन खोज्दा भन्तेको बुबा मोतिकाजी शाक्यले भन्नुभयो, "म अब कमजोर अवस्थामा छु। तिम्रो एउटा भाई त घरबाट निस्की अंश भाग लिई छुट्टै बसिसक्यो। अरू दुईभाईबारे पनि यसै भन्न सकिन्न। तिमी जेठो छोरा हौ। मलाई केही सल्लाह लिनु पर्दा तिमीसँग नै लिनु पर्दछ। त्यसकारण तिमी नेपालमै जहाँ भए पनि बस । आवश्यक खर्चको व्यवस्था गरिदिनेछु। आफ्नो देश छाडी विदेशतिर नलाग।"

पहिले विमलानन्द भन्ते कलकत्तामा छँदा भाजुरत्न साहु र उहाँका छोरा मणिहर्षज्योति साहुले पनि "भन्ते। तपाईको गाउँ लुम्बिनी नजिकै छ। तपाई लुम्बिनीमा बसिदिनुहोला" भनी बारम्बार भन्नुहुन्थ्यो । त्यतिबेला लुम्बिनीमा धम्मालोक महास्थविर बस्नु भएको थियो । वहाँ अलि खरो स्वभावको हुनुभएकोले वहाँसँग बस्न मलाई आँट भएन । यस पटक लुम्बिनी धर्मोदय समितिका मुख्य संचालकहरूले पनि लुम्बिनीमा बसीदिन आग्रह गर्दै थिए । यता बुबाको सदिच्छा सम्झेर पनि दोमन हुन थाल्यो 'स्वदेशमै बस्ने कि विदेश फर्कने।'



Downloaded from http://dhamma.digital/

प्रथम विश्व बौद्ध सम्मेलन श्रीलंकामा भएको बेलामा सम्मेलनमा भाग लिन नेपालबाट भिक्षु अमृतानन्द महास्थविर, मणिहर्षज्योति साहु र आशाराम शाक्य पनि उपस्थित थिए । त्यतिबेला पनि मणिहर्षज्योति साहुले विमलानन्द भन्तेलाई "भन्ते ! श्रीलंकामा धेरै भिक्षुहरू छन् । त्यस्तै वजिराराममा पनि धेरै भिक्षुहरू छन् । तपाई एकजना नभएर यहाँ केही अभाव हुँदैन । किन तपाई लुम्बिनीमा बस्नु हुन्न र ? लुम्बिनीमा बसी दिनुहोस् । जे गर्नुपर्ने सहायता हामी गरौंला ।" भनी आग्रह गरेका थिए ।

त्यस्तै काठमाडौंमा एकदिन दयावीर सिंह कंसाकारज्यूले "भन्ते ! अब तपाईलाई लुम्बिनीमा राख्नको निम्ति समितिको बैठक बोलाउने छु । मणिहर्ष साहुको घरमा उपस्थित हुनु होला ।" भन्नुभयो ।

सन् १९७३ मा श्री चित्तधर 'हृदय' को सभापतित्वमा मिटिङ्ग शुरू भयो । मिटिङ्गमा मणिहर्ष साहु, दयावीरसिंह कंसाकार, प्राध्यापक आशाराम शाक्य, प्राध्यापक कृष्णप्रसाद मानन्धर र सत्यमोहन जोशी उपस्थित हुनुहुन्थ्यो । मिटिङ्गमा उनीहरूले "भन्ते ! अब तपाईलाई कमिटीको सदस्यतामा राखी तपाईलाई नै लुम्बिनी बुद्ध विहारको स्थानीय आवासीय भिक्षुको रूपमा राख्न हामी सबैले निर्णय गरेका छौं । अब हामीले तपाईलाई छोड्ने छैनौ ।" भने । त्यस दिनदेखि लुम्बिनीमा बस्नुपर्ने स्थिति देखिएको परन्तु मन मनै 'सके बसुँला, नसके लंकामा फर्कुला ।' भन्ने सोच्दै पासपोर्टको म्याद बढाउँदै केही वर्ष राम्रैसँग बिताउनु भयो अन्तमा आफ्नो मातृभूमिले नै मन तान्यो र नेपाली नागरिकताको प्रमाणपत्र लिन बाध्य हुनुभयो ।

## लुम्बिनीमा स्थिर निवास

लुम्बिनीमा समय बित्दै १४ वर्षसम्म भिक्षु अनिरुद्ध महास्थविरज्यूसँग मिलिजुली बस्नु भयो । सन् १९५४ सालमा केही समय कलकत्तामा छँदा र श्रीलंकामा १९६४ देखि बसेको बेलामा जति त्रिपिटकका ग्रन्थहरू र बौद्ध साहित्यका पुस्तक पुस्तिकाहरू संग्रह भइराखेका थिए ती सबै ग्रन्थहरू लुम्बिनीको लागि श्रीलंकाबाट झिकाई प्रदान गरि दिनुभयो ।

## बिक्रम सम्वत् २०३५ सालतिर

श्रीलंकाका राष्ट्रपति जे. आर. जयवर्धन लुम्बिनी दर्शनार्थ आउनु भएको थियो । राष्ट्रपति लुम्बिनी आउनु भन्दा अगाडि उहाँकी श्रीमतीले "हामी नेपालको राजकीय भ्रमणमा आउँदा लुम्बिनीमा पनि दर्शनार्थ आउने छौं" भनी खबर पठाएकी हुन् । त्यसबखत लोकदर्शन वज्राचार्य लुम्बिनी विकास कोषका उपाध्यक्ष भई लुम्बिनीमा आउनु भएको थियो । सोही दिन हाम्रा श्री ५ वीरेन्द्र वीर बिक्रम शाहदेव सरकार पनि राष्ट्रपति जयबर्धनसँगै लुम्बिनीमा सवारी होइबक्सेको थियो । राष्ट्रपति जयबर्धन परिवारसँग विमलानन्द भन्तेको श्रीलंकामा बसुञ्जेल निकटको सम्बन्ध र सम्पर्क थियो । श्री ५ वीरेन्द्र सरकारसँग वहाँ लुम्बिनीमा पाल्नु हुँदा मायादेवी मन्दिर जाने सिँढीमा विमलानन्द भन्तेको परिचय वहाँले श्री ५ लाई दिनुभयो ।



Downloaded from http://dhamma.digital/

राष्ट्रपति लुम्बिनी आउनु भन्दा दुई चार दिन अगाडि दरवारका हेलिकप्टरबाट लुम्बिनीमा आएका एस.पी., डि.एस.पी.ले भन्तेलाई भेटी राष्ट्रपतिलाई मन्दिरमा जुन धार्मिक पूजा आदि गर्नुपर्ने हो र लुम्बिनीको बारेमा जे भन्नुपर्ने हो सो गरिदिनु हुन आग्रह गरेका थिए ।

राष्ट्रपतिज्यूको श्रीमतीले विमलानन्द भन्तेलाई, "तपाई चाँडै नै लंका फर्किन्छु भनी आउनु भएको थियो र हामीले नेपालमा आउनको लागि हवाई टिकट मिलाई दिएको थियौं तर तपाई फर्कनु भएन । तैपनि लुम्बिनीमा बस्नु भएको हुनाले हामीलाई खुसी नै लाग्यो । तपाई धेरै दुब्लाएको जस्तो लाग्यो । यदि लुम्बिनीमा बस्न अनुकूल नभए लंकामा फर्कनु होला" भन्नुभयो । राष्ट्रपतिज्यूले "लुम्बिनीको लागि केही गर्न चाहन्छु । के गर्नु आवश्यक छ ? भनी सोध्नुभयो । त्यसबखत लुम्बिनीमा यात्रीहरू आउँदा एकरात बस्नको निम्ति पनि कुनै राम्रो धर्मशाला, गेष्टहाउस, लज वा होटल नभएकोले श्रीलंका सरकारको तर्फबाट लगभग सय डेढसय यात्रीहरू आएपनि बस्न सक्ने धर्मशाला निर्माण भए यात्रीहरूको लागि अति उपकार हुने कुरा बताउनु भयो । राष्ट्रपति महोदयले "यसबारे म केही गर्नेछु" भनी जवाफ दिनुभए अनुसार केही समय पछि श्रीलंका सरकारको तर्फबाट श्रीलंका पिल्ग्रीम गेष्टहाउस (Sri Lanka Pilgrim Guest House) नामको भव्य विश्रामशाला बन्यो ।

केही वर्ष पछि प्रधानमन्त्री प्रेमदासाज्यू लुम्बिनी आउनु भयो । वहाँपनि वजिरारामकै दाता र गुरुसँग धर्म अध्ययन गर्ने भएकोले वहाँसँग पनि विमलानन्द भन्तेको परिचय थियो । विमलानन्द भन्तेलाई लुम्बिनीमा भेट्दा निकै खुसी भए । केही वर्षपछि वहाँ श्रीलंकाका राष्ट्रपति हुँदा फेरि लुम्बिनी दर्शनार्थ आउनु भयो । त्यसबेला नेपालका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला साथमा आउनु भएको थियो । अशोक स्तम्भ दर्शन गरिसकेपछि मायादेवी मन्दिर अवलोकन गरेपछि भन्तेलाई अलि एकान्तमा बोलाएर "हामुदुरू (भिक्षुजी) ! म लुम्बिनीको लागि केही गर्न चाहन्छु । के कस्तो गरेमा राम्रो होला ?" भनी सोध्नुभयो । लुम्बिनीमा बौद्ध बस्ती छैन । बुद्ध जन्मेको स्थलमा बौद्ध जनता, बौद्ध समाज भए बौद्ध वातावरण, बौद्ध गतिविधि, बौद्ध शिक्षा दीक्षा, बौद्ध धार्मिक कृयाकलाप देखिने थियो । त्यसकारण लुम्बिनी वरिपरि बौद्धहरूको लागि बौद्ध कोलोनी जस्तो स्थापना भए लुम्बिनीको सुरक्षा र बुद्ध मन्दिरमा बस्ने भिक्षुहरूलाई पनि सहारा हुने थियो, भन्ने कुरा बताउनु भयो । त्यसको लागि जग्गा जमिन वरिपरि पाउन सके फ्लाएट् सिष्टम (Plat System)को गृह निर्माण गर्न शुरू गर्ने कुरा भयो । सरकारको तर्फबाट इन्जिनियर ओभरसियरहरू पठाई जग्गा लिने कुरा पनि भयो । यसका लागि मानिस पनि पठाएको रहेछ । तर उनीहरूले भन्तेलाई नभेटीकन कुनै कर्मचारीलाई भेटी गृह निर्माणको लागि लुम्बिनीको वरिपरिको जग्गा नलिई ५ माइल टाढाको जग्गा लिएको कुरा पछि थाहा भयो । तर कहाँ हो भन्ने कुरा यकिन थाहा पाउन सकिएन । यसको केही महिनापछि वहाँको हत्या भै निधन भयो ।

## तानसेनको लहरेपिपलमा श्रीमहाबोधि विहार निर्माण

पाल्पा तानसेनमा आनन्द विहार र बुटवलमा पञ्चचैत्य विहार धेरै पहिले निर्मित भएका हुन्। यी दुइ विहारहरूमा स्थविरवादी भिक्षुहरू बस्नु हुन्छ। तर यी विहारहरूमा विदेशी भिक्षुहरू र यात्रीहरू आउँदा आधुनिक शौचालय, स्नानगृह आदिको उचित व्यवस्था थिएन । लुम्बिनीदेखि पाल्पा तानसेन आउने भिक्षु र तीर्थयात्रीहरू तानसेनमा बस्न समय सुहाउँदो एउटा विहार बनाउन पाए हुन्थ्यो भनी विमलानन्द भन्तेले श्री महाबोधि विहार बनाउने विचार गर्नु भयो ।

यो विहार निर्माणको निम्ति सुहाउँदो जग्गा खोज्दैमा वर्षदिन बित्यो । उहाँको बुबा मोतिकाजी शाक्यले उहाँलाई भन्नुहुन्थ्यो, "भन्ते ! अब आफ्नो देश छोडेर श्रीलंकामा नजानु होला। बरू तपाईलाई बस्न राम्रो विहार नभए मैले विहार बनाई दिउँला।" भाग्यवश उहाँले आफ्नै नाउँमा एउटा सानो जग्गाको टुक्रा लहरेपिपलतिर लिनुभएको रहेछ र विहार बनाउने इच्छा भए त्यो जग्गा भन्तेको नाउँमा बकसपत्र गरिदिने भनी भन्तेलाई बोलाई देखाउनु भयो । जग्गा राम्रै ठाउँमा रहेछ तर विहार बनाउन त्यति जग्गाले पुग्दैन थियो । जे भएपनि बुबाले जग्गा विहार बनाउनको निम्ति अर्पण गर्नुभयो। सोही प्लटमा अरू दुईतीन जना नातेदारहरूको जग्गा थियो। एउटा चिउरामील भएको जग्गा पनि थियो। यी सबै जग्गा मिलाएको खण्डमा ९५ हात लम्बाई अगाडि मोहडामा र ६० हात पछाडिसम्म थियो । ती जग्गाको प्लटहरू त्यस जमानामा कुनै १४ हजार, कुनै २६ हजार, कुनै ७५ हजारसम्म तिरेर पटक पटक गरी आफूले दान दक्षिणामा पाएको रकमबाट किनियो र नपुग रकम बुबा मोतिकाजी शाक्यले राखी दिनुभयो। यसरी श्री महाबोधि नामको बुद्धविहार बन्यो ।

चिउरामील बुद्धविहारको नामबाट केही वर्षसम्म चलिआएको थियो । सो चिउरामीलको सानो हल र दुइवटा साना साना कोठामा आफू कहिले काहीं तानसेन जानुहुँदा त्यहीं बस्नुहुन्थ्यो । कुन उपायले त्यस भवनमा तल्ला थपेर माथि कोठा बनाउँ भन्दै दुई वर्ष बित्यो । भाग्यवश एउटा जापानी दाता वर्ष दुईवर्षको अन्तरमा लुम्बिनी आउने गर्थ्यो, उहाँले भन्तेको तर्फबाट केही प्रोजेक्टको काम छ कि भनि सोध्नुहुँदा भन्तेले आफ्नो जन्मस्थान पाल्पामा एउटा सानो विहार बनाउँदै गरेको सुनाउनु भयो। तानसेन लुम्बिनीबाट कति टाढा छ।" भनि सोधे। लुम्बिनीबाट तीन घण्टा लाग्ने कुरा गर्दा उनले त्यहाँ बस्ने राम्रो होटल छ कि छैन भनि सोधे। भन्तेले "पाल्पा तानसेन नेपालका एउटा दर्शनीय पर्यटन स्थल हो। एक दुईवटा राम्रो गेष्टहाउस र होटल पनि छन्" भनेपछि उनले म फेरि एकवर्ष पछि लुम्बिनी आउँदा तपाईको गाउँ तानसेनमा पनि जाने प्रोग्राम मिलाएर आउँछु" भने ।

एकवर्ष पछि उनी आए। भन्तेले तानसेनमा साथै लिएर जानुभयो तथा श्रीमहाबोधि विहार देखाउनु भयो । उनले भने, "यही तपाईको विहार हो ? यो त निकै सानो भयो। भुइँतल्ला मात्र रहेछ। यो घरको माथि अर्को एकतल्ला थप्नु हुन्न र ?" भन्तेले "हुन्छ, तर जग कतिको



Downloaded from http://dhamma.digital/

बलियो छ भन्न सक्दिन ।" भन्दा उनले तला थप्नको निम्ति लाग्ने खर्च आफैले प्रदान गरे र तला थप्ने काम शुरू भयो । सोही दिन बुद्ध मन्दिरको लागि उनकै तर्फबाट शिलान्यास पनि भयो । उनी "शोकोतु-ताइसी-काइका (जापानका) सुजीमोरिसाँ"को अध्यक्ष हुन्। उनले विमलानन्द भन्ते प्रति निकै श्रद्धा राखेर एक पटक भन्तेलाई जापान जानको लागि प्रिपेड (आनाजाना) टिकट पनि पठाई १५ दिन जापान भ्रमण गराए ।

फेरि केही वर्ष बितेपछि "नारा तोदाई मन्दिर"मा त्यहाँका प्रमुख भिक्षुले आफ्नो प्रमोशनको उपलक्ष्यमा भन्तेलाई प्रिपेड टिकट साथ निमन्त्रणा गरी जापान बोलाए । समारोह सिद्धिएपछि "ओसाका"मा "सुजीमोरिसाँ" सँग भेटघाट भयो । त्यतिबेला उनी साह्रै नै बिरामी भई कमजोर स्थितिमा थियो। भन्ते नेपाल फर्केको केही महिना पछि उनको देहान्त भएको दुःखद समाचार आयो। भन्तेले उनले श्रीमहाबोधि विहार स्थापनाको लागि गर्नुभएको पुण्यको प्रभावले सुगति लाभ होस् भनि प्रार्थना गर्नुभयो ।

अहिले यो श्रीमहाबोधि विहार सञ्चालन बौद्ध महिला संघ र युवा बौद्ध संघको तर्फबाट हुँदैछ । विहारमा मन्दिरको रेखदेख, हेरविचार तथा वर्षको एकपटक वार्षिक समारोहको कार्यक्रम तथा महिनाको एक पटक ज्ञानमाला भजन, बुद्धपूजा युवा तथा महिलाहरूको तर्फबाट हुँदै आएको छ। ज्ञानमाला भजनको अडियो क्यासेट श्रीमहाबोधि विहारका युवा बौद्ध संघले प्रकाशमा ल्याएको छ। यो भजन क्यासेट नेपाली र नेपालभाषामा छ। ज्ञानमाला भजनको गायन शैली श्रोताहरूको निम्ति अति रोचक छ। यो श्रीमहाबोधि विहार निकट भविष्यमा नै विमलानन्द भन्तेले संघदान गर्ने इच्छा गर्नुभएको छ।

## लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा

एकदिन अचानक लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा विमलानन्द भन्तेको नियुक्ति भएको खबर रेडियो नेपाल, नेपाल टि.भी.बाट प्रसार गरियो । यसरी रेडियो तथा टि.भी.बाट प्रसार हुनु भन्दा केही घण्टा पहिले नै विमलानन्द भन्तेका आफन्त तथा मित्रहरूबाट टेलिफोनद्वारा बधाई आएको थियो। भन्तेले आफूले कुनै प्रयास र आशा समेत नगरेको हुनाले यस कुरामा विश्वासै लागेको थिएन। त्यसकारण टेलिफोनबाट बधाई दिनेहरूलाई पनि "यो मलाई होइन होला। बरू अर्को एक जना भिक्षुले उपाध्यक्ष पदमा आशा राखेका थिए। उनैको निश्चित भयो भन्ने कुरा सुनेको होला । म आफैले पनि उनलाई बधाई दिइ पठाउने विचारमा थिएँ भनी जवाफ दिएँ।" भन्नुहुन्थ्यो । वास्तवमा आफूलाई नै नियुक्त गरेको कुरा टि. भी. र टेलिफोनबाट प्रसार भएको सुनेपछि विश्वास गर्नुभयो । उनी भन्छन्– "यो पद आफूलाई त्यतिको नसुहाउने र यसका लागि योग्य सम्झेको थिइन। किनभने जीवनमा प्रशासनिक काममा त्यतिको ज्ञान छैन। तैपनि अचानक पाएको पद सम्हाल्नु पर्नेभयो।"

यो पद स्वीकार गराउनको लागि लुम्बिनी विकास कोषका भू.पू. उपाध्यक्ष लोकदर्शन वज्राचार्यले उनलाई काठमाडौं बोलाउनु भएको रहेछ । परन्तु बैशाख पूर्णिमाको समारोहमा



Downloaded from http://dhamma.digital/

व्यस्त रहनु परेको हुनाले पूर्णिमाको केही दिन अगाडि उहाँले उपाध्यक्ष नियुक्ति गरेको पत्र ल्याइदिए । विमलानन्द भन्तेको विकास कोषका अध्यक्ष मन्त्रीज्यूसँग कुनै जान पहिचान थिएन, न त विकास कोषका अध्यक्षको नै भन्तेसँग । जे भएपनि बुद्धजयन्ती समारोह मनाउनको लागि अध्यक्षज्यू लुम्बिनीमा आउनु भएपछि सोही दिन मायादेवी मन्दिरको गेट अगाडि आपसमा भेटघाट र परिचय भयो ।

यही बुद्ध जयन्ती समारोहकै दिनमा श्रीलंकाका महाबोधिको अंकुर भन्तेले ग्रहण गरी विकास कोष क्षेत्र भित्रको उत्तर दिशामा अध्यक्षज्यूबाट रोपण कार्य सुसम्पन्न गरियो । हुनत भन्तेलाई त्यस ठाउँमा बोधि अंकुर रोपण भएको त्यति राम्रो लागेको थिएन । किनभने स्थल राम्रो नभएको, हतार हतारमा कार्य सम्पन्न गर्नुपरेको तथा उपाध्यक्ष पद बहाली गर्ने बित्तिकै जिम्मा आएको कार्य हुनाले उति सन्तुष्ट नभएपनि आफूले जिम्मा लिएको बोधि अंकुर हुनाले त्यसको संरक्षण गर्नुमा दायित्व सम्झनु भई बेलाबखत रेखदेख गर्ने तथा पानी दिने व्यवस्था गर्नुहुन्थ्यो ।

विकास कोषका उपाध्यक्ष भएतापनि आफू एउटा भिक्षु जीवन बिताई रहनु भएको हुनाले संस्कृति तथा खेलकुद मन्त्रीको अन्तर्गत बस्नु परेको हुनाले जुन तरीकाले लुम्बिनीको सेवा गर्ने इच्छा गरी श्रीलंका छाडी नेपाल आएका थिए तदनुसार गर्न नपाएकोमा उनलाई असन्तुष्टी त छँदै थियो । समय बित्दै गयो वर्ष दिन पछि एमाले पार्टीको सरकार आयो । लुम्बिनी विकास कोषका अध्यक्ष पौडेलज्यू हुनुभयो । सरकार बदलेर अरू सरकार स्थापना भएमा लुम्बिनी विकास कोषको अध्यक्ष र उपाध्यक्षहरू पनि बदलिने हुनाले नयाँ अध्यक्ष आएपछि आफूले उपाध्यक्ष पदबाट राजीनामा दिने पत्र अध्यक्षज्यूमा पेश गर्दा, अध्यक्षज्यूले राजीनामा पत्र स्वीकार नगरी "भिक्षुजी, उपाध्यक्ष पद किन छोड्नुहुन्छ ? तपाई छउञ्जेल अरू उपाध्यक्ष नियुक्त गर्ने हाम्रो इच्छा छैन । लुम्बिनी भिक्षुहरूले संरक्षण गर्नुपर्ने धार्मिक स्थल हो । अशोक कालमा पनि यो स्थल संरक्षणको लागि भिक्षुहरूलाई नै सुम्पिदिएको कुरा इतिहासले बताएको छ। त्यसकारण तपाई नआत्तिनु होस्।" भने । जे भएपनि १ वर्ष ५ महिनासम्म उपाध्यक्ष पदमा बस्नु भयो । आफू यस्तो पदमा बसिरहनु भन्दा धार्मिक सेवा गरी बस्नु उपयुक्त हुने र भिक्षुहरूलाई यस्तो प्रशासनिक पद बोकी रहनु भन्दा धार्मिक र आध्यात्मिक सेवामा जीवन बिताउनु नै श्रेयष्कर हुने तथा यस पदमा रहँदा कुनै कारणवश आफूलाई पनि भ्रष्टाचारको आरोपको छिटा आउला भन्ने आशंकाले पनि पदबाट मुक्त भएर बस्न उचित सम्झी आफ्नो स्वेच्छाले पद त्याग गर्नुभयो ।

लुम्बिनी बुद्ध विहारमा स्थानीय भिक्षुको रूपमा जुनबेलादेखि बस्न आउनु भएको थियो त्यस अवधिभित्र अनेक समस्याहरू आउँदै गरे । कुनै व्यक्तिले अपशब्द रचना गरी बेकारमा बदनाम गऱ्यो। कसैले हातपात पनि गर्न खोज्यो । कुनैले यहाँबाट भगाउन अनेक धम्कीपूर्ण शब्द प्रयोग गरी टेलिफोनबाट बेनामी आदेश पनि दियो । जुन दिन लुम्बिनीमा जापानी भिक्षु नावातामेको हत्या भएको थियो त्यस दिन श्रीलंकाका तीर्थयात्रीहरू बुद्ध विहारमा बास बसेका थिए । विमलानन्द भन्ते भन्नुहुन्छ "श्रीलंकाका यात्रीहरू विहारमा बास बसेको कारण त्यसदिन



Downloaded from http://dhamma.digital/

मलाई केही भएन । जेहोस् सहनु सहस्रगुण हो । बाचुञ्जेल अष्टलोकधर्म अर्थात "लाभ, अलाभ, यश, अपयश, निन्दा, प्रशंसा, सुख र दुःखबाट चित्त बिचलित नगर्ने शिक्षालाई सम्झी मनलाई आफैले सम्झाई तटस्थ भई रहनु आफ्नो कर्तव्य हो । त्यसकारण बुद्धको यही वचन पालन गरी रहन्छु" भन्नुभयो ।

## शाक्यमुनि विहारको स्थापना

लुम्बिनी बसीसकेपछि बुद्ध विहारको क्षेत्रभित्र यात्रीहरूको लागि सुविधा युक्त एउटा धर्मशाला निर्माण गर्ने भन्तेको इच्छा थियो । दुर्भाग्यवश आफू बसेको क्षेत्र लुम्बिनी विकास कोष अन्तर्गत र पुरातत्व क्षेत्रभित्र परेको हुनाले यस क्षेत्रभित्र कुनै भवन निर्माण गर्न नपाउने हुनाले उनको मनमा निकै दुःख लागेको थियो । त्यसकारण क्षेत्र बाहिर गएर भएपनि विहार निर्माण गरी प्राथमिक उपचार केन्द्र निर्माण गर्ने निश्चय गर्नुभयो । यसरी लुम्बिनीको मधुवनी गा. वि. स. मा शाक्यमुनि विहार र स्वास्थ्य केन्द्र निर्माण गर्नुभयो ।

राजकीय बुद्ध विहार र शाक्यमुनि बुद्ध विहारको संचालन लुम्बिनी धर्मोदय समितिको रेखदेखमा भैरहेका छन । लुम्बिनी धर्मोदय समितिका प्रमुख पदाधिकारीहरू निम्न प्रकारका छन् –

**धर्मानुशासक**

भिक्षु विमलानन्द महास्थविर

**मानार्थ सल्लाहकारहरू**

भक्तिदास श्रेष्ठ

प्रा. आशाराम शाक्य

सत्यमोहन जोशी

| | | |
|---|---|---|
| वर्तमान अध्यक्ष | : | पद्‌मज्योति कंसाकार, काठमाडौं । |
| उपाध्यक्ष | : | रत्नमान शाक्य, ललितपुर । |
| उपाध्यक्ष | : | चिनियालाल वज्राचार्य, तानसेन । |
| कोषाध्यक्ष | : | मिराज्योति कंसाकार, काठमाडौं । |
| सचिव | : | शीलबहादुर वज्राचार्य, काठमाडौं । |

यसलाई मूल समितिमा राखी लुम्बिनीमा कार्य संचालनको निम्ति निम्न महानुभावहरूको उप-समिति निर्माण भएको छ जसमा निम्न महानुभावहरू पदाधिकारी बनी कार्य संचालन गरी राखेका छन् –

१) धर्मानुशासक भिक्षु विमलानन्द महास्थविर

२) अध्यक्ष : बुद्धराज उदय

३) उपाध्यक्ष : चकोरमान शाक्य



Downloaded from http://dhamma.digital/


४) सचिव : कुमार के.सी.
५) कोषाध्यक्ष : निधान चन्द्र श्रेष्ठ
६) सदस्यहरू : शोभा शाक्य
७) " : विष्णु प्रसाद चौधरी
८) " : सुमना शाक्य
९) " : पुर्णमाया महर्जन
१०) " : सत्यलाल हिराचन
११) " : भिमकुमारी थकाली
१२) " : यमुनादेवी पौडयाल
१३) " : पूर्णलक्ष्मी उदय
१४) " : हर्षशोभा तुलाधर
१५) " : राजुनारायण श्रेष्ठ
१६) " : तिलकमान गुभाजू
१७) " : हिरालाल गुभाजू
१८) " : शान्तालक्ष्मी बुद्धाचार्य
१९) " : दुर्गालक्ष्मी श्रेष्ठ
२०) " : बद्री प्रसाद श्रेष्ठ
२१) " : नन्दु प्रसाद गुप्ता
२२) " : राजेन्द्र शाक्य
२३) " : सुवर्णमुनि शाक्य
वैतनिक सचिव : कविन्द्र वज्राचार्य

यस भिक्षु जीवनमा रही सन् १९७२ देखि आजसम्म विश्वशान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी जस्तो महान पवित्र स्थानमा बसी स्वदेशी तथा विदेशी तीर्थयात्रीहरूको सेवामा जीवन अर्पण गर्नु भएको कुरालाई कदर गरी विक्रम सम्वत् २०५९ साल फाल्गुण २९ गतेका दिन भन्तेलाई मित्रराष्ट्र म्यानमार सरकारबाट "अग्ग महा सद्धम्म जोतक धज" पदले विभूषित गरी सम्मान प्रदान गरिएको थियो । यसको निम्ति त्यतिबेला उहाँ अस्वस्थ भै बर्मा जान आँट नगर्नुभएको हुनाले, सचिव रत्नमान शाक्य र महामहिम बर्मी राजदूतको सल्लाहबाट काठमाडौं भिकाई, चिकित्सकबाट स्वास्थ्य चेकअप गराई विश्वशान्ति विहारका भिक्षु उदयभद्र साथ भन्तेलाई बर्मा पठाइएको थियो । बर्मामा आरामसाथ पुगी बडो सम्मानका साथ उपाधि प्रमाण-पत्र ग्रहण गर्नु भई सकुशल नेपाल फर्कनु भयो । अस्तु ।



Downloaded from http://dhamma.digital/


# भिक्षु विमलानन्द महास्थविरलाई विभिन्न संघ संस्थाबाट प्राप्त अभिनन्दन-पत्रहरू



अभिनन्दन-हनापौ

पूज्य भिक्षु बिमलानन्द महास्थविरज्यू

सादर वन्दना।




अभिनन्दन-हनापौ

पूज्य भिक्षु बिमलानन्द महास्थविरज्यू

सादर वन्दना।

गौतम शाक्य

भिक्षु कुमार काश्यप महास्थविर




अभिनन्दन-हनापौ

पूज्य भिक्षु बिमलानन्द महास्थविरज्यू

सादर वन्दना।

आनन्दकुटी विहार गुठी

आनन्दकुटी दायक सभा



Act of Appointment

Sri Dharmarakshitavansalankara

Most Venerable Wimalananda Thera of Nepal



Downloaded from http://dhamma.digital/

## हार्दिक अभिनन्दन पत्र

GOVERNMENT OF THE UNION OF MYANMAR
MINISTRY OF RELIGIOUS AFFAIRS
Kaba-Aye, Yangon

Ref 100 / 3-15 / Wa Ka Ya
Date: 27 January 2004

To be reverentially presented to
The Most Venerable VIMALANANDA
Buddha Vihara, Lumbini Development Area,
NEPAL

Venerable Sir,

May you please deem it an honour to be conferred with our Religious Title AGGAMAHA SADDHAMMA JOTIKADHAJA, in recognition of your contribution to the purification, perpetuation and propagation of Buddha's Teaching.

The Grand Buddhist Religious Title Presentation Ceremony, where the State Leader and Ministers will confer religious titles on eminent bhikkhus from in and out of the country, in person, will take place on the Full Moon Day of Tabaung ME 1365 (5th March 2004) in the Mahapasana Cave in Kaba-Aye Estate, Yangon.

Hence, we respectfully request your presence at the Guest Mahathera Vihara in Kaba-Aye Estate by Wednesday, 3rd March 2004, and to attend the Buddhist Religious Title Presentation Ceremony.

We would also like to inform you that you may bring along one attendant. The Government of the Union of Myanmar has the honour to offer round-trip air tickets and all necessary accommodation for yourself and one attendant.

With much respect,

Brig-Gen. Thura MYINT MAUNG
Minister
Ministry of Religious Affairs

C.C.
H.E. Ambassador
Embassy of the Union of Myanmar
Kathmandu, Nepal.



## Namo Buddhaya

In the year 236 of Buddhist Era, the Emperor Asoka of India donated the Right Branch Of Historic Sacred Maha Bodhi Tree in Buddhagaya - India to the contemporary ruler of Sri Lanka King Devanampiyatissa

This highest respected gift was brought to Sri Lanka by Arahanth Sangha Mitta Theri and transplanted in Anaradhapura, the Ancient Capital of Sri Lanka and is venerated by millions of Buddhist until today.

I am donating this Sapling Of The Same Sacred Bodhi Tree to Ven. Bhikkhu Vimalananda Mahathera, the Vice Chairman of Lumbini Development Council, Kathmandu NEPAL on this 5th day of May 1996.

## Act of Appointment

The Supreme Council of the Amarapura Sri Dharmarakshita Maha Nikaya established by the Most Venerable Attudawe Sri Dhammarakkhita Maha Thera hereby confer the title of

***Sri Dharmarakshitavansalankara***

and appoint as the Chief Sangha Nayaka of Nepal

**Most Venerable Wimalananda Thera of Nepal**

the illustrious pupil of the world renowned teacher of the Dhamma the Most Venerable Pelene Sri Vajiranana Maha Nayaka Thera, in recognition of his noble service to the Sasana over a long period of time first in Sri Lanka residing at the Vajiraramaya, Bambalapitiya and Siri Vajirarama Vihara, Anuradhapura, and later for over thirty years in his mother country residing at Lumbini, the birth-place of Lord Buddha, taking the initiative in restoring this most sacred place of worship to its pristine glory and serving the large number of devotees coming from all over the world.

Kiridigama Hemarama Maha Thera
Joint Secretaries

March 2546 / 2003




Downloaded from http://dhamma.digital/

# भिक्षु विमलानन्द महास्थविर विभिन्न फोटो चित्र



(कोरियन बौद्ध भिक्षुहरूसँग ।)



(लुम्बिनी मायादेवी मन्दिर परिसरमा चिवर दान गर्नुहुँदै ।)



Downloaded from http://dhamma.digital/



(भिक्षु कुमार काश्यपका साथ बस्नुहुँदै ।)



(श्री ५ ज्ञानेन्द्रका साथ भिक्षु विमलानन्द मायादेवी मन्दिर अवलोकन भ्रमण)




(जापानको हिरोशिमा शहर भ्रमणमा ।)




(श्री ५ ज्ञानेन्द्र तथा श्री ५ कोमल शाहका साथ मायादेवी मन्दिरमा ।)



Downloaded from http://dhamma.digital/



(प्राथमिक उपचार केन्द्रमा उपचारका लागि बिरामी व्यक्तिहरूसँग ।)



(श्रीलंकाका तत्कालिन प्रधानमन्त्री स्व. रणसिंघे प्रेमादासासँग भेटघाट)



Downloaded from http://dhamma.digital/



(मायादेवी मन्दिरमा पूजा अर्चना ।)



(म्यानमार सरकारबाट अग्गमहा सधम्म जोतिक धज सम्मान प्राप्त भई लुम्बिनी फर्किनु हुँदा लुम्बिनीमा श्रद्धेय भिक्षु संघबाट स्वागत ।)



Downloaded from http://dhamma.digital/




(जापानका श्रद्धेय योशिनोबु ओगिनोज्यूबाट भिक्षु विमलानन्दलाई ऐम्बुलेन्सको साँचो हस्तान्तरण गर्दै ।)




(लुम्बिनीस्थित शाक्यमुनि बुद्ध विहारको स्थापना २०५७ मा निर्माण सम्पन्न ।)



Downloaded from http://dhamma.digital/



(स्व. श्री ५ वीरेन्द्र सरकारको लुम्बिनी प्रमण हुँदा स्वागत गर्दै ।)



(लुम्बिनी धर्मोदय समितिबाट संचालित ऐम्बुलेन्स सेवा ।)



Downloaded from http://dhamma.digital/



(श्रीलंकाका तत्कालिन प्रधानमन्त्री सिरीमायो भण्डारानायकसँग लुम्बिनी भ्रमणमा ।)



(संयुक्त राष्ट्र संघका तत्कालिन महासचिव कुर्ट वाइल्डहाइम्ससँग लुम्बिनीमा भेटघाट ।)



Downloaded from http://dhamma.digital/




(वि.सं. २०३५ कार्तिक १८ गते श्रीलंकाका तत्कालिन स्व. राष्ट्रपति जे. आर. जयवर्धनसँग लुम्बिनीमा स्वागत दर्शन ।)



(जापान भ्रमणमा भिक्षुहरूसँग ।)



Downloaded from http://dhamma.digital/



श्रद्धेय भिक्षु विमलानन्द महास्थविरज्यूको

**७७ वर्ष ७ महिना ७ दिन पुगेको**

उपलक्ष्यमा

उहाँको बुद्ध शासनिक क्षेत्रमा

अझ बढी उन्नति होस्

तथा

सुख समृद्धि एवं दीर्घायु र आरोग्यको


सभक्ति अभिवादन चढाउँदछौं ।

**बेबिल्याण्ड फेन्सि स्टोर्स**

चिप्ले ढुङ्गा, पोखरा

फोन : ५२३५४८

Downloaded from http://dhamma.digital/



श्रद्धेय भिक्षु विमलानन्द महास्थविरज्यूको

**७७ वर्ष ७ महिना ७ दिन पुगेको**

उपलक्ष्यमा

उहाँको सुख समृद्धि तथा दीर्घायु र आरोग्यको


साथै

सभक्ति अभिवादन चढाउँदछौं ।

**प्रज्ञा रत्न शाक्य**
पारमिता इन्जिनियरिङ्ग कन्सल्टेन्सी
नयाँ सदक, बुटवल
फोन : ५४०३२७

Downloaded from http://dhamma.digital/

# भिक्षु विमलानन्द महास्थविरको संक्षिप्त परिचय



नाम : विमलानन्द महास्थविर

ठेगाना : राजकीय बुद्ध विहार, लुम्बिनी

माता : श्रीमती चन्द्रमाया शाक्य

पिता : मोतिकाजी शाक्य

जन्ममिति : ५ जुन, १९२८

जन्मस्थन : पाल्पा, तानसेन

शिक्षा : एस. एल. सी. (१९४५) श्रीलंका

श्रामणेर प्रवज्या : सन् १९४६ फेब्रुअरी १६ तारिख वजिराराम विहार, श्रीलंका

उपसम्पदा : सन् १९५१-११-१३ आनन्दकुटी विहार, स्वयम्भू

उपञ्झाय : भिक्षु कोविद महास्थविर

उपाधि : अग्ग महासद्धम्म जोतिक धज, म्यानमार सन् २००४ मार्च, ५
श्रीलंकाबाट नेपालको धम्मरक्षित महानायक, २००५

योगदान : बौद्ध सम्मेलन, बौद्ध शिखर सम्मेलन, लुम्बिनी विकास कोषको उपाध्यक्ष, १९९६

विभूषण : प्रवल गोरखा दक्षिण बाहु

धम्मानुशासक : लुम्बिनी धर्मोदय समिति

कृति : त्रिरत्न वन्दना र विभिन्न पत्र पत्रिकामा लेख

भ्रमण : श्रीलंका, सिंगापुर, थाइल्याण्ड, बर्मा, इण्डिया, जापान

विहार संरक्षक : शाक्यमुनि विहार, लुम्बिनी
महाबोधि विहार, लहरे पिपल, पाल्पा, तानसेन

Downloaded from http://dhamma.digital/